# प्राथमिक विद्यालयमा आर्थिक स्रोतको परिचालनमा प्राधानाध्यापकको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन

(Ed.PM. 598) विषय अन्तरगत स्नात्तकोत्तर तह (एम.एड.)दोस्रो

वर्षको आवश्यकता परिपूर्तिका लागि तयार पारिएको

शोधपत्र


शोधकर्ता

भोगेन्द्र यादव

रोल नं. : १३५

परीक्षा सिम्बल नं. : १३००१७

त्रि.वि.दर्ता नं. : ८५३७-९४

शैक्षिक वर्ष: २०६५/०६६

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा


२०७१

त्रिभुवन विश्वविद्यालय

☎ ०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव**
**बहुमुखी क्याम्पस, सिरहा**

पत्र संख्या :-

चलानी नं. :-

मिति

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहामा अध्ययनरत स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षका छात्र श्री भोगेन्द्र यादवले **"प्राथमिक विद्यालयमा आर्थिक स्रोतको परिचालनमा प्रधानाध्यामपकको भूमिका"** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्रबाट म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनको लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति :.......................

सुरेन्द्र कुमार यादव

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
☎ ०३३-५२०३७८
०३३-५२००८२

पत्र संख्या :-
चलानी नं. :-

मिति

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहामा शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोश्रो बर्षका छात्र श्री भोगेन्द्र यादवद्धारा तयार गरिएको **"प्राथमिक विद्यालयमा आर्थिक श्रोतको परिचालनमा प्रधानाध्यापकको भूमिका"** शीर्षकको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. श्री चन्देश्वर यादव ............................
(विभागीय प्रमुख)

२. श्री सुरेन्द्र कुमार यादव ............................
(शोध निर्देशक )

३. श्री प्रा.डा.भूपेन्द्र हाडा ..............................
(बाह्य परीक्षक)

मिति :

# कृतज्ञता ज्ञापन

शोधपत्र शीर्षक अनुसार वास्तविक र यथार्थ रुपमा तयार गर्ने क्रममा आफ्नो अमूल्य समय र व्यस्तताका बाजजुद पनि आवश्यक मात्रामा सरसल्लाह, निर्देशन र सुझावहरु दिनुहुने शोध निर्देशक सुरेन्द्र कुमार यादव ज्यूप्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यलाई गहन सुझाव दिई मूर्तरुप दिन सहयोग गर्नु हुने विभागीय प्रमुख आदरणीय गुरु चन्देश्वर यादव ज्यूलाई विशेष कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनको क्रममा आवश्यक तथ्यांक उपलब्ध गराई सहयोग गर्नु हुने अध्ययन क्षेत्रका ८ वटा विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, वि.व्य.स. अध्यक्षहरु तथा सदस्यहरु, शिक्षकहरु, विद्यार्थी भाई-बहिनीहरु साथै जिल्ला शिक्षा कार्यालय सिरहालाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । यस अध्ययनको लागि आवश्यक स्रोत पुस्तक सहयोग पुऱ्याउने श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहाका क्याम्पस प्रमुख श्री रामहित यादवज्यूलाई धन्यवाद दिन चाहन्छु । यस अध्ययनको लागि उत्प्रेरित गर्ने स्नेही जीवन संगीनी सम्झना  कुमारी यादवलाई समेत धन्यवाद दिन चाहन्छु । मेरो यस अध्ययनलाई यो अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने हुने आदरणीय बाबा, आमा र जीवन संगीनी  तथा मेरो अध्ययनकोठालाई शान्त बनाई सहयोग गर्ने प्यारी छोरीहरु सँध्या र नन्दनी र छोरा राहुल (शुशान्त) लगायत यस शोधपत्रको कम्प्युटर टाइप र सेटिङ्ग कार्यमा सहयोग गर्नुहुने साथी सरोज कुमार यादव र अम्बिका प्रिन्टर्स एण्ड छापाखाना गोलवजारको गिरिराज रौनियारज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

# शोधसार

*प्रस्तुत अध्ययन **"प्राथमिक विद्यालयमा आर्थिक श्रोतको परिचालनमा प्र. अ. को भूमिका"** विषयमा तयार पारिएको छ । यस अध्ययनको मूल उद्देश्य सामुदायिक प्राथमिक विद्यालयमा आर्थिक श्रोतको परिचालनमा प्र. अ. को भूमिकाको खोजी गर्नु रहेको छ ।*

*यो अनुसन्धान परिमाणात्मक र गुणात्मक ढाँचामा तयार गरिएको छ । यस अध्ययनलाई अघि बढाउन प्राथमिक स्रोतहरु अन्तर्गत प्रश्नावली, अन्तरवार्ता, छलफल, अवलोकन फारमलाई प्रयोगमा ल्याइसकेको छ भने द्वितीय स्रोतको रुपमा विद्यालय अभिलेखमा पुस्तकहरु र विद्यालयबाट प्रकाशित जर्नलहरुलाई प्रयोगमा ल्याइएको छ । अध्ययन प्रधानाध्यापकका लागि प्रश्नावली, अभिभावकका लागि अन्तरवार्ता र विद्यार्थीहरुका लागि छलफल र विद्यालयका गतिविधिका लागि अवलोकन फारम जस्ता साधनको प्रयोग गरिएको छ भने विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट र सदस्यहरुबाट अन्तरवार्ता लिई तथ्यांक संकलन गरिएको छ । साथै विद्यार्थी, अभिभावकहरुसंग गरिएको अन्तरवार्ताबाट प्राप्त विषयवस्तु टिपोट गरी तथ्यांक संकलन गरियो । विभिन्न विधिहरु तथा साधनहरुबाट प्राप्त तथ्यांकलाई तालिकीकरण, तुलना, व्याख्या क्रममा तथ्यांक विश्लेषण सरोकारवाला पक्षहरुसँग छर्के प्रश्नहरु गरी व्याख्या गरेर तुलनात्मक ढंगले तथ्यांक विश्लेषण गरिएको छ ।*

*विद्यालयसँग सरोकार राख्ने पक्षको सहभागिता प्रभावकारी देखिएको छ । विद्यालयको चल, अचल सम्पत्ति बृद्धि गर्नमा समुदायको पनि साथ तथा सहयोग प्राप्त भएको पाइएको छ । प्रधानाध्यापकले शैक्षिक प्रशासनतर्फ सुधारात्मक कदमहरु चालेको पाइएको छ । विद्यालयले शिक्षक र विद्यालयको आचारसंहितालाई पालन गर्ने/गराउने परिपाटीतर्फ उन्मुख देखिएको छ । यस अध्ययनले लिएको उद्देश्य अनुरुप विद्यालयका आन्तरिक स्रोत र बाह्य स्रोतबाट प्राप्त आयलाई उल्लेख गर्दै यसको व्यवस्थापन तर्फ प्रधानाध्यापकले खेलेको भूमिकाको सन्दर्भमा विभिन्न शीर्षकहरु अन्तर्गत बुँदागत रुपमा प्रष्ट गर्ने प्रयासगरिएको अध्ययनको क्रममा विद्यालयको आन्तरिक रुपमा जग्गा, पोखरी, प्राकृतिक सम्पदा अन्तर्गत जंगल, सांस्कृतिक स्रोतको रुपमा गरिएको दण्ड, जरिवानाहरु रहेको पाइएको छ । यसबाट वार्षिक रुपमा विद्यालयमा आम्दानी प्राप्त भएको पाइएको छ ।*

*प्रधानाध्यापकले आर्थिक व्यवस्थापन गर्ने क्रममा भोग्नुपरेको समस्याहरु लेख्न सम्बन्धित कर्मचारी, राजनैतिक हस्तक्षेप, स्थायी आयस्रोतको कमी र स्रोत संकलनमा अप्ठ्यारो, सम्बन्धित आदि समस्याहरु भोग्नु परेको पाइएको छ । त्यसलाई हटाउनका लागि शान्ति, सुरक्षा, आर्थिक पारदर्शिता, लगानी अनुरुपको प्रतिफल तयार गर्ने जस्ता पक्षहरुमा जोड दिंदै अभिभावहरुलाई जनचेतनामूलक कार्यक्रमहरुमा जोड दिंदै अगाडि बढ्नु पर्ने देखिन्छ ।*

*यो अध्ययन विद्यालयको विभिन्न आर्थिक पक्षहरुलाई प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले यसले विद्यालयका आर्थिक कारोबार गर्नेहरु एवं यससँग रुचि राख्ने अन्य पक्षहरुलाई सहयोग गर्ने भएको छ ।*

# विषय- सूची

**सिफारिश पत्र** I

**स्वीकृत पत्र** II

**कृतज्ञता ज्ञापन** III

**सोधसार** IV-V

**परिच्छेद : एक** १-१५

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्ययनको औचित्य १३

१.४ अध्ययनका उद्देश्यहरू १४

१.५ अनुसन्धानात्मक प्रश्नहरू १५

१.६ अध्ययनको परिसीमा १५

१.७ सम्बधित शब्दाबलीको परिभाषा १५

**परिच्छेद : दुइ** १६-२४

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिकखाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १६

२.२ सैद्धान्तिक खाका २२

२.३ अनुसन्धानका लागि पुनरावलोकनको उपादेयता २१

**परिच्छेद : तीन** २५-३१

**अध्ययन बिधि र प्रक्रिया**

३.१ अनुसन्धानात्मक ढाँचा २५

३.२ अध्ययनको जनसंङ्ख्या तथा नमूना छनौट २६

३.३ तथ्याङ्कका स्रोतहरू २७

  ३.३.१ प्राथमिक तथ्याङ्कका स्रोहरू २८

  ३.३.२ द्वितीय तथ्याङ्कका स्रोतहरू २८

३.४ तथ्याङ्क अध्ययनका साधनहरू ३८

३.५ तथ्याङ्क संकलन प्रक्रिया ३०

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया ३०


## परिच्छेद : चार ३२-५६

## नतिजाको विश्लेषण

४.१ प्राथमिक विद्यालमा आन्तरिक स्रोतहरुको अवस्था ३२

४.१. १ जग्गा ३२

४.१. २ पोखरी ३५

४.१. ३ चन्दादाताबाट प्राप्त रकम ३६

४.१. ४ दातृ निकाय/स्थानीय निकाय ३८

४.१. ५ विद्यार्थी शुल्क ४९

४.१. ६ प्राकृतिक स्रोत/साँस्कृतिक सम्पदा ४०

४.१ ७ दण्ड जरिवानाबाट प्राप्त रकम ४१

४.१.८ फूलबारी/बगैंचाको आम्दानी ४१

४.२ प्राथमिक विद्यालयमा आन्तरिक स्रोत परिचालनमा प्र.अ.को भूमिका ४३

४.२.१ सहभागितामूलक निर्णय प्रक्रिया ४४

४.२.२ स्थानीय निकाय तथा दातृ निकायसगँ समन्वय तथा सहकार्य ४५

४.२.३ आर्थिक पारदर्शिता ४६

४.२.४ जिम्मेवारी बाँडफाँड ४७

४.२.५ विधालय सुधार योजना निर्माण ४७

४.२.६ अगुमन तथा मूल्यंकन ४८

४.२.७ स्रोत व्यवस्थापन तथा संकलन ४९

४.३ विधालयको आर्थिक स्रोत परिचालन तथा व्यवस्थापनमा देखापरेका समस्याहरु ५०

४.३.१ कर्मचारी नहुनु ५०

४.३.२ स्थायी आयस्रोतको कमी र संकलनमा अप्ठयारो ५१

४.३.३ राजनैतिक हस्तक्षेप ५२

४.३.४ समय व्यवस्थापन गर्न कठिनाई ५३

४.४ आर्थिक स्रोत परिचालन तथा व्यवस्थापन सम्बन्धी समस्या समाधानका उपायहरू ५४
४.४.१ राजनैतिक हस्तक्षेप कम गर्ने उपाय अवलम्बन गर्ने ५४
४.४.२ निर्णय कार्यान्वनमा तदारुकता ५५
४.४.३ आर्थिक पारदर्शिता ५५
४.४.४ लगानी अनुरुपको प्रतिफल तयार गर्ने ५६

**परिच्छेद : पाँच** ५८-६२

**निष्कर्ष तथा सुझावहरू**

५.१ निष्कर्ष ५८
५.२ सुझावहरू ६०
५.२.१ नीतिगत तह ६०
५.२.२ अभ्यास तह ६१
५.२.३ अनुसन्धान तह ६२

**सन्दर्भसूचीहरु**

**अनुसूचीहरू**

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वर्तमान समयमा बालबालिकाको शिक्षा तथा सामाजिकीकरणमा विधालयको ठूलो दायित्य छ। आजको जटिल समाजमा एउटा पूर्ण जीवन निर्वाह गर्नका लागि चाहिने ज्ञान,सीप तथा दक्षता हासिल गर्ने मुख्य स्थल नै विधालय हो। बालबालिकाहरुको सामाजिक, आर्थिक, शारीरिक, मानसिक, वौद्धिक तथा सम्पूर्ण व्यक्तित्वको विकासका लागि पूर्ण जिम्मेवार निकाय नै विधालय हो।

आर्थिक स्रोत व्यवस्थापन भन्नाले कुनै पनि संघ संस्थामा उपलब्ध हुने आर्थिक पक्षहरु तथा रकमहरुको उचित व्यवस्थापन र परिचालनलाई जनाउँछ। खास गरी विद्यालयको आर्थिक व्यवस्थापन भन्नाले विद्यालयमा प्राप्त हुने आन्तरिक तथा बाह्य रकमहरुको उचित परिचालन र व्यवस्थापनलाई बुझाउँछ। विद्यालयमा विभिन्न आयश्रोतहरु हुन्छन् तसर्थ ती स्रोतहरुको उचित पहिचान गरी आवश्यक पर्ने वा प्रयोगमा आउने स्रोतहरुको सदुपयोग गर्नुपर्ने सरोकारवाला पक्षहरुको प्रमुख दायित्व हुन आउँछ।

मानिसलाई समयानुकूल जीवन निर्वाह गर्न शिक्षाले ठूलो योगदान पुऱ्याएको हुन्छ। शिक्षा समयको माग हो। जबसम्म शिक्षाको विकास हुँदैन, तबसम्म देश विकासको कल्पनासम्म पनि गर्न सकिँदैन। समयको माग पुरा गर्न सक्ने किसिमको शिक्षा प्रदान गर्नु सरकारको दायित्व र जिम्मेवारी हो। विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षा दिन विद्यालयमा उपलब्ध आर्थिक, भौतिक, शैक्षिक, मानवीय स्रोत साधन एवं सेवा सुबिधाहरूको उचित व्यवस्थापन हुन आवश्यक छ। विद्यालय व्यवस्थापनका विविध पक्षहरूमध्ये आर्थिक पक्ष पनि एक महत्वपूर्ण पक्ष हो। जबसम्म विद्यालयको आर्थिक व्यवस्थापन सुदृढ हुँदैन तबसम्म शिक्षामा गुणस्तर कायम गर्न सकिँदैन।

शिक्षामा आवश्यक आम्दानीका स्रोतहरू जुटाउने विधि र त्यसको प्रभावकारी खर्चको बाँडफाँड समेटिएको शास्त्रलाई नै शिक्षाको वित्तशास्त्र भनिन्छ। शिक्षामा कति खर्च गर्ने ?

किन खर्च गर्ने ? शिक्षामा गरेको लगानीले विद्यालयमा कस्तो प्रभाव पारेको छ ? त्यसका कारणहरू र कमजोरीहरू पहिल्याई भावी दिनमा अपेक्षित उपलब्धि प्राप्त गर्न के कस्तो रणनीति र व्यवस्थापन गर्नेजस्ता प्रश्नहरूलाई उत्तरको संगालोको संगठितरूप नै शैक्षिक वित्तका विषयवस्तु हुन् (काफ्ले, गौंडेल र अधिकारी, २०६४) । अर्को अर्थमा कुनैपनि संगठनलाई आवश्यक पर्ने बिभिन्न साधन स्रोतहरू जस्तैः-मानव, पूँजी, यन्त्र तथा उपकरण, कच्चा पदार्थ, प्रविधि आदिको संकलन तथा त्यसको समुचित प्रयोग गरी अधिकतम प्रतिफल प्राप्तीका निम्ति गरिने सम्पुर्ण क्रियाकलापहरू नै व्यवस्थापन हो (गौतम, २०६८) ।

व्यक्ति तथा राष्ट्रको सर्वाङ्गीण विकासका लागि समसामयिक परिवर्तनलाई आत्मसात गरी विद्यालय शिक्षाको चुनौतीलाई सामना गर्न सही ढङ्गले व्यवस्थापन गरेर उपलब्धि हासिल गर्न आवश्यक देखिन्छ । विद्यालयको वित्तीय व्यवस्थापन पनि विद्यालय विकासको लागि महत्वपूर्ण प्रक्रिया मानिन्छ । विद्यालयलाई उचितढङ्गले संचालन गर्न त्यस विद्यालयमा उपलब्ध स्रोत साधनलाई समुचितरूपमा परिचालन गरी निर्धारित लक्ष्य प्राप्त गर्ने एक प्रक्रियागत सामुहिक प्रयास नै विद्यालय व्यवस्थापन हो । यसअन्तर्गत आर्थिक स्रोत व्यवस्थापन, भौतिक व्यवस्थापन, नियम कानुनको परिपालन, नीति निर्माण, सामाजिक परीक्षण लगायतका थुप्रै व्यवस्थापकीय कार्यहरू समेटिएको हुन्छ (शिक्षा विभाग, २०६७) ।

पूर्वीय सभ्यतामा वैदिक कालीन बशिष्ठको ‘नन्दिनी गाई’ र जमदग्निको ‘कामधेनु गाई’ अध्ययन प्रतिष्ठानका इतिहासहरूमा शिक्षामा वित्त कारोवारको अभ्यास भएको पाइन्छ । महाभारतकालीन इतिहासमा द्रोणाचार्यलाई पहिला तलबी गुरु मानिन्छ । ई.पू. ३०० मा सुमेरियनहरूले पैसा लिएर शिक्षा दिने परम्पराको थालनी गरेको पाइन्छ । ई.पू. ५९० तिर एथेन्स सहरमा पहिलो सार्वजनिक शिक्षा दिने संस्थाको व्यवस्था गरिएको थियो जसमा थोरै शुल्क लिने गरिन्थ्यो । भारतबर्षमा तक्षशीला विश्वविद्यालयले शिक्षाको ज्योति छरेको थियो जहाँ कौटिल्य जस्ता विद्यार्थीहरूले शिक्षा आर्जन गरेका थिए र पछि आचार्य भई अध्यापन गरेका थिए (पराजुली, २०६६) ।

वि.सं. १९१० मा दरबार स्कुलको स्थापना पश्चात् नेपालमा आधुनिक शिक्षाको थालनी भएको देखिन्छ । यस स्कुलको दैनिक प्रशासन, पठनपाठन खर्च के कसरी मिलाइएको थियो भन्ने कुराको त्यति स्पष्टता नपाइएता पनि विद्यालयको सुपरीवेक्षण, व्यवस्थापन र

संचालनको खर्च दरबारकै सरकारी कोषबाट बेहोरिएको हुनसक्ने अनुमान लगाउन सकिन्छ ( खनाल र आचार्य, २०६३) ।

वि.सं. १९३४ श्रावण १ गतेदेखि कम्पनी रु. २००।- का दरले तलब खाने गरी दरबार स्कुलमा हेडमास्टरको नियुक्ति गरिएको थियो । त्यसैगरी वि.सं. १९४३ साल आश्विन २१ गतेदेखि असिस्टेन्ट हेडमास्टरलाई सालको रु. २,४६०।- र दर्शन भेट रु. ३४।- पाउनेगरी नियुक्ति गरेको देखिन्छ । यसका अतिरिक्त देवशमशेरले सर्वसाधारण जनतालाई दरबार स्कुलमा भर्ना हुन प्रोत्साहित गरे तापनि त्यसको परिणाम अर्कै निस्क्यो । राणा र जनताका छोरा एउटै बेञ्चमा बस्न मानेनन् र स्कुल जानै छोडिदिए । त्यस बखत छोइछिटोको प्रथापनि रहेकोले दरबार स्कुलमा विद्यार्थी सङ्ख्या घट्न थाल्यो । सरकारले त्यस परिस्थितिको सामना गर्न दरबार स्कुलमा भर्ना हुन चाहने विद्यार्थीहरूलाई वर्षको ९ मुरी धान र महिनाको ५ रूपैँया भत्ता तथा फागु खेल्न केही खर्च र दिउँसो खाजा खुवाउन गुठीको समेत व्यवस्था गरेको थियो यस बेलादेखिनै सरकारी पक्षबाट लगानी गर्न थालिएको बुझिन्छ (शर्मा, २०५७) ।

काठमाण्डौं उपत्यका बाहिर आफ्ना केटाकेटीको पढाइमा सचेत अभिभावकहरूले विद्यालय चलाउने अभिप्रायले अनुमति बेगरपनि स्कुल खोली पठनपाठन गर्न थाले । यसै शिलशिलामा वि.सं. १९८६ मा आदर्श विद्यालयको स्थापना भयो । यस विद्यालयमा चन्दा संकलनगरी विद्यार्थीहरूलाई पढाउने व्यवस्था गरिएको थियो । यो विद्यालयलाई सरकारको तर्फबाट कम्पनी रु. ३,५००।- वार्षिक रूपमा ठेकिएको थियो । यस बाहेक कम्पनी रकम रु. १,२००।- थप भएमा चन्दा उठाउनु नपर्ने भनी श्री ३ का हजुरमा थप मद्दतका लागि जाहेर भई वि.सं. १९९५ सालदेखि उक्त रकमसमेत थप भई निकासा भएको पाइन्छ । पछि श्री ३ जुद्ध शमशेर समक्ष ठेकिएको निकासाबाट स्कुलको काम चलाउन मुस्किल परेको जाहेर भएपछि चन्दा दिन चाहनेसँग राजीखुसीले दिएको चन्दा लिए हुन्छ भनी हुकुम भएपछि विद्यालय शिक्षामा उद्योगपति, व्यापारी, साहु महाजन आदिको संलग्नता बढ्न थाल्यो (शर्मा, २०५९) ।

शिक्षाप्रति जनताको चासो बढ्दै गएपछि वि.सं.२००६ सालसम्ममा देशका विभिन्न स्थानमा जनस्तरबाटै खर्च बेहोर्ने गरी पब्लिक स्कुलहरू खुले । स्कुल चलाउन सक्ने आर्थिक व्यवस्थाको प्रत्याभूति नहुञ्जेल स्कुल स्वीकृत नहुने भएकोले आर्थिक संकलन, प्रचारप्रसार, चन्दा संकलन, विद्यार्थी बटुल्नेजस्ता कार्यहरू जनस्तरबाटै भयो । २००७ मा राजनैतिक

परिवर्तन भएपछि जनताले सम्भ्रान्त परिवारमा मात्र सीमित रहेको शिक्षालाई देशको कुनाकाप्चामा समेत पुग्नेगरी आ-आफ्नै जागरुकतामा धमाधम विद्यालयहरू खोले । त्यसबखत सरकारले विद्यालयको लागि आर्थिक सहयोग माग गर्न एउटा संयन्त्र बनाएको थियो (श्रेष्ठ, १९८०) ।

प्रजातन्त्र प्राप्ति पछि शिक्षालाई प्रजातन्त्रको मूल सिद्धान्त भनी स्वीकार गऱ्यो । परिमाणस्वरूप वि.सं.२००९ सालमा सरदार रुद्रराज पाण्डे सभापति रहेको शिक्षा समितिको प्रतिवेदन अनुसार विद्यालयहरूका निमित्त अनेकौं स्रोत जुटाएको थियो । केन्द्रीय सरकारले मालपोत, निकासी महसुल भन्सार, जङ्गल शुल्क, जीवनोपयोगी चीजहरू र अरु किसिमका करहरूबाट हुने विकासका लागि सामान्य आम्दानीबाट २००९-१० सालका निम्ति लगभग १८ लाख रूपैँया (२,२५,००० डलर) छुट्टाइएको थियो । मोटामोटी रूपमा त्यस बखतको सरकारी सहायता सरकारी अङ्ग्रेजी विद्यालयको लागि रु.२ लाख, आधार पाठशालाको लागि रु.३ लाख, सरकारी संस्कृत भाषा पाठशालाको लागि रु.४ लाख, महाविद्यालयहरूका लागि रु.२ लाख, सहायता र दानका लागि रु.३ लाख, सरसामानका लागि रु.२ लाख, प्रबन्धकीय खर्चका लागि रु.२ लाख वितरण गरिएको थियो जसको व्यवस्थापन सरकार आफैंले गरेको थियो । यसरी शैक्षिक इतिहासमा वित्त कारोबार भएतापनि त्यो व्यवस्थित रहेको पाइदैन ( खनाल र आचार्य, २०६३) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षाको लगानीमा एउटा नीतिगत मार्ग दियो । सो योजनामा उल्लेख भएअनुसार भवन, फर्निचर र अरु खर्चका लागि विद्यालयको स्थानीय स्रोतबाट खर्च उठाउनु पर्ने प्रावधान राख्यो । सरकारले आर्थिक सहायता दिने आधार चाहिँ विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या, शैक्षिक कार्यक्रम, अतिरिक्त क्रियाकलाप र परीक्षाको परिणाम प्रमुख रह्यो । स्थानीय सहयोगलाई प्रोत्साहन हुने गरी आर्थिक अनुदान उपलब्ध गराउने नीति बन्यो । योजनाअनुसार तोकिएका दुर्गम स्थानका प्राथमिक विद्यालयहरूमा शिक्षकको तलब र अरु खर्च पनि सरकारले ब्यहोर्ने नीति थियो । त्यसैगरी तोकिएको दुर्गम स्थानमा निम्न माध्यमिक विद्यालयका शिक्षकको सम्पूर्ण तलब सरकारले बेहोर्ने र अरु ठाउँको शिक्षकका तलब भत्ताको ७५ प्रतिशतमात्र सरकारले बेहोर्ने व्यवस्था थियो । माध्यमिक शिक्षकको हकमा तोकिएको दुर्गम स्थानका साधारण माध्यमिक विद्यालय तथा व्यवसायिक माध्यमिक विद्यालयका शिक्षकहरूको पूरै तलब सरकारले बेहोर्ने र अरु ठाउँका व्यवसायिक

माध्यमिक विद्यालयहरूको शिक्षकको ७५ प्रतिशत र साधारण माध्यमिक विद्यालयका शिक्षकको ५० प्रतिशत तलब खर्च सरकारले बेहार्ने व्यवस्था मिलाइएको थियो (अधिकारी, २०६०) ।

विभिन्न समयमा नेपालको शिक्षा क्षेत्रमा गरिएको लगानीको स्थितिलाई हेर्दा आ.व. २०३२/०३३ मा रु. ३२ करोड सरकारी लगानी थियो भने आ.व. २०४२/४३ मा रु. १ अर्ब ९ करोड थियो । सरकारले आ.व. २०४७/०४८ मा रु. २१० करोड खर्च गरेको थियो । यसरी २०३२ सालदेखि २०४७ सालसम्ममा सरकारले शिक्षा क्षेत्रको खर्चमा वार्षिक ८.४ प्रतिशतका दरले वृद्धि गरेको देखिन्छ । त्यस्तै २०३१/०३२ मा कूल ग्राहस्थ उत्पादनको ०.९ प्रतिशतमात्र शिक्षा क्षेत्रमा खर्च भएकोमा २०४५/०४६ मा यो प्रतिशत बढेर २.२ प्रतिशत पुगेको देखिन्छ । त्यस्तै  शिक्षाको तहगत खर्चअन्तर्गत प्राथमिक शिक्षातर्फ आ.व. २०३५/०३६ मा २८ प्रतिशत, २०४५/०४६ मा ४५ प्रतिशत र आ.व. २०४८/०४९ मा ४९.३ प्रतिशत रकम छुट्टाइएको थियो । माध्यमिक शिक्षातर्फ आ.व. २०३५/३६ मा २१.४ प्रतिशत, २०४५/४६ मा १६.३ प्रतिशत र आ.व. २०४८/४९ मा १३.२ प्रतिशत रकम छुट्टाइएको थियो ( राष्ट्रिय शिक्षा आयोग,२०४९) ।

आ.व. २०६०/०६१ मा कूल सरकारी बजेटको ११.८७ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरिएकोमा आ.व. २०६४/६५ मा कूल बजेटको १७ प्रतिशत शिक्षा क्षेत्रलाई विनियोजन गरेको देखिन्छ । यसरी २०६०/०६१ को तुलनामा २०६४/०६५ मा शिक्षामा थप ३.१३ प्रतिशत लगानी बढाएको पाइन्छ । शिक्षालाई विनियोजन गरिएको बजेट आ.व. २०६०/०६१ मा प्राथमिक तहमा ५५.०३ प्रतिशत र माध्यमिक तहमा २०.६५ प्रतिशत विनियोजन गरिएकोमा आ.व. २०६४/०६५ मा सो प्रतिशत वृद्धि भइ प्राथमिक तहमा ५६.५० प्रतिशत र माध्यमिक तहमा २१.२५ प्रतिशत पुगेको पाइन्छ । यसरी आ.व. २०६०/०६१ को र आ.व. २०६४/०६५ को बजेट अध्ययन गर्दा शिक्षा क्षेत्रमा लगानी प्रतिशत वृद्धि गरिएको देखिन्छ ( शिक्षा विभाग, २०६५) ।

शिक्षा क्षेत्रमा विनियोजित रकमको तहगत बाँडफाँड वि.सं. २०५० देखि २०५४ सालसम्म पाँच वर्षको अन्तरालमा परिवर्तन भई प्राथमिक शिक्षामा सरकारी लगानी ४५ प्रतिशतबाट बढेर ५५ प्रतिशत पुग्यो । माध्यमिक शिक्षामा १८ प्रतिशतबाट बढेर २४ प्रतिशत र उच्च

शिक्षातर्फ भने २८ प्रतिशतबाट घटेर १९ प्रतिशत कायम भएको देखिन्छ । प्रतिवेदन अनुसार स्वीकृत प्राप्त दरबन्दीका सम्पूर्ण शिक्षकहरूको तलब, भत्ता, स्थायी शिक्षकहरूको हकमा औषधोपचार, जीवन बीमा, उपदान, निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण तथा प्रशासनिक खर्च वापत विद्यार्थी सङ्ख्याको आधारमा वार्षिक रु. ८,५००।- देखि रु. १६,०००।- सम्म अनुदान र १२ कक्षा संचालन भएका उच्च माध्यमिक तहको विद्यालयलाई वार्षिक लगभग रु. ३५,०००।- उच्च माध्यमिक शिक्षा परिषद् मार्फत र उच्च शैक्षिक संस्थामा विश्वविद्यालय अनुदान आयोग मार्फत् आर्थिक अनुदान दिने व्यवस्था रहेको थियो । यसका अलवा आयोगले शिक्षा क्षेत्रलाई उपलब्ध साधनहरूबाट तलब भत्ताका लागि ७० प्रतिशत र पहुँच तथा शैक्षिक गुणस्तरका लागि ३० प्रतिशतका दरले रकम बाँडफाँड गर्नुपर्ने कुरा औंल्याएको थियो । अर्थात् कूल ग्राहस्थ उत्पादनको ३.४ प्रतिशत वा कूल सरकारी बजेटको १७ प्रतिशत शिक्षामा लगानी गर्न सिफारिस गरेको थियो - शिक्षा विभाग, २०५५) ।

विद्यालय केन्द्रित व्यवस्थापनलाई लागू गराउन बढी उत्तरदायित्व दिनका लागि एउटा स्पष्ट परिमार्जित, नियन्त्रणकारी संयन्त्रको आवश्यकता पर्ने भएकाले विद्यालयलाई सशक्त बनाउन र अभिभावक तथा स्थानीय समुदायका सदस्यहरूको भूमिका बढाउन विद्यालय सुधार योजना प्रक्रियाको थालनी गरिएको छ । सरकारले विद्यालयले तयार गरेको सुधार योजनालाई आंशिक रूपमा सहयोग गर्ने उद्देश्यले विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६१ पनि जारी गरेको छ । उक्त निर्देशिकाअनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयलाई प्रशासनिक खर्च शीर्षकमा क्रमशः रु.११,०००।-, १३,०००।- र २१,०००।- एवम् मसलन्द शीर्षकमा प्राथमिक तहका लागि प्रतिवर्ष प्रति शिक्षक रु. ३००।- का दरले र निम्न माध्यमिक र माध्यमिक तहका लागि रु. ५००।- का दरले अनुदान दिने व्यवस्था गरेको छ । यसैगरी शतप्रतिशत शिक्षक तलब भत्ता अनुदान बाहेक साधन सहयोग शीर्षकअन्तर्गत प्राथमिक, निम्नमाध्यमिक र माध्यमिकतर्फ प्रतिवर्ष क्रमशः रु. ५३,३००।-, ६६,३००।- र ९७,०००।- दिने व्यवस्था गरेको छ । यसका साथै सरकारले प्राथमिक तहका विद्यालयलाई विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी रु. १७५।- देखि रु. २५०।- सम्मका दरले विद्यालय सुधार योजनाका लागि अनुदान दिने व्यवस्था गरेको छ । निम्न माध्यमिक र माध्यमिक तहका विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति, निःशुल्क छात्रवृत्ति, दलित छात्रवृत्ति, द्वन्द्वपीडित छात्रवृत्ति वापत क्रमशः रु. ७००।-, १,७००।-, ५,०००।- र ७,२००।- का दरले कोटाअनुसार वितरण गर्ने व्यवस्था गरेको छ (शिक्षा मन्त्रालय, २०६१) ।

शिक्षा नियमावली २०५९ को नियम ९४ मा प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारअन्तर्गत बुदाँ नं. 'ब' मा व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय-व्ययको हिसाब राख्ने तथा राख्न लगाउने व्यवस्था गरिएको छ । त्यस्तै शिक्षा नियमावली २०५९ को नियम १६८ मा प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी वर्षको बजेट तयारगरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एकप्रति जिल्ला शिक्षा कार्यालयमा समयमा नै पठाउनु पर्नेछ भनी व्यवस्था गरेको छ । त्यस्तै नियम १७० को १ मा सबै किसिमका विद्यालयले विद्यालयको आय-व्ययको लेखा अनुसूची २३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ जसमा १० प्रकारका लेखा श्रेस्ताको ढाँचाको नमुना दिइएको छ । नियम १७० को २ मा विद्यालयको आय-व्ययको लेखा, बिल, भरपाईलगायत आवश्यक कागजात राख्ने काम, विद्यालयको रकम खर्च गर्ने अधिकार प्राप्त अधिकारीको हुनेछ भनी व्यवस्था गरेको छ । यस व्यवस्थाले विद्यालयको वित्तीय व्यवस्थापनलाई सरल बनाउन खोजिएको छ (शिक्षा मन्त्रालय, २०६५) ।

नेपाल सरकारले अंगिकार गरेको बिकेन्द्रीकरणको अवधारणा बमोजिम शिक्षा ऐन, २०२८ को सातौं संशोधन २०५८ मार्फत सामुदायिक विद्यालयको व्यवस्थापनमा समुदायलाई अधिकार सम्पन्न बनाउने व्यवस्था गरेको छ । विद्यालयको वित्तीय व्यवस्थापनमा सरोकारवालाको भूमिका अझै सुदृढ गर्ने र सो मार्फत शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायबाट नै गर्ने गरी जिम्मा दिने नीति सरकारले अघि सारेको छ । यो नीति लागू गर्न सामुदायिक विद्यालय सहयोग कार्यक्रम पनि संचालन गरिदै आएको छ । सामुदायिक विद्यालयमा सरोकारवालाको संलग्नता बढाउने, पहुँच, गुणस्तर तथा सक्षमता अभिबृद्धि गर्ने र विद्यालय व्यवस्थापनमा पारदर्शिता कायम गरी सबैको जिम्मेवारी बोध गराउनु रहेको छ (शिक्षा मन्त्रालय, २०५९) ।

वर्तमान शिक्षामा सरकारी वित्तीय प्रणाली यथावत रहेपनि विद्यालय शिक्षाको हकमा भने २०५८ माघ २५ गतेको शिक्षा ऐनको सातौँ संशोधनले विद्यालयलाई सरकारी अनुदान पाउने र नपाउनेगरी दुई वर्गमा विभाजनगरी प्राथमिक शिक्षा पूर्णतया निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ । सरकारले प्राथमिक शिक्षामा लगानी बढाइरहेको छ । सबैलाई शिक्षाको अवसर दिन यसको निरन्तरता हुनु जरुरी छ । विद्यालय संचालनका लागि आवश्यक पर्ने स्रोत साधनको अनुमानित योजना स्वीकृत गरी गराई परिचालन गर्ने कार्यमा प्रधानाध्यापक र

विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुन्छ । सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन सम्बन्धी कानूनी काम कर्तव्य पनि तोकिएको छ । विद्यालय संचालनका लागि आवश्यक पर्ने श्रोत र साधनको परिचालन, चल अचल सम्पतिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने, विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने, विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने काम कर्तव्य र अधिकार तोकिएको छ (शिक्षा मन्त्रालय, २०६५) ।

राष्ट्रको समग्र विकास शिक्षामा नै भरपर्ने हुँदा शिक्षामा दीर्घकालीन लगानीका लागि दिगो स्रोत हुनु जरुरी हुन्छ । यसो नभएमा आधारभूत शिक्षा सबैको पहुँचमा र उच्च शिक्षामा लागत आपूरणको सिद्धान्त लागू गर्न सकिँदैन । कूल सरकारी खर्चको १५ प्रतिशत, २० प्रतिशत वा सोभन्दा बढी एकोहोरो सरकारी शैक्षिक खर्चले मात्र शिक्षाको लक्षित उद्देश्य टाढै रहन्छ । अर्को कुरा शिक्षामा परिवारले गरेको खर्च जस्तै किताब, कापी, कपडा, कलम, विभिन्न शुल्कहरूको कुनै लेखाजोखा नै छैन । यदि यी खर्चहरू समेत जोड्ने हो भने शिक्षामा कूल ग्राहस्थ उत्पादनको धेरै भाग खर्चिएको देखिन्छ । आठौँ पञ्चवर्षीय योजनामा शिक्षा क्षेत्रमा १७२९ करोड, नवौंमा १४४०.५ करोड र दशौंमा १८८०.०१ करोड लगानी भएको पाइन्छ भने अन्तरिम त्रिवर्षीय योजनामा शिक्षामा रु. ३५३५ करोड लगानी गरिएको पाइन्छ ( राष्ट्रिय योजना आयोग, २०५९) ।

शिक्षाको गुणस्तर बृद्धिका लागि विद्यालय आर्थिकरूपमा सक्षम हुनुपर्छ । प्रायः नेपालका सामुदायिक विद्यालयहरू आर्थिक स्रोत र साधनले सम्पन्न छैनन् । सरकारी अनुदान, गैर सरकारी संस्था र स्थानीय निकायले दिएको सहयोग रकम विद्यालयहरूको आम्दानीको स्रोत भएको देखिन्छ । समुदाय तथा सरोकारवालाहरूले सामुदायिक विद्यालयलाई आर्थिक स्रोत र साधनले सम्पन्न बनाउन स्थानीय श्रोतहरूको पहिचान तथा परिचालन गर्न नसकेको अवस्था छ भने अर्कोतिर स्रोत र साधनले सम्पन्न सामुदायिक विद्यालयहरूले सही रूपमा आम्दानी खर्चको हिसाव किताव सवैले देख्ने बुझ्ने गरी लेखा राख्न नसकेको अवस्था छ ।
विद्यालयलाई आर्थिकरूपमा सक्षम बनाउन स्रोत पहिचान तथा परिचालन गर्न सक्ने क्षमता र वित्तीय व्यवस्थापन तथा लेखा सम्बन्धी ज्ञान र सीपको कमी विद्यालय व्यवस्थापकहरूमा रहेको, लेखा सम्बन्धि दक्ष कर्मचारीको दरबन्दी नभएको, शिक्षा नियमावलीले तोकेको लेखा

श्रेस्ताको ढाँचामा लेखा नराखी परम्परागत ढाँचामा नै आर्थिक कारोवार गर्ने चलन रहेको, सामाजिक परीक्षण हुन नसकेको समस्याहरू वित्तीय व्यवस्थापनमा भोग्नु परिरहेको अवस्था छ । यसै पृष्ठभूमिको सेरोफेरोमा रही सर्लाही जिल्लाका सामुदायिक विद्यालयहरूको वित्तीय व्यवस्थापनका बारेमा यो शोध अध्ययन गर्न लागिएको हो ।

विद्यालयको आीर्थक व्यवस्थापकको ठूलो भूमिका हुन्छ । प्रधानाध्यापक र विद्यालयमा नाविक भै हुन्छ । जसरी एउटा कुशल नागरिकले डुङ्गालाई नदीमा पार लगाउँछ त्यस्तै विद्यालयको आर्थिक स्रोत खोजी, बृद्धि, प्रयोग र संरक्षण गर्ने जस्ता महत्वपूर्ण कार्यहरु प्रधानाध्यापकले गर्नु पर्दछ । नेपालको सन्दर्भमा शैक्षिक विकास र विद्यालयको आर्थिक स्थिति बारे हेर्दा पृथ्वीनारायण शाहको प्रवेश हुँदा काठमाडौं उपत्यका बाहेक अन्यत्र शिक्षाको त्यति प्रसार हुन सकेको थिएन । पृथ्वीनारायण शाहले सैनिकका छोरालाई सैनिक शिक्षा तथा बुद्धिमान सिंहलाई फारसी भाषा अध्ययन गर्न मासिक २०।- रुपैयाँ छात्रवृत्ति दिएर भारत पठाएका थिए । उनले दिव्योपदेशको माध्यमबाट उच्च आदर्श र शिक्षा प्रतिको विचार व्यक्त गरेको पाईन्छ । यस समयमा सैनिकका छोरालाई शिक्षा दिक्षा राज्यकै लगानीमा आवश्यकता अनुरुप विद्यालयको आर्थिक व्यवस्थापन गरेको पाइन्छ ।

वि.सं. १९१० असोज २७ गते जङ्गबहादुर राणाले आफ्नो सन्तानलाई पढाउन अंग्रेजी प्रारम्भिक स्कुल दुई जना अंग्रेज शिक्षकहरु बेलायतबाट ल्याएर आफ्नो थापाथली दरबारको दाखचोक अगाडीको भुई तल्लामा स्थापना गरिएको थिए । यस विद्यालयमा जनताको पहुँच थिएन । वि.सं. १९४२ सालदेखि प्रधानमन्त्री वीर शमशेरका पालामा दरबार स्कुलमा सर्वसाधारण जनताका छोरा पनि प्रवेश पाउने भए । देव शमशेरले सर्वसाधारण जनताका छोरालाई दरबार स्कुलमा भर्ना हुन प्रोत्साहन दिएका थिए । वर्ग र जाति विदेभले दरबार स्कुलमा विद्यार्थी संख्या बिल्कुलै घट्यो । सरकारले त्यस परिस्थितिको सामना गर्न दरबार स्कुलमा भर्ना हुन चाहने विद्यार्थीलाई वर्षको ८ मुरी धान र महिनाको ५ रुपैया भत्ता समेत दिएको थियो । साथै विद्यार्थीहरुलाई फागु खेल्न केही खर्च र दिउँसो खाजा खुवाउन गुठीको समेत व्यवस्था भएको थियो ।

वीर शमशेरका बाबु धीर शमशेर वैद्धिक धर्म, परम्परा र कर्मकाण्डमा श्रद्धा र विश्वास राख्ने हुनाले रानीपोखरी पाठ्शाला खुलेपछि उपत्यकाका बाहिर पहाड पर्वतबाट पनि छात्रहरु आएर

पाठशालामा पढ्न पाउन भन्ने भावना उनमा आएको थियो । त्यसैले धीर शमशेरले ५४ जना ब्राम्हणहरुलाई नित्य भोजन गराई बैद्धिक शिक्षा दिन वि.सं. १९४१ साल वैशाख १ मा उपत्यका भित्र काठमाडौं, पाटन, भक्तपुर र उपत्यका बाहिर बारा, रौतहट आदि जिल्लाक विभिन्न ठाउँमा जग्गा संकलन गरी गुठी राखी तीनधारा पाठशालाको पूर्वाधार खडा गरी दिएका थिए ।

चन्द्र शमशेरको निरंकुश शासनमा बिना स्वीकृति पाठ्शाला खोल्ने पाइदैनथ्यो । आफूले खोलेको पाठशालाले स्वीकृति नपाउँदा उनका ज्वाई जयपृथ्वी बहादुर सिंह काठमाडौं छाडी बझाङ्ग नै बस्न गए । बझाङ्गमा आफ्नो राज्यको आयस्रोत र अंश भत्ताबाट शिक्षकको तलब, विद्यार्थीहरुलाई कापी, किताब, मसलन्द, भान्से, टहलुवा र दर्जीको दरबन्दीमा रु. १ हजार खर्च व्यहोर्ने गरी सम्वत् १९७० सालमा सत्यवादी प्राइमरी पाठ्शाला नक्सालबाट बझाङ्ग स्थित जयपृथ्वी नगरको आफ्नो दरबारमा सारेका थिए । त्यहाँ उनले आफ्ना भाई अमर बहादुर सिंहलाई हेडमास्टमा भर्ना गरी बझाङ्गमा शिक्षा प्रचारको सुरुवात गरेको थियो । वि.सं. १९९६ साल आश्विन १५ गते रोज १ का दिन श्री जुद्धोदय पब्लिक हाई स्कुलले विद्यालयलाई सहयोग गर्न चाहने महानुभावहरुलाई ठूलो मौका भनी प्रकाशित विवरण पत्रमा विद्यालयको भौतिक अवस्थालाई यसरी प्रस्तुत गरेको छ । संचालन वर्ग, विवरण, कक्षा, मासिक फि, विद्यार्थी संख्या, शिक्षक विवरण, कर्मचारी विवरण, आर्थिक अवस्था, स्कुल घर, पर्या संचालक र मास्टर वर्गको आशालाइ उल्लेख गरेको पाइन्छ ।

वर्तमान परिप्रेक्षमा सामुदायीक विद्यालयहरुको स्रोतहरु जस्तैः चन्दादाताबाट प्राप्त रकम तथा जग्गा, चल सम्पत्ति, विद्यार्थीबाट उठाइने शुल्क र स्थानीय रुपमा रहेको सार्वजनिक पोखरी तथा सम्पदाहरु विद्यालयको मातहतमा रहने गरेको पाईन्छ । शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ मा पनि विद्यालयको सम्पत्ति संरक्षणका लागि जिल्ला स्तरीय रुपमा विद्यालय सम्पत्ति संरक्षण समितिको व्यवस्था गरेतापनि समितिको भूमिका सक्रिय देखिदैन । हामम्रो नेपालको सन्दर्भमा सामुदायिक विद्यालयहरुको चौतर्फी विकास तथा स्रोत व्यवस्थापनको प्रमुख दायित्व अभिभावक वर्गमा थुपारिएको पाइन्छ । अभिभावकको निर्णय अनुसार गठन हुने विद्यालय व्यवस्थापन समितिले यी स्रोतहरुको पहिचान गरी व्यवस्थापन गर्ने जिम्मेवारी रहेको छ । कतिपय विद्यालयमा विद्यालयको स्रोतहरु पर्याप्त मात्रमा भएतापनि विद्यालय व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला पक्षको निष्क्रियताले गर्दा लथालिङ्ग

अवस्थामा रहेको समेत पाइन्छ । विद्यार्थीहरुबाट लिइने शुल्कहरु समेत सम्बन्धित शीर्षकमा खर्च गरिएको पाइदैन । विद्यालयको सरकारी अनुदानको रुपमा प्राप्त हुने स्रोतहरु जस्तैः तलब भत्ता, पि.सी.एफ. अनुदान, पाठ्यपुस्तक वापतको रकम, छात्रवृत्तिको रकम, विद्यालय सुधार योजनाको रकम, मसलन्द खर्च तथा कर्मचारी व्यवस्थापन खर्चहरु साझा अनुदानको रुपमा सामुदायिक विद्यालयहरुमा प्राप्त हुने नै गर्छ । जुन रकम विद्यालयको प्र.अ.हरुले प्रक्रिया पुऱ्याई खर्च गर्ने गर्दछन् । कतिपय विद्यालयहरुमा तोकिएको मापदण्ड अनुसार खर्च नगरेको कारण आर्थिक हिनामिना समेत भएको पाइन्छ ।

यसरी विद्यालयको आर्थिक व्यवस्थापन एक गहन कार्य हो । सो कार्यको प्रमुख पात्र प्रधानाध्यापक हुन्छ । विद्यालयको आर्थिक व्यवस्थापन प्रधानाध्यापकको विशेष भूमिका हुनुपर्दछ ।

## १.२ समस्याको कथन

नेपालको शैक्षिक लगानीको इतिहास हेर्दा शैक्षिक संस्थाहरूको सरकारीकरण र शून्य लागत आपुरण गरी दुई किसिमको परिपाटी देखिन्छ । नेपालको शिक्षामा एकै किसिमको शैक्षिक लगानी भएको देखिँदैन । लगानीको दृष्ट्रिकोणले सरकारी अनुदान प्राप्त सरकारी संस्था, आंशिक अनुदान प्राप्त शिक्षण संस्था र नाफाको उद्देश्यले स्थापित निजीस्रोतबाट सञ्चालित शिक्षण संस्थागरी तीन किसिमका शिक्षण संस्थाहरू देखिन्छन् । नेपालको सामुदायिक विद्यालयहरुमा आर्थिक व्यवस्थापन एक समस्याको रुपमा रहेको छ । प्रायःजसो विद्यालयहरुमा आर्थिक व्यवस्थापनको किचोलोले गर्दा प्रधानाध्यापकहरुको भूमिकामा उतार चढाव आएको देखिन्छ । विद्यालयहरुमा द्वन्द्व, विवाद जस्ता नकारात्मक पक्षहरु यथेष्ट मात्रामा पाइएको छ । अध्ययन गरिएका विद्यालयहरुमा आयस्रोत न्यून हुनु भएको आयस्रोत संकलनमा कठिनाइ हुनु साथै संकलित आयस्रोतको प्रधानाध्यापकबाट उचित व्यवस्थापन नहुनु समस्याको रुपमा प्रष्टिएको छ ।

यसरी नेपालका अधिकांश विद्यालयहरु आर्थिक समस्याबाट ग्रसित रहेका छन् । शिक्षाको राष्ट्रिय उद्देश्यले तय गरेको जनशक्ति उत्पादनको स्तरलाई पूरा गर्न देशको आर्थिक तथा प्राविधिक कारणले हुन सकिरहेको छैन । नेपालका सामुदायिक विद्यालहरुको भौतिक अवस्थामा सुधार गर्न नसकेको कारण संस्थागत विद्यालयहरु तर्फ अभिभावक आकर्षित भई यी

विद्यालयहरु अन्नगिन्ति रुपमा विस्तार भइरहेको छ । यो सामुदायिक विद्यालयको आर्थिक पक्षमा गरिएको अनुदान सहयोगमा बृद्धि गरी यसको उचित व्यवस्थापनको लागि पनि स्थानीय सरोकारवाला पक्ष लगायत शैक्षिक प्रशासनलाई व्यवस्थित गर्न अति आवश्यक देखिन्छ । धेरैजसो सामुदायिक विद्यालयका अभिभावक वर्ग पनि कमजोर आर्थिक अवस्थाबाट गुज्रिरहेका अवस्थामा समुदायबाट आन्तरिक अर्थिक स्रोत जुटाउन नसक्ने अवस्था पनि देखिन्छ । आर्थिक अवस्थाले सवल अभिभावकहरु संस्थागत विद्यालय तर्फ झुकाव दिएकोले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक स्रोत जुटाउन खासै नसकेको स्थिति रहेको छ । विद्यार्थीहरुबाट विगतमा लिइने शुल्कहरु पनि हाल कक्षा १० सम्म निःशुल्कको घोषणा गरेकोबाट विद्यालयको आन्तरिक आयस्रोत एक मात्र चन्दादाता र सरकारी अनुदानमा निर्भर रहेको अवस्था छ । यसरी यो एउटा प्रमुख समस्याको रुपमा विद्यमान रहेको हुँदा यस शिर्षकमा अध्ययनको समस्याको रुपमा लिई अध्ययन कार्य अगाडि बढाएको छ ।

शिक्षा निःशुल्क भएको अवस्थामा आन्तरिक आयस्रोत नबढी रहेकोले विद्यालय व्यवस्थापनमा समस्या हुन आएको देखिन्छ । आर्थिक व्यवस्थापनमा सरोकारवाला पक्ष प्र.अ. र वि.व्य.स. समिति जबसम्म जिम्मेवार र उत्तरदायी बन्दैन तबसम्म विद्यालयको आर्थिक व्यवस्थापन तथा परिचालन प्रभावकारी नहुने देखिन्छ र यो समस्याको रुपमा छ ?

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययनले विद्यालयको आर्थिक पक्षसँग सरोकार राख्ने सम्पूर्ण पक्षहरुको सम्बोधन गर्ने जमर्को गरेको छ । विद्यालयका आर्थिक स्रोतहरुको पहिचान, संकलनमा जटिलता र समाधानका उपायहरु साथै प्राथमिक विद्यालयमा आर्थिक श्रोतको परिचालनमा प्र. अ. को भूमिकाको भूमिका बारे प्रकाश पार्ने एक सामग्रीको रुपमा रहने उक्त सहयोगी पाठ्यवस्तु हुनेछ । विद्यालय समुदायमा स्थापित संस्था हो । यसको चौतर्फी विकासमा टेवा पुर्‍याउनु सरकारी अनुदानको भरमा मात्र निर्भर नरही सामाजिक लगानीको अपरिहार्यता हुन्छ । विद्यालयहरुमा भएको वर्तमान लगानीको अवस्था के कस्तो छ ? विद्यालयहरुमा आर्थिक लगानी बढाउन कसरी सकिन्छ ? लगानी अनुरुपको प्रतिफल प्राप्त गर्न के कस्तो रणनीति अवलम्बन गर्नु पर्दछ ? जस्ता पक्षहरुमा विचार पुर्‍याउनु पर्ने हुन्छ । समय अनुसार शिक्षाको विस्तार गर्न शैक्षिक क्षेत्रमा लगानीको क्रमलाई निरन्तरता दिनु पर्दछ । विद्यालयहरुको

आन्तरिक आयस्रोत बढाउन समुदाय स्तरबाट आफ्नो भूमिका सक्रिय तुल्याउनु पर्दछ । लगानीको अनुसारको उपलब्धी विद्यालयले समुदायलाई प्रदान गर्न सक्नु पर्दछ । विद्यालयको प्र.अ.ले प्रमुख जिम्मेवारी व्यक्तिको रुपमा रहेकोले निजले इमान्दारिताका साथ समुदायको विद्यालय प्रतिको लगानी रकम र अन्य आयस्रोतबाट प्राप्त रकमलाई उचित व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्राप्तीको लागि प्रयासरत रहनुपर्ने जस्ता पक्षहरुको वर्णनात्मक र विवरणात्मक पाठ्यसामग्रीको रुपमा रहने यसको औचित्य हो ।

यस शोधले विद्यालयहरुमा प्राप्त हुने आन्तरिक स्रोतको व्यवस्थापन प्रभावकारी ढंगले भएमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न, विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधार गर्न, समुदाय र राष्ट्रको लागि आवश्यक सवल जनशक्ति उत्पादन गर्न, अन्तर्राष्ट्रिय स्तरको गुणस्तरयुक्त शिक्षा प्रदान गर्न, सरोकारवालाहरु सन्तुष्ट हुन एवम् आर्थिक लगानीको क्षेत्र पहिचान गरी उपयोग गर्न मद्दत पुऱ्याउँछ । यस अध्ययनले शिक्षासँग सम्बद्ध शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालयसँग सरोकारवाला पक्षहरु, शिक्षाविद्हरु, प्रशासक, स्थानीय बुद्धिजीवि, जनप्रतिनिधि एवम् सरोकारवालाहरुको लागि राज्यको शैक्षिक नीति निर्माणकर्ताहरुलाई र विद्यालयको आर्थिक व्यवस्थापन बारे प्र.अ. लगायत चासो राख्ने सम्पूर्ण पक्षहरुलाई जानकारी तथा सन्दर्भ सामग्रीको रुपमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् ।

१) प्राथमिक विद्यालमा आन्तरिक स्रोतहरुको अवस्था पहिचान गर्नु ।

२) प्राथमिक विद्यालयमा आन्तरिक स्रोत परिचालनमा प्र.अ.को भूमिका विश्लेषण गर्नु ।

३) आर्थिकस्रोत परिचालन तथा व्यवस्थापनमा देखापरेका समस्याहरु खोजी गर्नु ।

४) आर्थिकस्रोत परिचालन तथा व्यवस्थापन सम्बन्धी समस्याहरु समाधानको उपाय खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनलाई अगाडी बढाउन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु तयार गरिएका छन् ।

क) सामुदायिक प्राथमिक विद्यालयका आर्थिक स्रोतहरु के के हुन ?

ख)  विद्यालयका आन्तरिक आयस्रोतहरु बढाउन प्र.अ.ले के कस्ता कार्यहरु गरिरहेका छन् ?

ग)  सामुदायिक प्राथमिक विद्यालयको आयस्रोत परिचालन तथा व्यवस्थापन एवंम् श्रोतहरुको खोजीमा ध्यान दिनुपर्ने कुराहरु के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई सरल तथा प्रभावकारी रुपमा अगाडि बढाउन समय, स्रोत एवं विभिन्न अवस्थाहरुलाई ध्यानमा राखी अध्ययनको क्षेत्र सिरहा जिल्लाको भगवानपुर स्रोत केन्द्र अन्तर्गत पर्ने कूल ४३ तथा चन्द्रलालपुर श्रोतकेन्द्र अन्तर्गत पर्ने ३९ वटा सामुदायिक विद्यालयहरुमध्ये गा.वि.स. असनपुर, लालपुर, महेशवारी, भगवानपुर , अयोध्यानगर, भगवतिपुर तमासुइया, महदेवा पोर्ताहा, चन्द्रलालपुर  भित्र रहेका १० वटा प्रा.वि.हरुलाई नमुना छनोट गरी अध्ययन कार्य गरिएको छ र त्यससँग सम्बन्धित विद्यालयहरुका प्र.अ.हरु, वि.व्य.स. अध्यक्षहरु, आर्थिक कारोबार गर्ने शिक्षक तथा कर्मचारीहरु, अभिभावकहरु र विद्यार्थीहरुमा मात्र यो अध्ययनका सीमाहरु निर्धारण गरिएको छ । यस अध्ययनको परिधिमा भित्र विद्यालयको आयस्रोतको पहिचान, संकलन, व्यवस्थापन र आइपर्ने चुनौतीहरुबारे प्रष्ट्याइएको छ र यो कार्यहरुमा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुनेछ  भएकोले उहांको भूमिकालाई सर्वोपरी राखी यो  अध्ययन शीर्षक राखी अनुसन्धानलाई अगाडी बढाइएको छ ।

## १.७ सम्बधित शब्दाबलीको परिभाषा

विधालय : “विधालय” भन्नाले सामुदायिक विधालय सम्झनु पर्छ ।

प्रधानाध्यापक : “प्रधानाध्यापक” भन्नाले सामुदायिक विधालयको आर्थिकस्रोत परिचालन गर्ने व्यक्ति सम्झनु पर्छ ।

आर्थिक स्रोत: “आर्थिक स्रोत:” भन्नाले विधालयको आन्तरिक स्रोत सम्झनु पर्छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

समस्या समाधान गर्न गरिने अध्ययनको लागि त्यस विषय वा समस्यासँग मेलखाने सिद्धान्त, सम्बन्धित साहित्य, लेख रचना र अनुसन्धानका प्रतिवेदनहरुको पुनः अध्ययन गर्नुपर्दछ । यसले समस्या समाधानका लागि के कस्ता विकल्पहरुको खोजी हुन बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान हुन्छ । एउटै विषय वा समस्या खोजी कार्य दोहरिन नदिन नयाँ-नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि शोधकर्ताले सम्बन्धित तथा पूर्व साहित्यको अध्ययन गर्नु महत्वपूर्ण हुन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धानका लागि त्यस विषयवस्तुसँग सम्बन्धित स्रोतहरु जस्तैः लेख, रचना, प्रतिवेदन, पुस्तक आदिको अध्ययन अवलोकन गर्नुपर्ने हुँदा सिरहा जिल्लाको भगवानपुर स्रोत केन्द्र अन्तर्गतका गा.वि.स.हरु महेशवारी, महदेवा पोर्ताहा, भगवतिपुर तामासया, र चन्द्रलालपुर श्रोत केन्द्रमा पर्ने गा.वि.स. हरु अयोध्यानगर , असनपुर, लालपुर, चन्द्रलालपुर अन्तर्गतका प्राथमिक विद्यालयहरुको आर्थिक व्यवस्थापन तथा परिचालनमा प्र.अ.को भूमिका विषयमा अध्ययनका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्न निम्न सोधपत्रहरु लेख, रचनाहरुको समीक्षा गरिएको छ ।

काफले,श्रेष्ठ र सिन्हा (२०६७) का अनुसार विधालय सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण आर्थिक कार्यहरुको व्यवस्थापन गर्नु पर्दछ । विधालयका सम्पूर्ण पक्षलाई प्रभावकारी बनाउन विधालय आर्थिक रुपमा सक्षम एवम् सम्पन्न हुनु पर्दछ । विधालयमा भौतिक स्रोत र साधन जुटाउन र उपयुक्त मानवीय स्रोतको व्यवस्थापन गर्न आर्थिक पक्ष मजबूत हुनुपर्दछ । विधालयको चल अचल सम्पति, भवन, पूँजी,जग्गा ,चन्दा, दान, दातव्य, अनुदान,भर्ना, शुल्क, सहयोग आदि विधालयका आर्थिक स्रोत हुन् ।त्यस्तै गरी विधालयले विधार्थी कल्याणका कार्यक्रम, निःशुल्क छात्रवृति, पोशाक, शैक्षिक सामग्री, तलब, भत्ता, अनुदान,पेन्सन,सञ्चयकोष,ग्रेड आदि सेवा मजबूत हुनुपर्छ । यसरी विधालयको समग्र वातावरण राम्रो बनाउन आर्थिक पक्ष सवल हुनैपर्छ । आर्थिक पक्षको लेखा प्रणली चुस्त, दुरुस्त र पारदर्शी बनाउनुपर्छ ।

बेल्वासे(२०५९) का अनुसार शिक्षाको क्षेत्रमा वैदेशिक सहयोगको आफ्नो किसिमको भूमिका भए पनि त्यस्ता वैदेशिक सहयोग आफ्ना परियोजनालाई केन्द्रित स्तरबाटै मात्र सफल नहुने र त्यसको लागि स्थानीय स्तरबाट पूर्णरुपमा सहयोगको आवश्यकता पर्ने कुरालाई व्यक्त गरिएको छ भने कुनै वैदेशिक सहयोगले परियोजनाको सुरुवात गरे तर त्यसले गन्तव्यलाई छुन नसकेको कुरालाई उल्लेख गरेको पाईन्छ ।

वर्तमान विद्यालयको शैक्षिक क्षेत्रमाा वैदेशिक सहयोगको अवस्थालाई विश्लेषण गर्दा १९८० मा संयुक्त यू.एन.एफ.पि.ए.को आर्थिक सहयोगमा जनसंख्या शिक्षा परियोजना नेपालभरि लागू गरिएको थियो । यसैगरी सन् १९९२ मा एसिया विकास बैंकको सहयोगमा सबैको लागि शिक्षा कार्यक्रमहरुमा संचालनमा रहेका छन् । यस अन्तर्गत सन् २००१ देखि २०१५ सम्म १५ वर्षे दीर्घकालिन योजनाको रुपमा माध्यमिक शिक्षा सहयोग कार्यक्रम लागू भएको छ । तर स्थानीय स्तरको पूर्णरुपमा सहयोग नभएको कारण यी परियोजनाहरु खासै गन्तव्यमा पुग्न सकिरहेको छैन ।

अग्रवाल(२०३५)का अनुसार राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ कार्यान्वयन पछि जनसहभागिताबाट परिचालन गर्नु पर्ने आर्थिक अवस्थाको परिपेक्ष्यमा मध्यावधि मूल्यांकन दिएका सुझावलाई दृष्टिगत गरी हाल देखापरेका समस्याहरु केलाएर भविष्यका चुनौतिहरुको विवेचना गरिएको छ । साथै शिक्षाको आर्थिक व्यवस्थापनमा जनसहभागिता बढाउने सम्भावनाहरुलाई यस लेखले इंङ्गित गरेको छ । विद्यालयमा गरिने भौतिक निर्माण सम्बन्धी कार्यहरुमा सहभागी भई जनश्रमदान वापत काम गर्न सकिन्छ । यसको साथै समुदायको तर्फबाट व्यहोर्नु पर्ने योगदान प्रतिशत वापत रकम जुटाउनु पर्ने हुन्छ ।

विद्यालय समुदायमा स्थापित पवित्र संस्था हो । यसको चौतर्फी विकासमा टेवा पुऱ्याउनु सरकारी अनुदानको भरमा मात्र निर्भर नरही सामाजिक लगानीको अपरिहार्यता हुन्छ । विद्यालयको भवन निर्माण, पुस्तकालयको स्थापना खेल मैदानको व्यवस्थापन, खानेपानीको व्यवस्था र सौचालय जस्ता शीर्षकहरुमा जनश्रमदान पुऱ्याउनु पर्ने हुन्छ । यसरी समाजको भलाईको लागि सार्वजनिक संस्थामा गरिने समुदायको योगदान नै जनसहभागिता हो । तसर्थ अग्रवालको अभिलेखमा जनसहभागिताबाट कुनै पनि कार्य घनीभूत रुपमा सफल पनि सकिन्छ भन्ने कुरा प्रष्टाइएको छ ।

वरुवाल (२०५६) का अनुसार विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, विद्यालयको सरोकारवालाहरुसँग सम्बन्ध कायम गर्न, विभिन्न दातृ संस्थाहरुलाई विद्यालयको विकासमा परिचालन गरी सिकाई उपलब्धी बृद्धि गर्न, शिक्षण सिकाई क्रियाकलापमा शिक्षकहरुलाई उत्प्रेरित गर्न र विद्यार्थीहरुमा शिक्षण सिकाई प्रति प्रतिस्पर्धात्मक वातावरणको विकास गर्न आर्थिक लगानी आवश्यक हुन्छ । जसबाट शैक्षिक गुणस्तर सुधार, प्रभावकारी वित्तीय व्यवस्थापन र सरोकारवालाहरुसँग समन्वय कायम गरी विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारिता ल्याउन सकिन्छ ।

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो कार्यप्रति अझ उत्प्रेरित गर्न, आजको प्रतिस्पर्धा युगमा अध्ययनरत विद्यार्थीहरुबचि शिक्षण सिकाईमा प्रतिस्पर्धात्मक वातावरणको विकास गर्न, आधुनिक शैक्षिक सामग्रीको प्रयोग र परिचालनबाट शिक्षण सिकाई प्रभावकारी बनाउन, विद्यालयहरुमा आर्थिक लगानीको व्यवस्थापन तथा परिचालन हुन्छ, भन्ने करा यससँग अत्यन्तै सान्दर्भिक देखिन्छ ।

विद्यालयहरुले सरोकारवालाहरु बीच सुमधुर सम्बन्ध स्थापित गर्न आवश्यक हुन्छन् । विद्यालयहरुमा भएको वर्तमान लगानीको अवस्था के कस्तो छ, विद्यालयहरुमा आर्थिक लगानी बढाउन कसरी सकिन्छ, लगानी अनुरुपको प्रतिफल प्राप्त गर्न विद्यालयहरुले के कस्तो रणनीति अवलम्बन गर्नुपर्दछ, समय अनुसारको शिक्षाको विस्तार गर्न शैक्षिक क्षेत्रमा लगानी पटक पटक गर्नुपर्दछ भन्ने कुरा विद्यालयहरुको आर्थिक लगानीको परिचालन तथा प्रभावकारीता सन्दर्भमा यस अध्ययनमा अनुसन्धानकर्ताले औल्याएका छन् ।

कुंवर (२०६२) का अनुसार विद्यालयप्रति विद्यार्थी लागत अनुसार प्राप्त भएको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गरी लेखाजोखा गर्न, विद्यालयले गर्ने लगानी सम्बन्धी विश्लेषण गरिएको छ । उक्त लेख अनुसार विद्यालयहरुमा आन्तरिक स्रोत बढाउन समुदाय स्तरबाट पनि आफ्नो भूमिका सक्रिय पारिनुपर्छ, लगानी अनुसारको उपलब्धि विद्यालय प्रशासनले समुदायलाई प्रदान गर्नुपर्दछ तथा विद्यालयको प्र.अ. जिम्मेवार रुपमा इमान्दारिता साथ समुदायको लगानी र विद्यालयको आयस्रोतलाई उचित व्यवस्थापन गरी गुणस्तर र सृजनात्मक सिकाइमा जोड दिनुपर्ने कुरामा जोड दिएको छ ।

माथि उल्लेखित विभिन्न विद्वानहरुको लेख रचनाहरुको अध्ययनबाट विद्यालयको सम्पूर्ण पक्षको विकासको लागि सामुदायिक स्तरबाट सहयोगको आवश्यकता पर्छ । विद्यालयको आर्थिक व्यवस्थापन महत्वपूर्ण पक्ष भएको हुनाले सो सँग सम्बन्धित सरोकारवाला पक्षहरु उत्तरदायी र जिम्मेवार हुनुपर्ने देखिन्छ । प्र.अ. जस्तो गरिमामय पदमा आसिन व्यियित्व आर्थिक कारोबारमा पारदर्शी हुनुपर्ने देखिन्छ । भनिन्छ पैसा देखेपछि महादेवको तेस्रो आँखो खुल्छ, तर इमान्दारिता र कर्तव्यनिष्टताले कार्य गर्दा विद्यालयको आर्थिक व्यवस्थापन राम्रो हुन सक्छ । समुदायको लगानी विद्यालयको माग हो भने सिर्जनशील र गुणस्तरीय शिक्षा समुदायको माग हो सो मागलाई विद्यालयले आपूर्ति गर्नुपर्दछ । यसरी विद्यालयको आर्थिक व्यवस्थापन तथा गुणस्तरीय र सिर्जनशील शिक्षा प्रदान गर्न प्र.अ. प्रतिबद्ध हुनुपर्ने हुन्छ । यस अध्ययनकले विगतमा यस अध्ययन शीर्षकसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान नभएको कारण यस अध्ययनले ती पक्षलाई समेटेको छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि विषयवस्तुहरुमा अध्ययन अनुसन्धान वा खोज कार्यलाई पूर्णता प्रदान गर्न सम्बन्धित विषयवस्तुसँग मेलखाने सिद्धान्तहरुलाई आधार बनाउनु पर्ने हुन्छ । समस्यासँग सम्बन्धित पहिला नै प्रतिपादन भइसकेका सिद्धान्तहरुलाई सैद्धान्तिक खाका अन्तर्गत व्याख्या गरिन्छ ।

"प्राथमिक विद्यालयको आर्थिक श्रोतको परिचालनमा प्र.अ.को भूमिका" विषय शीर्षकमा गरिएको यस अध्ययनमा विद्यालयको व्यवस्थापन प्रभावकारी ढंगले गर्नका लागि आर्थिक पक्ष मजबुत हुनुपर्दछ । आर्थिक पक्षलाई प्रभावकारी ढंगले प्रयोगमा ल्याएको विद्यालयहरुमा शैक्षिक क्षेत्रको व्यवस्थापन राम्रो भएको पाइन्छ भने कमजोर आर्थिक अवस्थाबाट गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिदैन । विद्यालयहरुमा उपयुक्त भौतिक व्यवस्थापन जसअन्तर्गत भवन, कक्षाकोठा, फर्निचर, कालोपाटी जस्ता सामग्रीहरुको उपयुक्त व्यवस्थापन गर्नको लागि दक्ष जनशक्ति पर्याप्त पाठ्यपुस्तकको व्यवस्थापन गर्नुपर्ने हुन्छ जसको लागि पर्याप्त मात्रमा आर्थिक लगानी गर्न सक्नुपर्दछ ।

प्रोफेसर अल्फ्रेड मार्शलले (सन् १८९०) मा प्रतिपादन गरेको माग र आपूर्ति सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाका बनाएको छ । बढी प्रभावकारी हुने देखिन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले वर्तमान समयमा धेरै विद्यालयहरु खुलेका छन् । यसबाट समाज र

राष्ट्रको लागि आवश्यक जनशक्ति उत्पादन हुन्छ । विशेष गरी शैक्षिक लगानीका दुईपाटाहरु छन् । ती पाटाहरु हुन लगानीको आपूर्ति पक्ष र माग पक्ष महत्वपूर्ण हुन आउँछ (मार्शल १९९०, जोशी, २०६० द्वारा उद्धत) ।

माग र आपूर्तिको सिद्धान्तलाई प्रोफेसर अल्फ्रेड मार्शलले "प्रिन्सिपल अफ इकोनोमिक्स" नामक पुस्तकमा प्रकाशन गरेका छन् । यस सिद्धान्तले लगानीको आपूर्ति पक्षमा शिक्षकको तलब भत्ता, भवन निर्माण लगायतका मसलन्द खर्चहरु पर्दछन् भने माग पक्षमा लागत प्रतिफलको विश्लेषण पर्दछन् । यस सिद्धान्तको माग पक्षले समुदायका व्यक्तिहरुको मागको आधारमा शिक्षाको विस्तार गर्नुपर्दछ । समुदायले प्रत्यक्ष र अप्रत्यक्ष मूल्य चुकाउनु पर्दछ । प्रत्यक्ष मूल्यमा किताब, कापी, पढाइ शुल्क र शैक्षिक सामग्रीहरु पर्दछन् । अप्रत्यक्ष मूल्यमा चाहि व्यक्तिले अवसरको मूल्य वा गुमेको आम्दानी समेत चुकाउनु पर्दछ । यस परिवेशमा हाम्रो वर्तमान शिक्षा प्रणाली आपूर्ति पक्षमा आधारित छ भन्न सकिन्छ । तर यदि शिक्षा प्रणालीलाई योग्य, गुणस्तरीयको पहुँच र समान बनाउने हो भने यसलाई माग पक्षसँग आवद्ध गर्नुपर्दछ । यस सिद्धान्तले दीर्घकालीन रुपमा कामप्रति प्रतिबद्धता देखाउँछ ।

यस सिद्धान्त अन्तर्गका विद्यालय व्यवस्थापनको लागि आर्थिक एक पटक मात्र गरेर पूर्ण हुन सक्दैन भन्ने रहेको छ । कुनै पनि संस्थाको समग्र विकासको लागि आवश्यकता अनुसार आर्थिक लगानी गरिरहनु पर्ने यस सिद्धान्तको मान्यता रहेको छ । यस सिद्धान्तले दीर्घकालीन रुपमा कामदारहरुसँग मालिकहरुको विश्वासपूर्ण सम्बन्ध हुनुपर्दछ । अर्थात शिक्षक, विद्यार्थी, अभिभावकहरुको सम्बन्ध उपयुक्त शैक्षिक व्यवस्थापनको लागि सुमधुर बन्न सक्नुपर्दछ । समूह कार्यलाई यस सिद्धान्तले प्राथमिकता दिएका छन् । विद्यालयमा लगानी एक पटक मात्र गरेर पुग्दैन, समयानुकूल लगानी गरिरहनुपर्दछ । विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुबीच लगानीकर्ताहरुको सम्बन्ध सुमधुर हुनुपर्दछ । उनीहरुलाई समयानूकुल सेवा सुविधाहरु दिन सक्नुपर्दछ । अनि मात्र विद्यालयहरुमा उपयुक्त शैक्षिक वातावरण तयार भई शैक्षिक विकास हुने कुराको मान्यता यस सिद्धान्तले अंगालेको छ ।

विद्यालय समुदायमा आधारित एक संस्था हो । समुदायको यथेष्ट लगानी विद्यालयमा हुन्छ र विद्यार्थीको गुणस्तर शिक्षा समुदायको प्रमुख भाग भएकोले लगानी अनुसार प्रतिफल विद्यालय

प्रशासन तहले दिनुपर्ने हुन्छ । यहाँ प्र.अ. एउटा आर्थिक व्यवस्थापनको प्रमुख भूमिका निर्वाह गर्दै आन्तरिक लगानीलाई सही सदुपयोग गरी समुदायको माग आपूर्ति गर्नु पर्ने हुन्छ ।

## २.३ अध्ययनका लागि पुनरावलोकनको उपायदेता :

सम्बन्धित साहित्यहरुको पुनरावलोकनले विद्यालयका विभिन्न आर्थिक पक्षहरुको जानकारी प्राप्त गर्न तिनको व्यवस्थापन गर्न प्रधानाध्यापकले निर्वाह गर्नु पर्ने भूमिका बारे बुझ्न सहयोग गरेको छ ।

पूर्ववत अनुसन्धानका प्रमाणहरुलाई उल्लेख गर्नाले आफ्नो अनुसन्धानको क्षेत्रमा ज्ञान भएका र वर्तमान समयमा पनि अज्ञात रहेका तथा परीक्षण नगरिएको प्रमाण वा ज्ञानहरुको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यसरी वर्तमानमा ज्ञान नभएको वा परीक्षण नगरिएको कुराहरु खोज अनुसन्धान गर्नु नै शैक्षिक उपादेयता हो । विद्यालयहरुमा आर्थिक व्यवस्थापनले विद्यालयको शैक्षिक गुणस्तरमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । संस्थागत विद्यालयको सम्पूर्ण व्यवस्थापन संचालक व्यक्ति तथा समूहबाट गर्नुपर्दछ भने सामुदायिक रुपमा संचालन भएका विद्यालयहरुको शैक्षिक व्यवस्थापनका लागि राज्य सरकार लगायत विभिन्न निकायहरुको सहयोग पुऱ्याउँदै आएको पाइन्छ ।
सामुदायिक विद्यालयका आर्थिक व्यवस्थापनमा प्र.अ.को भूमिका विषय शीर्षकमा गरिएको यस अध्ययनलाई पूर्णता दिन यस विषयसँग सम्बन्धित पूर्व प्रकाशित एवं अप्रकाशित लेख, रचना, साहित्य तथा शोधपत्रहरुको ठूलो सहयोग रहेको छ । यस अध्ययनले सम्बन्धित निकायलाई निरीक्षण, सुपरिवेक्षण गर्न गराउन मद्दत पुग्दछ । समग्रमा यस विषय शिर्षकसँग सम्बन्ध राख्ने सम्पूर्ण पक्षलाई शिक्षामा पहुँच, सान्दर्भिकता, समता, सक्षमता र गुणस्तरीयता अभिबृद्धि गर्न र गुणस्तरीय शैक्षिक अवसर प्रदान गर्न सक्ने वातावरण निर्माणमा यस शोध अनुसन्धानले मद्दत पुऱ्याउने भएकोले यस अध्ययनको क्रममा साहित्य पुनरावलोकन र सिद्धान्तको अध्ययनको महत्वपूर्ण भूमिका हुन्छ ।

विद्यालयहरु आर्थिक रुपमा गरिब रहेको पाइन्छ । खास कुनै कुनै विद्यालयहरु जुन जमिन्दारहरुले आफ्नो पिता पुर्खाको नाममा स्थापना गरेका छन्, ती विद्यालयहरु मात्र आर्थिक रुपमा सम्बद्ध रहेको कुरा अभिभावकले बताउँछन् । समुदायको सक्रियतामा आवश्यकता बोध भई खुलेको सामुदायिक विद्यालयहरुको आर्थिक अवस्था राम्रो भएको

वि.व्य.स. अध्यक्ष बताउँछन । त्यसैपनि सामुदायिक विद्यालयलाई गरिब वर्गको बालबालिका पढ्ने विद्यालयको रुपमा चिनिन्छ । कहिले रुखको छहारीमा कक्षा संचालन गरिने त कहिले पाल टाँगेर कक्षा संचालन गर्ने विद्यालय हाम्रो थियो भने प्रा.वि. चियाबारीका प्र.अ. भन्छन् । समाजको बढ्दो राजनीतिक मतभिन्नता पनि विद्यालयको आर्थिक स्रोत ढलमल्लिएको अवस्था देखिन्छ । स्रोत केन्द्रहरुको लापरवाही तथा सरकारको सामुदायिक विद्यालयहरुप्रतिको उदासिनता पनि विद्यालयको अवस्था खस्किनमा जोड गरेको गुनासो अभिभावकले गर्छन् । कतिपय विद्यालयहरुको त आफ्नो नाममा जग्गा समेत नभएको भेटिन्छ । जसको नाममा जग्गा छ त्यसले विद्यालयलाई बेलाबखतमा अवरोध गरेको भने प्र.अ. ले दुःखेसो पोख्छन् । तराईको सन्दर्भमा २०४६ सालपछि खुलेको प्राथमिक तहका सामुदायिक विद्यालयहरुको आर्थिक अवस्था दयनीय छ ।

कतिपय प्राथमिक विद्यालयको त विद्यालय कम्पाउण्ड बाहेक कुनै पनि चल, अचल सम्पत्ति देखिदैन । कतिपयको अचल सम्पत्ति भएता पनि विद्यालयको उपभोग गरिरहेको पाइदैन । अधिकांश विद्यालयहरुमा सरकारी अनुदान बाहेक कुनै पनि किसिमको आन्तरिक आयस्रोतहरु नभएको देखिन्छ । सरकारी अनुदान पनि तलब भत्ता शीर्षक बाहेक केही रकम मात्र मसलन्द तथा विद्यालय सुधार योजना अन्तर्गत प्राप्त गर्ने गरेको देखिन्छ । यस अध्ययनको क्रममा सर्वेक्षण गरिएका विद्यालयहरुको आन्तरिक आयस्रोतहरु झिनो मात्रामा रहेका देखिन्छ । आन्तरिक आयस्रोतहरु थोरै भए पनि त्यसको व्यवस्थापनमा प्र.अ. लाई ठूलो चुनौतिहरु झेल्नुपर्ने गरेको बताइन्छ । विद्यालयका विभिन्न आन्तरिक आयस्रोतहरु हुन्छन् । जसमा अध्ययनको क्रममा पाइएका विद्यालयका आन्तरिक आयस्रोतका अवस्थाबारे तल उल्लेखित बुँदाहरुमा प्रष्टाइएको छ ।

पूर्वकालदेखि नै शिक्षा क्षेत्रमा समुदायको योगदानको महत्वपूर्ण स्थान रहेको छ । विगतका समयका सरकारी निकायको सहयोग नगण्य रुपमा रहेको थियो । विद्यालयहरुको आम्दानीका प्रमुख क्षेत्रहरुमा मठ, मन्दिर, गुम्बाहरु नै रहेका थिए । आधुनिक कालमा आएर शिक्षाको प्रचार प्रसार बृहत रुपमा हुन थाल्यो र धार्मिक स्थलबाहेक अन्य सार्वजनिक पौवा, पाटी, चौतारा, रुखमुनि शिक्षा दिने कार्य पूर्व गुरुहरुबाट सुरुवात भएको थियो । धेरै समयको अन्तरालपछि शिक्षा क्षेत्रमा समुदायको योगदान निश्चित रुपमा जग्गा र भवनको साथै अन्य व्यवस्थापन मिलाउने कार्यको थालनी भयो । समुदायको योगदानको रुपमा विद्यालयको

नाममा सम्पन्न व्यक्तिहरु र दान दिन इच्छुक व्यक्तिहरुले विद्यालयको नाममा जग्गा हस्तान्तरण गरिएको पाइन्छ । विद्यालयको नाममा उपलब्ध जग्गाहरुबाट प्राप्त आम्दानी विद्यालयको आन्तरिक आयस्रोतको रुपमा गणना गरिनेछ । अध्ययन गरिएका १० वटा विद्यालयहरु मध्ये ५ वटा विद्यालयको नाममा भवन ओगटेको क्षेत्रफल बाहेक जग्गा रहेको छ भने ३ वटा विद्यालयको नाममा भवन कम्पाउण्ड बाहेक जग्गा नरहेको अवस्था छ । कुनै कुनै विद्यालयको नामदर्तामा जग्गा कम कुनैमा बढी किन/कसरी भयो भन्ने बारेमा सोधपुछ गर्दा श्री जनसमूह प्रा.वि. गुरुधामका प्र.अ. श्री शिवराम ठाकुरजीले राजनैतिक खिचातानी र व्यक्तिगत टकरावका कारणले जग्गा हुनेहरु पनि नदिएको बताउनु हुन्छ । यसैगरी श्री कविर प्रा.वि. असनपुर-३ का वि.व्य.स. सदस्यले प्र.अ. को लापरवाहीका कारण गाउँलेहरुमा जग्गा दिन नचाहेको बताउँछन् । जग्गा सम्बन्धी विवरण र यसबाट आर्थिक रुपमा प्राप्त हुने आम्दानीको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।
नेपालको सामुदायिक विद्यालयहरुमा आर्थिक व्यवस्थापन एक समस्याको रुपमा रहेको छ । प्रायःजसो विद्यालयहरुमा आर्थिक व्यवस्थापनको किचोलोले गर्दा प्रधानाध्यापकहरुको भूमिकामा उतार चढाव आएको देखिन्छ । विद्यालयहरुमा द्वन्द्व, विवाद जस्ता नकारात्मक पक्षहरु यथेष्ट मात्रामा पाइएको छ । अध्ययन गरिएका विद्यालयहरुमा आयस्रोत न्यून हुनु भएको आयस्रोत संकलनमा कठिनाइ हुनु साथै संकलित आयस्रोतको प्रधानाध्यापकबाट उचित व्यवस्थापन नहुनु समस्याको रुपमा प्रष्टिएको छ ।

यसरी नेपालका अधिकांश विद्यालयहरु आर्थिक समस्याबाट ग्रसित रहेका छन् । शिक्षाको राष्ट्रिय उद्देश्यले तय गरेको जनशक्ति उत्पादनको स्तरलाई पूरा गर्न देशको आर्थिक तथा प्राविधिक कारणले हुन सकिरहेको छैन । नेपालका सामुदायिक विद्यालहरुको भौतिक अवस्थामा सुधार गर्न नसकेको कारण संस्थागत विद्यालयहरु तर्फ अभिभावक आकर्षित भई यी विद्यालयहरु अन्नगिन्ती रुपमा विस्तार भइरहेको छ । यो सामुदायिक विद्यालयको आर्थिक पक्षमा गरिएको अनुदान सहयोगमा बृद्धि गरी यसको उचित व्यवस्थापनको लागि पनि स्थानीय सरोकारवाला पक्ष लगायत शैक्षिक प्रशासनलाई व्यवस्थित गर्न अति आवश्यक देखिन्छ । धेरैजसो सामुदायिक विद्यालयका अभिभावक वर्ग पनि कमजोर आर्थिक अवस्थाबाट गुज्रिरहेका अवस्थामा समुदायबाट आन्तरिक अर्थिक स्रोत जुटाउन नसक्ने अवस्था पनि देखिन्छ । आर्थिक अवस्थाले सवल अभिभावकहरु संस्थागत विद्यालय तर्फ झुकाव दिएकोले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक स्रोत जुटाउन खासै

नसकेको स्थिति रहेको छ । विद्यार्थीहरुबाट विगतमा लिइने शुल्कहरु पनि हाल कक्षा १० सम्म निःशुल्कको घोषणा गरेकोबाट विद्यालयको आन्तरिक आयस्रोत एक मात्र चन्दादाता र सरकारी अनुदानमा निर्भर रहेको अवस्था छ । यसरी यो एउटा प्रमुख समस्याको रुपमा विद्यमान रहेको हुँदा यस शिर्षकमा अध्ययनको समस्याको रुपमा लिई अध्ययन कार्य अगाडि बढाएको छ ।

## परिच्छेद-तीन

## अध्ययन विधि र प्रक्रिया

कुनै पनि विषयमा खोज, अनुसन्धान, अध्ययनको लागि अपनाइने उपाय एवम् तौर तरिका नै विधि हो । अध्ययनलाई उद्देश्यअनुरूप विश्वसनियता र वैधता प्रदान गर्नको लागि अपनाउनु पर्ने विभिन्न तरिका हुन्छन् । अध्ययनलाई व्यवस्थित तार्किक एवम् प्रमाणित निष्कर्षमा पुऱ्याउन अपनाइने प्रक्रियालाई अध्ययन विधि भनिन्छ (शिवाकोटी, २०६४) ।

कुनै पनि क्रियाकलाप सम्पन्न गर्ने हेतुले विषयवस्तुको स्वरुप अनुरुप उद्देश्य प्राप्त गर्ने गरी आवश्यकता अनुसार विभिन्न तौरतरिका वा उपायहरुको अवलम्बन गर्नुलाई विधि भनिन्छ । अर्थात् अनुसन्धान विधि अनुसन्धान कार्य अघि बढाउने विधि हो । यसले अनुसन्धान कार्यलाई मार्गदर्शन गर्दछ । यसमा जुन तरिकाबाट अनुसन्धान सम्पन्न गरिन्छ वा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने तथा निष्कर्षमा पुग्ने गरिन्छ, त्यसलाई सविस्तार उल्लेख गरिएको हुन्छ । यस अध्ययन कार्य अन्तर्गत अनुसन्धान ढाँचा, अध्ययनका जनसंख्या तथा नमुना छनोट विधि तथा नमुना छनोटका आधारहरु, तथ्यांकका स्रोतहरु, तथ्यांकका साधनहरु र तथ्यांक संकलन विश्लेषण र प्रस्तुतीकरण गर्दा अपनाइने तरिकाहरुलाई उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान ढाँचा भनेको अनुसन्धान कार्यका लागि तयार पारिने एक वृहत योजना एवम् रणनीति हो । यो अनुसन्धान परिमाणात्मक र गुणात्मक ढाँचाबाट तयार गरिएको छ । यस कार्यमा विषयको छनोटदेखि लिएर तथ्यांक संकलन विश्लेषण र प्रस्तुतीकरण कार्यसम्ममा कुन कुन विधि अवलम्बन गर्ने हो, सोको विस्तृत प्रक्रिया तथा योजना समेटिएर अनुसन्धानकर्तालाई आफ्नो कार्यका लागि मार्ग निर्देशन प्रदान गर्दछ । यस अध्ययनको नीतिगत अवस्था अवसरहरुको पहिचान, समस्याहरु र समाधानका उपायहरु पहिल्याउन प्राप्त राय, सल्लाह र सुझाव एवम् प्राप्त तथ्यांकहरुलाई शाब्दिक रुपमा तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य यस अनुसन्धानमा गरिएकोले यो अनुसन्धान परिमाणात्मक र गुणात्मक ढाँचाबाट प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । प्राप्त तथ्यांकहरु तथा सूचनाहरुलाई तालिकाबाट प्रष्ट गरिएको हुनाले यो परिमाणात्मक हो र ती तालिकाहरुलाई तुलनात्मक ढंगले वर्णन विश्लेषण गरिएको हुनाले यो गुणात्मक हो ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमुना

शैक्षिक अनुसन्धानको क्रममा कुनै निश्चित समयमा अध्ययन गरिने समूहसँग सम्बन्धित सम्पूर्ण सदस्यलाई अध्ययनको जनसंख्य भनिन्छ । अनुसन्धानकर्ताले उद्देश्य परिपूर्तिका लागि आफ्नै बुद्धि विवेकद्वारा कस्ता कस्ता संख्याहरु एवम् पदाधिकारीहरुलाई छनोट गर्दा सान्दर्भिक र प्रमाणिक सूचना प्राप्त गर्ने भन्ने उद्देश्यले सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोटमा परेका सिरहा जिल्लाको भगवानपुर तथा चन्द्रलालपुर स्रोत केन्द्र अन्तर्गतका १० वटा प्रा.वि.हरुमा शैक्षिक नेतृत्व समहालेका प्र.अ.हरु र अध्ययन विद्यार्थीहरु र आफ्ना छोराछोरी अध्ययन गराउने अभिभावकहरु एवम् वि.व्य.स. अध्यक्षहरु नै अध्ययनका जनसंख्याको स्रोतको रुपमा लिएको छ । नमुना  जनसंख्याबाट झिकिएको एक सानो समूह हो । जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । प्रतिनिधिमूलक केही एकाइको छनोट गरी ती एकाईका गुणहरुको अध्ययन विश्लेषण गरेर प्राप्त निष्कर्षलाई सम्पूर्ण जनसंख्यामा सामान्यीकरण गरिन्छ । तलको चार्टले यस अध्ययनको जनसंख्या र नमुना छनोट प्रष्टयाएको छ ।

**तालिका १ : अध्ययनको जनसंख्या तथा नमुना**

| क्र.सं. | विवरण | जम्मा जनसंख्या | छनोट जनसंख्या | छनोट विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोत केन्द्र | ११ जना | १ | गोलाप्रथा | |
| २ | विद्यालय | ४३ जना | ५ जना | गोलाप्रथा | |
| ३ | प्रधानाध्यापक | ५ जना | ५ जना | उद्देश्यमूलक | |
| ४. | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | ५ जना | ५ जना | उद्देश्यमूलक | |
| ५ | विद्यालयव्यवस्थापन समितिका सदस्य | ५ जना | ५ जना | उद्देश्यमूलक | |
| ६ | आर्थिक कारोबार गर्ने शिक्षक वा कर्मचारी | ५ जना | ५ जना | उद्देश्यमूलक | |
| ७ | विद्यार्थी | | | सम्भाव्यतायुक्त | |

| क्र.सं. | विवरण | जम्मा जनसंख्या | छनोट जनसंख्या | छनोट विधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | छनोट | |
| ८ | अभिभावक | | | सम्भाव्यतायुक्त छनोट | |

(स्रोत : स्थलगत सर्वेक्षण,२०७०)

माथि उल्लेखित तालिका अनुसार अध्ययनको क्रममा स्रोत्र केन्द्र भगवानपुर अन्तर्गत पर्ने ४३ वटा विभिन्न तहका सामुदायिक विद्यालयहरुमध्ये गा.वि.स. महेशवारी, भगवतीपुर महदेवा पोर्ताहा अन्तर्गत १६ वटा विभिन्न तहका विद्यालयहरु रहेका छन् । यी विद्यालयहरु मध्ये नमुना छनोट विधिको आधारमा १० वटा सामुदायिक प्रा.वि. लाई छनोट गरिएको छ ।

यस अध्ययनले गा.वि.स. महेशवारी, महदेवा पोर्ताहा, भगवतिपुर तमासुया, असनपुर र अयोध्यानगरमा पर्ने १३ वटा विभिन्न तहका सामुदायिक विदालयहरु मध्ये १० वटा प्राथमिक विद्यालयहरुलाई सृजनाको रुपमा छनोट गरिएको छ । १० वटा सामुदायिक प्राथमिक विद्यालयका विभिन्न सरोकारवाला पक्षहरु मध्ये नमुना  छनोट विधिको आधारमा आर्थिक कारोबार हेर्ने शिक्षक वा कर्मचारी ८ जना, प्रत्येक विद्यालयका

## ३.३ तथ्यांकका स्रोतहरु

अध्ययनलाई उद्देश्यमूलक दंगबाट सम्पादन गर्न तथ्यांक तथा सही सूचनाहरुको आवश्यकता पर्दछ । के- कस्ता सूचना तथा तथ्यांकहरु कहाँ-कहाँबाट प्राप्त भयो भन्नु नै तथ्यांकका स्रोतहरु हुन भन्न सकिन्छ । तथ्यांक प्राप्त गर्ने स्रोतहरु दुई किसिमका छन् ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत भन्नाले त्यस्तो स्रोतलाई जनाउँछ जुन अनुसन्धानकर्ताले आफ्नो अध्ययन स्थलमा गई तथ्यांक संकलन गर्दछ । सम्बन्धित स्थलमा गइसकेपछि विभिन्न विधि तथा साधनहरुको प्रयोग गरी प्रत्यक्ष भेटघाट, अवलोकन, छलफलबाट प्राप्त हुने सूचना तथा तथ्यांकको स्रोत नै प्राथमिक स्रोत हो । अनुसन्धानकर्ताका लागि प्राथमिक स्रोत अपरिहार्य हुन आउँछ । यस अनुसन्धानका लागि विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु,

आर्थिक कारोबार गर्ने शिक्षक वा कर्मचारीहरु, विद्यार्थीहरु र अभिभावकहरुलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोत भन्नाले त्यस्तो स्रोतलाई बुझाउँछ, जुन अनुसन्धानकर्ताले स्वयम् आफैले संकलन नगरी अरुद्वारा संकलित, प्रकाशित तथा अप्रकाशित रिपोर्ट, जर्नल पुस्तक, पत्रपत्रिका, डायरी, विभिन्न कार्यालयद्वारा प्रकाशित लेख, रिपोर्ट, शिलालेख आदिको राम्रो अध्ययन गरी त्यसबाट आफूलाई चाहिने आवश्यक तथ्यांक तथा जानकारी संकलन गर्दछन् । यस अध्ययनका लागि सहयोग पुऱ्याउन विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ. को भूमिका सम्बन्धमा प्रकाशित तथा अप्रकाशित लेख, रचना, सोधहरु तथा विद्यालयका आर्थिक अभिलेखहरु तथ्यांक संकलनमा द्वितीय स्रोतको रुपमा प्रयोग गरिएका छन् ।

## ३.४ अध्ययनका साधनहरु

सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनमाम प्र.अ. को भूमिका सम्बन्धी अध्ययनका लागि आवश्यक तथ्यांक संकलन गर्न निम्नानुसारका साधनहरु प्रयोग गरिएका छन् । जुन यस प्रकार छन् ।

### क) प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्यांक संकलन गर्ने विधिहरु मध्ये प्रश्नावली एक प्रमुख विधि हो । अनुसन्धानको लागि यो लोकप्रिय विधि हो । प्रश्नावली भनेको अध्ययन विषयसँग सम्बन्धित क्रमवद्ध तरिकाले बनाइएको प्रश्नहरुको सूची हो, जसलाई अनुसन्धानका समस्याहरु समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरुको समूहमा पठाई उत्तरदाताले उत्तर खोज्ने प्रयास गरिन्छ । सामान्तया प्रश्नावलीमा संरचित, असंरचित, खुल्ला, बन्द, चित्रात्मक र मिश्रित रुपमा वर्गीकरण गर्न सकिन्छ ।, यस अध्ययन अनुसन्धानले राखेका उद्देश्य पूरा गर्नका लागि सम्भावनायुक्त नमुना छनोटमा परेका विद्यालयहरुमा प्रधानाध्यापक, लेखा सम्बन्धी काम गर्ने कर्मचारी वा शिक्षक र प्रश्नावली निर्माण गरिएका छन् । यसमा खुल्ला प्रकृतिका प्रश्नहरु निर्माण गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । जसलाई अनुसूची १ र २ मा उल्लेख गरिएको छ ।

**ख) अन्तर्वार्ता सूची**

प्राथमिक तथ्यांक संकलन गर्ने एक महत्वपूर्ण स्रोत अन्तर्वार्ता हो । अन्तर्वार्ता एक त्यस्तो साधन हो, जसको माध्यमबाट अनुसन्धानकर्ताले आफ्नो अध्ययन क्षेत्रको बासिन्दासँग सम्बन्धित कुराकानी गरेर अध्ययन क्षेत्रका बासिन्दाले व्यक्त गरेका विचारहरुलाई नोट गरिन्छ । अन्तर्वार्ता लिने उद्देश्यको अधारमा निदानात्मक, उपचारात्मक, छनोट र अनुसन्धान अन्तर्वार्ताको रुपमा वर्गीकरण गर्न सकिन्छ । यस अध्ययनको लागि सम्भावनायुक्त नमुना  छनोटमा परेका सम्बन्धित विद्यालयहरुका अभिभावकहरु, वि.व्य.स., अध्यक्षहरुसँग आमनेसामने बसी अन्तर्वार्ताको माध्यमबाट शोधकर्तालाई पूर्णता प्रदान गर्ने उद्देश्य बमोजिमको तथ्यांक संकलन गरिएको थियो । जसलाई अनुसूची ३ र ४ मा उल्लेख गरिएको छ ।

**ग) समूह छलफल विधि**

विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.को भूमिका सम्बन्धमा विद्यालयका विद्यार्थीहरुसँग प्रत्यक्ष भोट व्यक्तिगत एवम् सामूहिक छलफल संचालन गरी तथ्यांक संकलन गरिएको थियो । जसलाई अनुसूची ५ मा उल्लेख गरिएको छ ।

**घ) अवलोकन फारम**

गुणात्मक अनुसन्धानका महत्वपूर्ण विधिमध्ये अवलोकन एक उत्कृष्ट विधि हो । यसले अनुसन्धानकर्तालाई प्रत्यक्ष भएर घटना, अध्ययन, समस्या तथा कुनै विषयवस्तुको गहिराईसम्म पुगी त्यसको सही विश्लेषण गर्न मद्दत गर्दछ । यसमा सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनमा सरोकारवालाको भूमिका र क्रियाकलाप हेर्न अवलोकन फारम निर्माण गरिएको छ । अवलोकन गर्ने क्रममा आर्थिक विवरण संकलनका लागि विद्यालयका आर्थिक अभिलेख तथा रजिष्टरहरुको अवलोकन गरिएको थियो । जुन अनुसूची-६ मा उल्लेख गरिएको छ ।

### ३.५ तथ्यांक संकलन प्रक्रिया

अनुसन्धानका लागि प्रयोग गरिने तथ्य, सूचना, प्रमाण, जानकारी तथा आँकडाहरुलाई तथ्यांक भनिन्छ । यो संख्यात्मक र विवरणात्मक रुपमा रहेको छ । विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.को भूमिका बारे उद्देश्यलाई परिपूर्ति गर्नका लागि छनोटमा परेका ८ वटा प्रा.वि.हरुका प्रधानाध्यापकहरु एवं लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीहरुबाट खुल्ला प्रश्नावली मार्फत विद्यालयको आर्थिक तथ्यांक संकलन गरिएको थियो । त्यसैगरी उक्त विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु एवं सदस्यहरुसँग अन्तर्वार्ता विधिबाट सूचना एवं तथ्यांक संकलन गरिएको थियो साथै विद्यार्थीहरुसँग व्यक्तिगत र सामूहिक छलफलमा बसी प्रश्नावली मार्फत तथ्यांक संकलन गरिएको यिथो र विद्यालयका आवधिक आर्थिक रजिष्टरहरुको अवलोकन गरी सम्बनिधत सूचना र तथ्यांक संकलन गरिएको थियो ।

### ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

कच्चा तथ्यांकहरुको प्रतिनिधिमूलक अंकहरु निर्माण गर्ने र तिनीहरुको आधारमा अनुसन्धानका समस्याहरुलाई निष्कर्षमा पुऱ्याउन गरिने सम्पूर्ण प्रक्रियाहरुलाई तथ्यांक विश्लेषण प्रक्रिया भनिन्छ । यस अध्ययनको क्रममा संकलनमा अधिकांश प्राथमिक सूचनाको संकलन र केही गौण सूचनाको संकलन गरी सरोकारवालाहरुसँग छड्के प्रश्न गरी प्राप्त सूचनाहरु बीच तुलना गरिएको छ । संकलित सूचनाहरुको वर्गीकरण गरिएको छ । सूचना एवं तथ्यांकलाई गुणात्मक र परिमाणत्मक ढाँचाबाट विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । यसरी विभिन्न विधि तथा साधनहरुको प्रयोगबाट प्राप्त तथ्यांकहरुलाई तालिकामा राखी तालिकीकरण प्रक्रियाबाट विश्लेषण गरिएको छ साथै ती तथ्यांकहरुलाई एक आपसमा तुलना गरी तुलनात्मक ढंगबाट वर्णन गरिएको छ । प्राप्त सूचना र तथ्यांकहरु तालिकीकरण, तुलनात्मक र व्याख्यात्मक तरिकाहरुबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद-चार

# नतिजाको विश्लेषण

यस शोध अध्ययनलाई वस्तुपरक एवम् व्यवहारिक बनाउन सकियोस् भन्नको लागि विभिन्न सम्बन्धित निकायहरु, विभिन्न स्रोतहरुबाट तथ्यांक संकलन गरी सकेपछि त्यसो विश्लेषण तथा प्रस्तुतिकरण गर्न एक महत्वपूर्ण कार्य हुन आउँछ । यो अनुसन्धानको महत्वपूर्ण पक्ष पनि हो । तथ्यांकहरुको सही विश्लेषणबाट नै विषयवस्तुको निष्कर्षमा पुग्न सकिन्छ । यस अध्ययनकर्ताले सिरहा जिल्लाको भगवानपुर स्रोत केन्द्र अन्तर्गतका गा.वि.स.हरु महेशवारी, भगवानपुर, अयोध्यानगर एवं असनपुरका विद्यालयहरुको आर्थिक व्यवस्थापनमा प्र.अ.को भूमिका एवं अध्ययन शीर्षकमा अध्ययन गर्नका लागि तयार पारेका ५ प्रकारका प्रश्नावलीका आधारमा स्थलगत सर्वेक्षणबाट तथ्यांक संकलन गरी प्राप्त तथ्यांकलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गर्ने कार्य गरिएको छ । संकलित तथ्यांकलाई विश्लेषण गर्दा उद्देश्य र अनुसन्धान प्रश्नहरुको आधारमा विश्लेषण गरिएको छ र व्याख्या सैद्धान्तिक रुपमा गरिएको छ ।

## ४.१ प्राथमिक विद्यालमा आन्तरिक स्रोतहरुको अवस्था

विद्यालयहरु आर्थिक रुपमा गरीब रहेको पाइन्छ । खास कुनै कुनै विद्यालयहरु जुन जमिन्दारहरुले आफ्नो पिता पुर्खाको नाममा स्थापना गरेका छन्, ती विद्यालयहरु मात्र आर्थिक रुपमा सम्बद्ध रहेको कुरा अभिभावकले बताउँछन् । समुदायको सक्रियतामा आवश्यकता बोध भई खुलेको सामुदायिक विद्यालयहरुको आर्थिक अवस्था राम्रो भएको वि.व्य.स. अध्यक्ष बताउँछन । त्यसैपनि सामुदायिक विद्यालयलाई गरिब वर्गको बालबालिका पढ्ने विद्यालयको रुपमा चिनिन्छ । कहिले रुखको छहारीमा कक्षा संचालन गरिने त कहिले पाल टाँगेर कक्षा संचालन गर्ने विद्यालय हाम्रो थियो भने प्रा.वि. चियाबारीका प्र.अ. भन्छन् । समाजको बढ्दो राजनीतिक मतभिन्नता पनि विद्यालयको आर्थिक स्रोत ढलमल्लिएको अवस्था देखिन्छ । स्रोत केन्द्रहरुको लापरवाही तथा सरकारको सामुदायिक विद्यालयहरुप्रतिको उदासिनता पनि विद्यालयको अवस्था खस्किनमा जोड गरेको गुनासो अभिभावकले गर्छन् । कतिपय विद्यालयहरुको त आफ्नो नाममा जग्गा समेत नभएको भेटिन्छ । जसको नाममा जग्गा छ त्यसले विद्यालयलाई बेलाबखतमा अवरोध गरेको भने प्र.अ. ले दुःखेसो पोख्छन् ।

तराईको सन्दर्भमा २०४६ सालपछि खुलेको प्राथमिक तहका सामुदायिक विद्यालयहरुको आर्थिक अवस्था दयनीय छ ।

कतिपय विद्यालयको त विद्यालय कम्पाउण्ड बाहेक कुनै पनि चल, अचल सम्पत्ति देखिदैन । कतिपयको अचल सम्पत्ति भएता पनि विद्यालयको उपभोग गरिरहेको पाइदैन । अधिकांश विद्यालयहरुमा सरकारी अनुदान बाहेक कुनै पनि किसिमको आन्तरिक आयस्रोतहरु नभएको देखिन्छ । सरकारी अनुदान पनि तलब भत्ता शीर्षक बाहेक केही रकम मात्र मसलन्द तथा विद्यालय सुधार योजना अन्तर्गत प्राप्त गर्ने गरेको देखिन्छ । यस अध्ययनको क्रममा सर्वेक्षण गरिएका विद्यालयहरुको आन्तरिक आयस्रोतहरु झिनो मात्रामा रहेका देखिन्छ । आन्तरिक आयस्रोतहरु थोरै भए पनि त्यसको व्यवस्थापनमा प्र.अ. लाई पहाड झै चुनौतिहरु झेल्नुपर्ने गरेको बताइन्छ । विद्यालयका विभिन्न आन्तरिक आयस्रोतहरु हुन्छन् । जसमा अध्ययनको क्रममा पाइएका विद्यालयका आन्तरिक आयस्रोतका अवस्थाबारे तल उल्लेखित बुँदाहरुमा प्रष्टाइएको छ ।

### ४.१.१ जग्गा

पूर्वकालदेखि नै शिक्षा क्षेत्रमा समुदायको योगदानको महत्वपूर्ण स्थान रहेको छ । विगतका समयका सरकारी निकायको सहयोग नगण्य रुपमा रहेको थियो । विद्यालयहरुको आम्दानीका प्रमुख क्षेत्रहरुमा मठ, मन्दिर, गुम्बाहरु नै रहेका थिए । आधुनिक कालमा आएर शिक्षाको प्रचार प्रसार बृहत रुपमा हुन थाल्यो र धार्मिक स्थलबाहेक अन्य सार्वजनिक पौवा, पाटी, चौतारा, रुखमुनि शिक्षा दिने कार्य पूर्व गुरुहरुबाट सुरुवात भएको थियो । धेरै समयको अन्तरालपछि शिक्षा क्षेत्रमा समुदायको योगदान निश्चित रुपमा जग्गा र भवनको साथै अन्य व्यवस्थापन मिलाउने कार्यको थालनी भयो । समुदायको योगदानको रुपमा विद्यालयको नाममा सम्पन्न व्यक्तिहरु र दान दिन इच्छुक व्यक्तिहरुले विद्यालयको नाममा जग्गा हस्तान्तरण गरिएको पाइन्छ । विद्यालयको नाममा उपलब्ध जग्गाहरुबाट प्राप्त आम्दानी विद्यालयको आन्तरिक आयस्रोतको रुपमा गणना गरिनेछ । अध्ययन गरिएका ८ वटा विद्यालयहरु मध्ये ५ वटा विद्यालयको नाममा भवन ओगटेको क्षेत्रफल बाहेक जग्गा रहेको छ भने ३ वटा विद्यालयको नाममा भवन कम्पाउण्ड बाहेक जग्गा नरहेको अवस्था छ । कुनै कुनै विद्यालयको नामदर्तामा जग्गा कम कुनैमा बढी किन/कसरी भयो भन्ने बारेमा सोधपुछ

गर्दा श्री जनसमूह प्रा.वि. गुरुधामका प्र.अ. श्री शिवराम ठाकुरजीले राजनैतिक खिचातानी र व्यक्तिगत टकरावका कारणले जग्गा हुनेहरु पनि नदिएको बताउनु हुन्छ । यसैगरी श्री कविर प्रा.वि. असनपुर-३ का वि.व्य.स. सदस्यले प्र.अ. को लापरवाहीका कारण गाउँलेहरुमा जग्गा दिन नचाहेको बताउँछन् । जग्गा सम्बन्धी विवरण र यसबाट आर्थिक रुपमा प्राप्त हुने आम्दानीको विवरण तल तालिका ४.१ मा उल्लेख गरिएको छ ।

**तालिका ४.१ विद्यालयको जग्गा र प्राप्त वार्षिक आम्दानी विवरण**

| क.सं. | विद्यालयको नाम | भवन सहित कम्पाउण्डको क्षेत्रफल | अन्य जग्गाको क्षेत्रफल | अन्य जग्गाबाट प्राप्त आय |
|---|---|---|---|---|
| १ | श्री ज.प्रा.वि. चियावारी-८ | ०-२-० | ०-७-० | ४,०००।- |
| २ | श्री कविर प्रा.वि. असनपुर-३ | ०-३-५ | | |
| ३ | श्री श्रमिक प्रा.वि. असनपुर-५ | ०-५-० | | |
| ४ | श्री दलित प्रा.वि. बहिरीवानटोल महेशवारी | ०-१०-० | | |
| ५ | श्री प्रा.वि. बदलडारा महेशवारी | ०-३-० | १-२-० | ७,२००।- |
| ६ | श्री प्रा.वि. चारघरे महेशवारी | ०-४-० | ०-१७-० | ३,७००।- |
| ७ | श्री जनताप्रां.वि. भगवानपुर | ०-८-० | | |
| ८ | श्री जन समूह प्रा.वि भगवानपुर | ०-५-० | | |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

प्रस्तुत तालिका ४.१ अनुसार ८ वटा विद्यालयको नाममा रहेको जग्गामा सोधिएको आय विवरणबाट प्राप्त आम्दानीहरु विद्यालयको आन्तरिक (निजी) आम्दानी तर्फ गणना गरी सो रकम वि.व्य.स.को निर्णय अनुसार आवश्यक खर्च गर्ने गरेको छ । श्री प्रां.वि. चियावारी-८ को वार्षिक आम्दानी ९.७२ प्रतिशत जग्गाबाट आम्दानी प्राप्त भएको देखिन्छ । यसैगरी श्री प्रा.वि. बलडारा महेशवारी र श्री प्रा.वि. चारघरे महेशवारी ७ को क्रमशः १.०५ प्रतिशत र ०.७१ प्रतिशत आन्तरिक आम्दानी भएको देखिन्छ ।

### ४.१.२ पोखरी

पूर्वकालदेखि नै निर्माण गरिएका निजी तथा सरकारी अनुदान सहयोगबाट खनिएका पोखरीहरु विद्यालयको नाममा हस्तान्तरण गर्ने परिपाटी थियो भने हाल पनि सो परिपाटी कायम नै रहेको छ । अध्ययन गरिएका ८ वटा विद्यालयहरु मध्ये ४ वटाको नाममा पोखरी समुदायले हस्तान्तरण गरेको पाइयो । उक्त पोखरीमा माछापालन गरी सोबाट प्राप्त आम्दानी ठेक्का लिने व्यक्तिले वार्षिक, अर्द्धवार्षिक रुपमा विद्यालयलाई आम्दानी एकमुष्ट बुझाउने गरेको पाइयो । बाँकी ४ वटा विद्यालय मध्ये १ वटामा खोलाको पानीलाई बाँध बाँधेर जम्मा गरिएको पोखरी झै पानीमा माछापालन गरी बिक्रीबाट आम्दानी रु. चालीस हजार प्रति वर्ष प्राप्त भएको देखिन्छ । पोखरीबाट प्राप्त आम्दानीको विवरण तलको तालिकामा दिइएको छ ।

अध्ययन गरिएको ८ वटा विद्यालयहरु मध्ये ३ वटा विद्यालयहरुमा पोखरी नभएको पाइयो । यसको बारेमा बुझ्दै जाँदा श्री कविर प्रा.वि. असनपुर-३ का प्र.अ.ले गा.वि.स.मा राजनैतिक तनाव र पोखरीको आम्दानी गा.वि.स. का जनप्रतिनिधिहरु आफू खुशी खर्च गर्नै ठानेर पोखरीलाई विद्यालयमा हस्तान्तरण नगरी गा.वि.स. ले आफ्नो निजी आय स्रोतको रुपमा राखेको बताउँछन् । त्यसैगरी श्री जन समूह प्रां.वि. का वि.व्य.स. सदस्यले हाम्रो विद्यालयको भोगमा रहेको सानो तालपछि आएर गा.वि.स..ले हडपेको भन्ने दुःखेसो पोख्छन् । यसरी श्रमिक प्रा.वि. नयाँ स्थापना भएको विद्यालयमा पोखरी नभएको देखिन्छ ।

**तालिका ४.२ विद्यालयको पोखरी प्राप्त आम्दानी विवरण**

| क.सं. | विद्यालयको नाम | पोखरी संख्या | आम्दानी अर्द्धवार्षिक रुपमा |
|---|---|---|---|
| १. | श्री ज.प्रां.वि. चियाबारी८ | | ४०,०००।- |
| २ | श्री कविर प्रां.वि. असनपुर३ | | |
| ३ | श्री श्रमिक प्रा.वि. असनपुर-५ | | |
| ४ | श्री दलित प्रा.वि. बहिरीवानटोल महेशवारी | १ | २०,०००।- |
| ५ | श्री प्रां.वि. बलडारा महेशवारी | | २२,०००।- |
| ६ | श्री प्रा.वि. चारघरे महेशवारी | १ | १५,०००।- |
| ७ | श्री जनता प्रा.वि. भगवानपुर | १ | १२,०००।- |
| ८ | श्री श्री प्रा.वि. सिनुरिया भगवानपुर | १ | |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

प्रस्तुत तालिका ४.२ अनुसार अध्ययन गरिएको ८ वटा विद्यालयहरु मध्ये ५ वटा विद्यालयहरुले पोखरीबाट आम्दानी गरिरहेको पाइन्छ। तालिका उल्लेख गरे अनुसार श्री प्रा.वि. चियाबारी ८ ले कूल आयको ७.२७ प्रतिशत रकम आम्दानी गरेको देखिन्छ भने श्री दलित प्रा.वि. बहिरीवानटोल र श्री प्रा.वि. बल्डारा, श्री प्रा.वि. बलडारा र श्री जनता प्रा.वि. भगवानपुरले क्रमशः १२.९, ३.०९, ३,५७ र १.४ट प्रतिशत कूल आम्दानीको आन्तरिक आम्दानी गरेको छ।

### ४.१.३ चन्दादाताबाट प्राप्त रकम

विद्यालयको प्रशासक इमान्दारीका साथ सक्रिय भएर स्रोत संकलन गर्न चाहेमा आयस्रोत जुटाउन कठिन पर्दैन। हाम्रो समुदायमा दाताहरुको कुनै कमी छैन। उनीहरुको मनोभावलाई बुझेर संस्थाको आवश्यकता दर्शाई समुचित आदरभावपूर्वक अनुरोध गरेमा विद्यालयहरुले ठूलो मात्रामा आयस्रोत चन्दा वा दानबाट उठाउन सक्छन्। विभिन्न यज्ञ, पुराण तथा धार्मिक कार्यहरुबाट विद्यालयहरुले ठूलो धनराशी उठाइरहेको पाइन्छ। अध्ययन गरिएका विद्यालयहरु मध्ये ४ वटा विद्यालयहरुमा २०६८

शैक्षिक सत्रलाई गणना गर्दा कुल १२ जनाबाट रु. एक लाख पच्चीस हजार सहयोग प्राप्त भएको देखिन्छ । यो रकम सामुदायिक प्राथमिक विद्यालयको कक्षाकोठा मर्मत, विद्यालयको पर्खाल लगाउने जस्ता कार्यहरुमा गरी कूल रु. नब्बे हजार खर्च गरिएको पाइयो । खर्च गर्दा वि.व्य.स. को बैठकबाट निर्णय गरेर खर्च गरिएको पाइयो ।

**तालिका ४.३ : चन्दा वापत सहयोग रकम**

| क्र.सं. | विद्यालयको नाम | सहयोग प्राप्त रकम |
|---|---|---|
| १. | श्री ज.प्रा.वि.चियाबारी-८ | ३५,०००।- |
| २. | श्री कविर प्रा.वि. असनपुर-३ | १५,०००।- |
| ३ | श्री श्रमिक प्रा.वि. असनपुर-५ | |
| ४ | श्री दलित प्रा.वि. बहिरीवानटोल महेशवारी | |
| ५ | श्री प्रा.वि. बलडारा महेशवारी | |
| ६ | श्री प्रा.वि. चारघरे महेशवारी | |
| ७ | श्री जनता प्रा.वि. भगवानपुर | ५०,०००।- |
| ८ | श्री प्रा.वि. सिनुरिया भगवानपुर | २५,०००।- |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७०)

प्रस्तुत तालिका ४.३ अनुसार अध्ययन गरिएका ८ वटा विद्यालयहरुमध्ये ४ वटा विद्यालयहरुले चन्दाबाट आन्तरिक आय गरेको देखिन्छ । तालिकामा उल्लेख गरिए अनुसार श्री प्रा.वि. चियाबारीले कुल आम्दानी ९.३६ प्रतिशत रकम चन्दाबाट प्राप्त गरेको देखिन्छ, त्यसैगरी श्री कविर प्रा.वि. असनपुरले ३.१२ प्रतिशत आन्तरिक चन्दाबाट पाएको देखिन्छ भने श्री जनता प्रा.वि. भगवानपुर र श्री श्री प्रा.वि. सिनुरिया भगवानपुरले क्रमशः ६.०९, ३.३३ प्रतिशत कूल आम्दानीको आन्तरिक आम्दानी गरेको पाइयो ।

### ४.१.४ दातृ निकाय/स्थानीय निकाय

हाल नेपालजस्तो विकासोन्मुख देशमा विदेशी सहयोगको अति आवश्यक रहेको छ । देशको विभिन्न आन्तरिक राजनैतिक समस्याहरुको कारण देशले विकासको फड्को मार्न सकेको छैन । यहाँ शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार निर्माण, सुरक्षा आदि क्षेत्रहरुमा वैदेशिक दातृ निकायको सहयोग निरन्तर भइराखेको छ । शिक्षा क्षेत्रमा पनि समयसापेक्ष सहयोग प्राप्त भइराखेको छ । हाल सबैको लागि शिक्षा (सन् २००१-२०१५) सम्मले शिक्षामा बढीभन्दा बढी बालबालिकाको पहुँच गराउन विभिन्न कार्यक्रमहरु र सेवा सुविधाहरु विद्यालयलाई उपलब्ध गराउँदै आएको छ । विद्यालय क्षेत्र सुधार योजना शिक्षा विभागले योजना आयोगको सहयोगमा द्रुतरुपमा विद्यालयको हरेक पक्षको व्यवसथापन मिलाउन अगाडी बढेको देखिन्छ । अध्ययन गरिएको विद्यालयहरु मध्ये २ वटा विद्यालयमा श्री ज.प्रा.वि. चियाबारीमा भौतिक सामग्री तथा श्री जनसमूह प्रा.वि. ईन्द्रेणी गैसस र दातृ संस्था सेभ द चिल्ड्रेनको साझेदारीमा विद्यालय सुधार योजना तर्फ विद्यलायको भवन निर्माणको साथै शिक्षकको पेशागत विकास गर्न तालिम अभिमुखिकरणहरुको व्यवस्था गरेको भने वि.व्य.सदस्यहरु बताउँछन् । ८ वटै विद्यालयहरुमा बालबालिकाको लागि शैक्षिक सामग्री, खानेपानी सुविधा र खेलकूद सामग्रीहरु उपलब्ध गराएको प्र.अ. हरुले जानकारी दिए । शिक्षकहरुको लागि शिक्षक निर्देशिका पुस्तक पनि कक्षा १ देखि कक्षा ५ सम्म उपलब्ध गराएको भने शिक्षकहरु बताउँछन् । असल स्वास्थ्यको लागि जुकाको औषधि, भिटामिन ए क्याप्सुल पनि विभिन्न समयमा वितरण गरिरहेको विद्यार्थीहरुले जानकारी दिन्छन् ।

**तालिका ५: स्थानीय निकायबाट प्राप्त सहयोग**

| क.सं. | विद्यालयको नाम | भवन संख्या |
|---|---|---|
| १. | श्री ज.प्रा.वि.चियाबारी-८ | |
| २. | श्री कविर प्रा.वि. असनपुर-३ | |
| ३ | श्री श्रमिक प्रा.वि. असनपुर-५ | |
| ४ | श्री दलित प्रा.वि. बहिरीवानटोल महेशवारी | |
| ५ | श्री प्रा.वि. बलडारा महेशवारी | |
| ६ | श्री प्रा.वि. चारघरे महेशवारी | |
| ७ | श्री जनता प्रा.वि. भगवानपुर | १ |
| ८ | श्री प्रा.वि. सिनुरिया भगवानपुर | १ |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७०)

प्रस्तुत तालिका अनुसार अध्ययन गरिएको ८ वटा विद्यालयहरु मध्ये २ वटा विद्यालयको भौतिक अवस्थालाई मध्यनजर गरी इन्द्रेणी गै.स.स. र सेभ द चिल्ड्रेनको सहयोगमा श्री जनता प्रा.वि. मा ३ लाख पचास हजारको लागतमा साथै श्री जनसमूह प्रा.वि. मा ४ लाखको लागतमा भवन निर्माण भएको देखिन्छ ।

### ४.१.५ विद्यार्थी शुल्क

विद्यलायसँग प्रत्यक्ष सरोकार राख्ने विद्यार्थीहरु हुन्छन् । विद्यार्थीहरुको लागि नै विद्यालय पनि स्थापना भएकोले विद्यालयको प्रमुख उद्देश्य विद्यार्थीहरुमा ज्ञान, सीप बढाई राष्ट्रले लिएको उद्देश्य परिपूर्ति गर्नु हो । विद्यालयको चौतर्फी विकास गर्न गराउन विद्यार्थीहरुबाट लिइने शुल्कहरु संस्थागत विद्यालयको विकासको प्रमुख आयस्रोतको रुपमा लिएको पाइन्छ । तर सामुदायिक विद्यालयहरुको अधिकांश रुपमा खर्चहरु नेपाल सरकारबाट प्राप्त हुने गरेको र शिक्षा निःशुल्क गर्नुपर्छ भन्ने नाराले कक्षा १-५ सम्म पूर्ण निःशुल्क गरिएको हुनाले विद्यालयहरुमा विद्यार्थीहरुबाट आन्तरिक आयस्रोतको रुपमा प्राप्त हुने विद्यार्थी शुल्कहरुको अवस्था शून्य रहेको पाइयो ।

### ४.१.६ प्राकृतिक स्रोत/साँस्कृतिक सम्पदा

प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदाहरु सामाजिक संस्थाहरुको प्रमुख सम्पत्तिको रुपमा रहेको पाइन्छ । कतिपय विद्यालयहरु त गुठी तथा मठ मन्दिरहरुको नीजि सम्पत्तिमा निर्माण भई सञ्चालन भइरहेको पाइन्छ । प्राकृतिक स्रोत तथा साँस्कृति सम्पदाहरु विद्यालयको आन्तरिक आयस्रोतको रुपमा पाइयो । विद्यालयहरुको आन्तरिक आयस्रोतको रुपमा विद्यालय रहेको क्षेत्र वरिपरि रहेका प्राकृतिक सम्पदा र धार्मिक स्थलहरु पर्दछन् । अध्ययन गरिएको विद्यालयहरु मध्ये प्रा.वि. लालपुर र महेशवारी विद्यालयहरुले नजिकको जंगलबाट आयस्रोत संकलन गर्ने गरेको पाइयो । १ वटा विद्यालयको नजिकमा रहेको रामजानकी मन्दिर र त्यसबाट संकलन भएको गुटीहरु विद्यालयको आन्तरिक आयस्रोतको रुपमा उपयोग गरेको पाइयो ।

**तालिका ६ : प्राकृतिक तथा साँस्कृतिक सम्पदाबाट प्राप्त आम्दानी विवरण**

| क्र.सं. | विद्यालयको नाम | प्राकृतिक सम्पदा | साँस्कृतिक सम्पदा | सहयोग प्राप्त रकम |
|---|---|---|---|---|
| १. | श्री ज.प्रा.वि.चियाबारी-८ | | | |
| २. | श्री कविर प्रा.वि. असनपुर-३ | | | |
| ३ | श्री श्रमिक प्रा.वि. असनपुर-५ | | | |
| ४ | श्री दलित प्रा.वि. बहिरीवानटोल महेशवारी | १ | | २०,०००।- |
| ५ | श्री प्रा.वि.. बलडारा महेशवारी | | | |
| ६ | श्री प्रा.वि. चारघरे महेशवारी | १ | | २५,०००।- |
| ७ | श्री जनता प्रा.वि. भगवानपुर | | १ | १०,०००।- |
| ८ | श्री प्रा.वि. सिनुरिया भगवानपुर | | | |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७०)

प्रस्तुत तालिका अनुसार अध्ययन गरिएका ८ वटा विद्यालयहरु मध्ये २ वटा विद्यालयहरुले प्राकृतिक सम्पदा जंगलबाट र १ वटा विद्यालयले साँस्कृतिक सम्पदाबाट आन्तरिक आय प्राप्त गरेको देखिन्छ । तालिका अनुसार श्री दलित प्रा.वि. बहिरीवान टोले कुल आम्दानीको १२.९ प्रतिशत रकम जंगलबाट प्राप्त गरेको देखिन्छ । त्यसैगरी श्री प्रा.वि. चारघरे महेशवारीले आफ्नो कूल आयको ५.६५ प्रतिशत रकम वनबाट नै पाएको देखिन्छ । श्री जनता प्रा.वि.

संग्रामपुरले साँस्कृतिक सम्पदाको रुपमा रहेका र श्री रामजानकी मन्दिरको भेटी रकम आन्तरिक आयको रुपमा प्राप्त गरेको देखिन्छ । सो विद्यालयले आफ्नो कूल आयको १.२१ प्रतिशत रकम आन्तरिक आय मन्दिरबाट प्राप्त गरेको एक शिक्षकले बताउँछन् ।

### ४.१.७ दण्ड जरिवानाबाट प्राप्त रकम

समाजमा भएका मानिसहरु विभिन्न शैक्षिक स्तर र आर्थिक अवस्थाका हुन्छन् । मानिस एक सामाजिक प्राणीको रुपमा गणना गरिन्छ । समाजका केही आफ्नै नीति नियम, मूल्य मान्यताहरु रहेका हुन्छन् । कोही पनि समाजमा सही रुपले समायोजन हुनको लागि यी मूल्य मान्यताहरुलाई अंगालेर अगाडी बढ्नुपर्दछ । सामाजिक रितीरिवाज, चालचलन, नीति नियम जानी जानी उल्लंघन गर्ने जो कोही पनि दण्डको भागी बन्नुपर्छ भने सामाजिक मान्यताले समाज अगाडी बढिरहेको छ । यसै क्रममा नचाहँदा चाहिदै पनि समाजमा अप्रत्याशित रुपमा घटनाहरु कहिले काही घटने गर्दछन् । जुन घटनाक्रमलाई सामाजिक किसिमले अन्य पक्षले मूल्यांकन गरिरहेको हुन्छ । मूल्यांकनको क्रममा घटनाको दोषी मानिएका व्यक्तिलाई पुनः समाजमा सही व्यक्तिको रुपमा स्थापित गर्ने उद्देश्यले गर्ने आर्थिक रुपमा दिइएको सजाय नै दण्ड जरिवाना हो । अध्ययन गरिएको विद्यालयहरु श्री ज.प्रा.वि. महेशवारीलाई २० हजार यस्ता दण्ड जरिवानाबाट समाजले दिलाएको विद्यालय व्यवस्थापन समितिका अध्यक्षले बताउनु हुन्छ ।

### ४.१.८ फूलबारी/बगैंचाको आम्दानी

तराईका सामुदायिक विद्यालयहरुको आन्तरिक आयस्रोतको रुपमा फूलबारी तथा बगैंचाहरु भएको पाइन्छ । फूलबारी तथा बगैंचाहरुको व्यवस्थापन गरेर विद्यालयहरुले मनग्य आम्दानी गरिरहेको पाइन्छ । पर्यावरणीय रुपमा पनि सघाउ पुऱ्याउने फूलबारी तथा बगैंचाहरु सामुदायिक विद्यालयको राम्रो आयस्रोतको रुपमा रहेको पाइन्छ । यस शोधकार्यका लागि गरिएका अध्ययनबाट ३ वटा विद्यालयले आँपको फूलबारीबाट लगभग वार्षिक चालिस हजार आय गरिरहेको प्र.अ. हरु भन्नुहुन्छ । २ वटा विद्यालयहरुले आफ्नो जग्गामा वृक्षारोपण गरेको अभिभावकले भन्नुहुन्छ ।

**तालिका ७ फूलबारी र बगैंचाबाट प्राप्त आम्दानी विवरण**

| क्र.सं. | विद्यालयको नाम | फूलबारी/बगैंचाबाट प्राप्त आम्दानी |
|---|---|---|
| १. | श्री ज.प्रा.वि.चियाबारी-८ | १५,०००।- |
| २. | श्री कविर प्रा.वि. असनपुर-३ | |
| ३ | श्री श्रमिक प्रा.वि. असनपुर-५ | |
| ४ | श्री दलित प्रा.वि. बहिरीवानटोल महेशवारी | १०,०००।- |
| ५ | श्री प्रा.वि.. बलडारा महेशवारी | |
| ६ | श्री प्रा.वि. चारघरे महेशवारी | १५,०००।- |
| ७ | श्री जनता प्रा.वि. संग्रामपुर लालपुर-१ | |
| ८ | श्री प्रा.वि. सिनुरिया भगवानपुर | |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७०)

प्रस्तुत तालिका अनुसार अध्ययन गरिएका ८ वटा विद्यालयहरु मध्ये ३ वटा विद्यालयहरुले फूलबारी/बगैंचाबाट आन्तरिक आय प्राप्त गरेको देखिन्छ। तालिकामा उल्लेखित विद्यालयहरुमाम श्री ज.प्रा.वि. चियाबारीले आफ्नो कूल आयको २.७२ प्रतिशत रकम फूलबारीबाट आन्तरिक आम्दानी गरेको देखिन्छ। त्यसैगरी श्री दलित प्रा.वि. बहिरीवानले ६.४५ प्रतिशत रकम र श्री प्रा.वि. चारघरे महेशवारीले आफ्नो ३.५७ प्रतिशत रकम फूलबारीबाट आन्तरिक आय गरेको देखिन्छ।

विद्यालयको आन्तरिक आयस्रोतको वर्तमान अवस्थाबारे अध्ययन गर्ने शिलशिलामा निर्धारित विद्यालयहरुको आन्तरिक आयश्रोतको अवस्था न्यून रहेको देखिन्छ। उल्लेखित विद्यालयहरुमध्ये ५ वटा विद्यालयको नाममा भवन चौर बाहेक अन्य जग्गा नभएको र ३ वटा विद्यालको नाममा जग्गा उपलब्ध रहेको र सोबाट वार्षिक रु. १४,९००।- संकलन भएको देखिन्छ। यसैगरी ५ वटा विद्यालयले विद्यालयको नाममा रहेको पोखरीबाट वार्षिक एक लाख नौ हजार आम्दानी गरेको देखियो। त्यसैगरी यस विद्यालयमा पोखरी नमुना को प्रमुख कारण राजनैतिक खिचातानी र विद्यालय प्रतिको आर्थिक कारोबारप्रतिको बढ्दो अविश्वासको कारण पोखरी रहेता पनि गा.वि.स. ले आफनो मातहतमा राखेर भोग गर्दै आएको सरोकारवालाहरुले

बताउँछन् । चन्दा सहयोग वापत ४ वटा विद्यालयले आ.व. २०६७०६८ मा रु १,२५,०००।- प्राप्त गरेको देखियो । यसको साथै स्थानीय गैरसरकारी संस्थाले अध्ययन गरिएको ८ वटा विद्यालयमध्ये २ वटा विद्यालयको कोठे भवन निर्माण गरेको पाइयो । विद्यालय भवन तथा व्यवस्थापन पक्षमा समस्या भोलि रहेको अन्य विद्यालयहरुमा पनि गैर सरकारी संघ संस्था तथा सरोकारवाला पक्षले ध्यान पुऱ्याउनु पर्ने अति आवश्यक देखिन्छ ।

विद्यालयको विद्यार्थीहरुबाट प्राप्त हुने शुल्कको रुपमा नेपाल सरकारले प्रा.वि. तहमा निःशुल्क शिक्षाको घोषणा गरे अनुसार यस तर्फको आम्दानी शुन्य देखिन्छ । प्राकृतिक श्रोतको रुपमा वनजंगलबाट ४५,०००।- र मठ, मन्दिरमा भेटी वापत चढाएको चिज वस्तुबाट प्राप्त आम्दानी रु.१०,०००।- देखिन्छ । यसैगरी दण्ड, जरिवानाबाट ज.प्रा.वि. महेशवारीले रु. २०,०००।- प्राप्त गरेको पाइयो र फूलबारी बगैंचाबाट वार्षिक ४०,०००।- प्राप्त गरेको पाइयो ।

अलफ्रेड मार्सलबाट प्रतिपादित माग र आपूर्ति सिद्धान्त यस अध्ययनसँग पुर्णता मेल खाएको देखिन्छ । समुदायको माग पहिले पनि विद्यालय गुणस्तरीय शिक्षा प्रदान र विद्यालयको आन्तरिक, आयस्रोत संकलन होस भन्ने पाइन्छ । विद्यालयमा बढी भन्दा बढी आयस्रोत संलन हो भन्ने पाइन्छ साथै विद्यालयले गुणस्तरीय शिक्षा र आन्तरिक आय स्रोतको उचित व्यवस्थापन समुदायलाई आपूर्ति गर्न सक्यो भने समुदायले यथेष्ट मात्रामा आन्तरिक आयस्रोत विद्यालयलाई आपूर्ति गर्ने धारणा सरोकारवालाहरुको पाइन्छ ।

## ४.२ प्राथमिक विद्यालयमा आन्तरिक स्रोत परिचालनमा प्र.अ.को भूमिका

विद्यालयको व्यवस्थापन वा प्रशासकका रुपमा सुपरिवेक्षकका रुपमा नेतृत्वकर्ताको रुपमा, सहजकर्ता तथा समन्वयकर्ताको रुपमा प्र.अ.लाई मानिन्छ । किनभने विद्यालयको सम्पूर्ण जिम्मेवारी प्र.अ.को काँधमा रहेको हुन्छ । विद्यालयको चौतर्फी विकासको लागि प्र.अ. दत्तचित्त भई निष्ठावान भएर आफ्नो कर्तव्य पथमा बढ्नुपर्ने हुन्छ । आर्थिक व्यवस्थापन विद्यालयको महत्वपूर्ण पक्ष मानिन्छ । आर्थिक व्यवस्थापनको सामान्य त्रुटिले विद्यालयको शैक्षिक एवम् भौतिक वातावरण खलबल्लिन सक्छ । प्र.अ.ले समुदायसँग प्रत्यक्ष सम्बन्ध राखेर वि.व्य.स.को निर्णय मुताबिक शिक्षा ऐन तथा नियमावलीको परिधीमा रही आर्थिक व्यवस्थापनको महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । विद्यालयका स्रोतहरुको पहिचान गर्नु, स्रोत बढाउनु, आयस्रोको व्यवस्थापन गर्नु साथै सो क्रममा आइपर्ने समस्याहरुलाई निर्भिक भई समाधानको

लागि पहल गर्नुपर्ने हुन्छ । हुनत् विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.को अवस्था कमजोर नै पाइयो । अभिभावकवर्ग र प्र.अ.को बीचमा आर्थिक विषयवस्तुलाई लिएर राम्रो सम्बन्ध रहेको पाइएन । प्र.अ.हरु सक्रियता साथ काम गरेता पनि समुदायको चित्तबुझ्दो अवस्था नरहेको पाइयो । विद्यालयको विकासमा समुदाय, अभिभावक, प्र.अ. तथा अन्य सरोकारवाला पक्षहरु झिनामसिना कुराहरुलाई छोडेर संस्थागत हितको लागि अघि बढ्नु पर्ने देखिन्छ । विद्यालयको आन्तरिक आयस्रोत व्यवस्थापन कुशल र प्रभावकारी ढंगले गर्न निम्न कुराहरुमा जोड दिनुपर्ने देखिन्छ ।

### ४.२.१ सहभागितामूलक निर्णय प्रक्रिया

विद्यालय एक सार्वजनिक संस्था हो । संस्थको कुनै पनि क्रियाकलापहरुको संचालन व्यवस्थापन कार्यहरु निर्णयद्वारा गर्नुपर्ने हुन्छ । निर्णय प्रक्रिया सहभागितामूलक एवम् प्रजातान्त्रिक प्रक्रियाबाट भएको खण्डमा त्यस्ता प्रकारका निर्णयहरु कार्यान्वयन गर्न गराउन सजिलो हुन्छ । निर्णय विपरीत गरेको कार्यहरु अवैधानिक र न्यायसँगत हुँदैन । अर्कोतिर निर्णय नगरी गर्ने कार्यहरु अपारदर्शी र दस्तावेज समेत नरहने भएकोले यसलाई लिखितीकरण गर्दै लैजानुपर्ने हुन्छ । भविष्यमा आउँदो पुस्तालाई समेत पाठ सिक्ने अवसर प्राप्त हुन्छ । प्र.अ. विद्यालयको लागि एक अगुवाकर्ता र प्रशासनिक अधिकार प्राप्त व्यक्ति हुन्छ । विद्यालयमा गरिने कार्यहरुको थालनी निर्णय पश्चात गर्नुपर्ने हुन्छ । प्र.अ.ले आवश्यकता अनुसार सरोकारवाला पक्षहरुको सहभागिता गराई निर्णयहरु लिनुपर्दछ । यसरी सरोकारवाला पक्षहरु वि.व्य.स., शिक्षक, विद्यार्थी, शि.अ.संघ आदि पक्षहरुलाई सहभागिता गराई लिएको सर्वसम्मतिको निर्णय अनुसार काम प्रक्रिया प्रजातान्त्रिक व्यवस्थित ढंगले कार्यान्वयन गर्ने अवसर प्राप्त हुन्छ । तसर्थ प्र.अ.ले सहभागितामूलक निर्णय प्रक्रियामा जोड दिनुपर्छ । अत: विद्यालयको आन्तरिक स्रोत व्यवस्थापनलाई प्र.अ.ले सरोकारवालाहरु जग्गादाता, अभिभावक, शिक्षक, विद्यार्थी तथा अन्य निकायका प्रतिनिधिहरु समेतको सहभागितामा निर्णयात्मक बैठकको आयोजना गरी सम्पूर्ण सहभागीहरुको भावनालई समेत कदर गर्दै स्रोत पहिचान, परिचालन तथा व्यवस्थापन कार्यको लागि योजना निर्माण तथा कार्यान्वयन गरी प्र.अ.ले. विद्यालयको आन्तरिक स्रोत व्यवस्थापनको लागि सहभागितामूलक निर्णय गराई कार्य गर्दा प्रभावकारी हुने थियो र सक्षम प्र.अ.को रुपमा समेत समुदायमा स्थापित हुन सक्ने देखिएको छ ।

### ४.२.२ स्थानीय निकाय तथा दातृ निकायसँग समन्वय तथा सहकार्य

विद्यालयको उचित व्यवस्थापन गर्न प्रमुख जिम्मेवारी विद्यालयसँग सरोकार राख्ने सरोकारवाला पक्षको हुन्छ । आन्तरिक स्रोतबाट प्राप्त हुने गरेको रकमहरुको खर्च व्यवस्थापनको जिम्मा समुदाय, अभिभावक, वि.व्य.स. तथा विद्यालय प्रशासनको हुन्छ । विद्यालयको चौतर्फी विकासको लागि स्थानीय निकायको रुपमा स्थापित संघ संस्थाहरुसँग सम्पर्क समन्वय र सहकार्यको भूमिका निर्वाह गर्नु हरेक बखत सरोकारवालाहरुको ध्यान केन्द्रित रहनु पर्दछ । उक्त संस्थाहरुको उद्देश्यसँग मेल खाने कार्यक्रमको क्षेत्रमा उनीहरुबाट सहयोग लिनुपर्दछ । यसैगरी कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायमा सम्पर्क स्थापित गरी विद्यालयको आवश्यक व्यवस्थापन पक्षमा सहयोग पुऱ्याउन सक्रिय भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । सरोकारवाला पक्षको पारदर्शीता तथा स्वच्छ विद्यालय परिवारप्रति समुदायको सहभागिता एवं सहयोग रहेमा दातृ निकायको काम गर्ने वातावरण बन्छ । विद्यालयको नाममा प्राप्त हुने रकमहरुको उचित व्यवस्थापन भएमा आर्थिक पारदर्शिता बढ्न गई समुदायको विश्वास जित्न सकिन्छ । तसर्थ सरोकारवाला पक्षको विद्यालय प्रतिको सक्रिय भूमिकाको फलस्वरुप विद्यालयको व्यवस्थापनमा सकारात्मक परिवर्तन हुन सक्छ ।

विद्यालयका सरोकारवाला पक्षहरुमध्ये प्र.अ., शिक्षक, वि.व्य.स. ले स्थानीय निकायको रुपमा रहेका गा.वि.स., राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरु/जि.वि.स.सँग समय समयमा आ-आफ्नो विद्यालयको समस्या समाधानका लागि लिखित रुपमा सिफारिश पेश गर्ने गरेको पाइयो । तर सरोकारवालाको पहलको कमजोरीको कारण सहयोग प्राप्त गर्न नसकेको देखिन्छ । साथै प्र.अ. श्री फकिर यादव ज्यूको भनाई अनुसार समस्या सिफारिश गरेर मात्र सहयोगको अपेक्षा गर्नु असम्भव हुन्छ । सहयोग लिन पहल र अनुदान सहयोगमा भर पर्ने गर्दछ । कतिपय विद्यालयहरुको काममा आपसी समन्वय र विद्यालयले व्यहोर्नु पर्ने अनुदान जुटाउन नसकेको कारण सहयोग लिन बञ्चित हुनुपरेको पाइयो । सहयोग रकम स्वीकृत भएर पनि विद्यालयको सरोकारवाला पक्षले संकलनमध्ये व्यहोर्नु पर्ने योगदान नदिएकोले रकम निकासा नभई फर्केर आएका र गएको अवस्था पनि छ भन्नुहुन्छ । अध्ययन गरिएको विद्यालयहरुमध्ये ३ वटा विद्यालयका प्र.अ.ले सरोकारवालाहरुसँग समन्वय नगरेको कारण चाहे जति भौतिक

व्यवस्थापन हुन सकेको छैन । तसर्थ सरोकारवालाको सहभागिता ३ वटा विद्यालयमा न्यून देखियो ।

### ४.२.३ आर्थिक पारदर्शिता

विद्यालयमा गरिने आर्थिक कारोबारसँग सम्बन्धित कार्यहरु सम्पन्न पश्चात ती कार्यहरुको खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ । आर्थिक कारोबारमा संलग्न पक्षहरुले खर्च बिल सही ढंगले पेश गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी लेखापरीक्षणको प्रणाली अनुसार अभिलेख खडा गरी राख्नुपर्दछ । सो खर्च अभिलेख समुदायमा सार्वजनिक गर्नुपर्दछ । खर्च सार्वजनिक गर्दा अनियमितता भएको खर्चलाई सुधार गरी अगामी दिनमा गरिने कार्यहरुमा सल्लाह, सुझावमा सुधार ल्याउनु पर्ने हुन्छ । प्र.अ. ले अधिकार प्राप्त तोकिएको लेखा परीक्षकबाट लेखापरीक्षण वार्षिक रुपमा सम्पन्न गरी आर्थिक पारदर्शितामा जोड दिनुपर्छ । प्र.अ. स्वयम् आर्थिक पारदर्शितामा पछि हट्दा प्र.अ.मा रहने सम्पूर्ण गुण तथा कार्यकुशलतामा प्रतिप्रश्न चिन्ह नआउलान भन्न सकिन्न । हरेक पक्षलाई कमजोर वा बलियो बनाउने तत्वको रुपमा आर्थिक पक्षलाई मानिएको छ र वर्तमान तथा २१ औं शताब्दीको युगमा हरेक नागरिक सचेत तथा सक्षम भएको अवस्थामा प्र.अ.ले आर्थिक गोपनियता राखी आर्थिक पारदर्शिता तर्फ ध्यान नदिने हो भने त्यस प्रकारको प्र.अ.लाई समुदायले आर्थिक अनियमितता गर्ने प्र.अ. को रुपमा समुदायमा परिचित भई भविष्यमा निरीह बन्नुपर्ने अवस्था समेत आउन सक्छन् । प्र.अ.ले अन्य पक्षलाई समेत समेट्दै विशेष गरी आर्थिक क्रियाकलापलाई बढी भन्दा बढी पारदर्शिता गर्दा समुदायमा सम्मान पाउन सक्ने देखिन्छ ।

### ४.२.४ जिम्मेवारी बाँडफाँड

आन्तरिक स्रोत व्यवस्थापनमा प्र.अ. ले निम्नानुसारका जिम्मेवारी बाँडफाँड गरी कार्यकुशलता झल्किने अनुभूति प्राप्त गरिन्छ । प्र.अ. एक व्यक्तिले विद्यालयको चौतर्फी कार्यको जवाफदेही बोकेको भए पनि निजले एक्लो किसिमबाट काम गर्दा विद्यालयको कुनै पनि क्षेत्रमा सकारात्मक काम नहोला भन्ने कुरालाई कसैले पनि नकार्न सक्दैन । तसर्थ प्र.अ.ले विद्यालयको हितमा काम गर्ने शपथ खाई विद्यालयमा उपस्थित भएको हो भनी एकल शक्ति र शैलीभन्दा सामुहिक शक्ति नै प्रभावकारी देखिन्छ र सोको लागि प्र.अ.ले स्थानीय समुदाय समेतको प्रतिनिधित्व हुने गरी विभिन्न समिति तथा

उपसमितिको निर्माण गरी दिशानिर्देश सहित जिम्मेवारी बाँडफाँड गरी अगाडि बढ्नुपर्ने देखिन्छ र प्र.अ.ले नियमति तथा निरन्तर अनुगमन गर्दा प्रभावकारी हुने कुरा प्रष्ट बुझिन्छ र जिम्मेवारी बाँडफाँड गर्दा जुन व्यक्तिको जुन क्षेत्रमा काम गर्ने अनुभव तथा क्षमता रहेको हुन्छ । त्यसैको आधारमा जिम्मेवारी बाँडफाँड गर्नुपर्ने हुन्छ र यसको जानकारी सम्पूर्ण सरोकारवालाहरुलाई गराउनका साथै समितिहरुमा आन्तरिक स्रोतको रुपमा रहेको जग्गा व्यवस्थापन, पोखरी, बाँध व्यवस्थापन तथा गैर सरकारी संस्थाबाट प्राप्त स्रोत व्यवस्थापन सम्बन्धी काम गर्ने निष्पक्ष समिति बनाई काम गर्दा उपयुक्त देखिन्छ ।

### ४.२.५ विद्यालय सुधार योजना निर्माण

योजना बिनाको व्यक्ति तथा संघ संस्था नरहेको कुरा सर्वविदित्तै छ । योजना बिनाको लक्ष्य हुँदैन र लक्ष्य बिनाको कुनै संस्था टिकाउ हुन सक्दैन । प्र.अ.ले सामुदायिक विद्यालयको चौतर्फी विकासको सवालमा काम गर्नुपर्ने जिम्मेवारी बोकी आएको अवस्थामा योजनारहित कार्य गर्दा एक असफल प्र.अ. को रुपमा चिनारी दिन पछि पर्दैनन् । समुदाय सक्रिय भए र विद्यालय सुधार योजना असल देखिए समुदाय विद्यालयको आन्तरिक आयस्रोत बृद्धि गराउनमा पछि पर्दैनन् जस्तो देखिन्छ । प्र.अ.ले विद्यालयलाई एक सुन्दर स्वच्छ शिक्षालयको रुपमा पहिचान गराउनको लागि सर्वप्रथम प्र.अ.सँग विद्यालयको हित र विकासको लागि कार्य गर्न एक विद्यालय सुधार योजना निर्माण गर्नुपर्दछ । जसमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा सामाजिक पक्षसमेतलाई समावेशी समष्टिगत रुपमा दिनुपर्दछ । विद्यालय सुधार योजना निर्माणमा एकल निर्णय परवाह नगरी योजना निर्माण कार्यमा अभिभावक, शिक्षक, वि.व्य.स., विद्यार्थी तथा संस्थागत प्रतिनिधिहरुको समेत सहभागितामा मात्र विद्यालय सुधार योजना निर्माण गर्न सक्षम बन्न सक्ने एक मात्र आधार देखिन्छ ।

प्र.अ.ले यस कर्यको लागि निकटतम सरोकारवाला रहेको अभिभावक वर्गको मनोभावनालाई कदर गर्ने गरी विद्यालय सुधार योजना निर्माण गर्नुपर्दछ । अभिभावकको सक्रिय सहभागिता भएन भने योजना निर्माण तथा कार्यान्वयन समेत नहुने अवस्था आउन सक्छन् । त्यसैले प्र.अ.ले विद्यालय सुधार तथा विकासको मार्गतर्फ अग्रसर हुने हो भने प्र.अ.ले सर्वप्रथम स्थानीय अभिभावकहरुलाई सक्रिय तुलाई निर्माण गर्दा

कार्यान्वयन हुने तर्फ बढ्ने देखिन्छ र अभिभावक निष्क्रिय भए विद्यालय सुधारको कुनै योजना सफल बनाउन सक्दैनन् । त्यसैले प्र.अ.ले अभिभावकलाई सक्रिय भूमिका निर्वाह गराउनमा नेतृत्व गर्नुपर्ने देखिन्छ ।

### ४.२.६ अनुगमन तथा मूल्यांकन

विद्यालयमा शिक्षण कार्यको साथ साथै शिक्षणलाई प्रभावकारी बनाउन विद्यालयको स्रोतहरुको उचित व्यवस्थापन गरि योजना अनुसार क्रियाकलापहरु सम्पन्न गर्नुपर्ने हुन्छ । योजनामा समेटिएका क्रियाकलापहरुको कार्यान्वयनको क्रममा अनुगमन तथा मूल्यांकन गर्नुपर्ने हुन्छ । अनुगमन कार्यक्रमले लिएको उद्देश्य अनुसार क्रियाकलापहरु संचालन भएको हो भने कुन पक्षमा के सुधार गर्नुपर्ने हो सो बारे आवश्यक पृष्ठपोषण, सुझाव, सल्लाह सहित प्रतिक्रिया दिने गर्दछ । साथै मूल्यांकन कार्यक्रम संचालनको क्रममा र अन्तमा गरिन्छ । कार्यक्रम संचालनको क्रममा कार्यक्रममा सकारात्मक सुधार ल्याउन गरिने मूल्यांकन निर्माणात्मक मूल्यांकन हो भने कार्यक्रमको सफलता र असफलता के भएको हो भने अन्तिम निर्णय दिने निर्णात्मक मूल्यांकन हो । यसरी प्र.अ. ले आर्थिक व्यवस्थापनको क्रममा विद्यालयमा संचालन गरिने कार्यहरुको अनुगमन तथा मूल्यांकनको आधारमा प्रतिवेदन बनाई अभिलेख कायम राख्नुपर्छ । अनुगमन तथा मूल्यांकन विशेष गरी माथिल्लो निकायको अगुवाईमा हुने भएको प्र.अ.को अगुवाईमा गरिने कार्यहरु वि.व्य.स., अभिभावक, जि.शि.का. र स्रोत व्यक्तिले गर्ने गर्दछ भने शिक्षक र विद्यालय कर्मचारीको नेतृत्वमा गरिने कार्यहरु प्र.अ.ले नियमित अनुगमन प्रक्रिया गर्नुपर्दछ । शिक्षकद्वारा गरिने शिक्षण क्रियाकलापहरुको अनुगमन गरी प्राप्त कमजोरीलाई सुधार गर्ने सुझाव, सल्लाह दिनुपर्दछ । दिएको सुझाव सल्लाहको कार्यान्वयन भयो कि भएन भन्नका लागि पटक पटक अनुगमन गर्नुपर्दछ । यसरी विद्यालयको चौतर्फी व्यवस्थापन पक्षमा सुधार ल्याउन अनुगमन तथा मूल्यांकनकर्ताको भूमिका खेल्नुपर्दछ ।

### ४.२.७ स्रोत व्यवस्थापन तथा संकलन

शिक्षण सिकाई प्रभावकारी बनाउन विद्यार्थी र शिक्षकको सक्रियताको साथै प्राप्त विद्यालयका स्रोतहरुको उचित व्यवस्थापन र व्यवस्थित किसिमले कार्यान्वयन गर्नुपर्दछ । विद्यालयलाई गर्नुपर्ने थप व्यवस्थापन कार्यका लागि आर्थिक, भौतिक स्रोतहरु

संकलन गर्न प्र.अ. साथै क्रियाशील हुनुपर्दछ । विद्यालयमा रहेका आन्तरिक स्रोतहरुको पहिचान गरी सो स्रोतहरुको प्राप्तीको लागि स्थानीय निकाय, गा.वि.स., संघ संस्था, दातृ निकायसँग समन्वय, जनसम्पर्क विस्तार गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समिति लगायत अभिभावकहरुको साथै सहयोग लिएर अगाडि बढ्नुपर्दछ । समुदायको सहयोग लिन समुदायका विद्यार्थी, अभिभावक लगायत अन्यलाई समेत विद्यालयसँग सम्बन्धित क्रियाकलापहरुको छनोट तथा कार्यान्वयन पूर्व यी पक्षहरुको सहभागिता र सल्लाह सुझाव लिई सोही आधारमा कार्य थालनी गर्नुपर्दछ ।

विद्यालयका आन्तरिक आय स्रोत व्यवस्थापनमा प्र.अ.को भूमिका बारे विश्लेषण गर्ने क्रममा समुदायको मागलाई पूर्ति गर्न विभिन्न भूमिकाहरु निर्वाह गरेको पाइयो । जुन माथि उल्लेखित बुँदाहरुबाट स्पष्ट हुन्छ । बुँदाहरुको आधारमा अध्ययन गरिएको ८ वटा विद्यालय मध्ये ५ वटा विद्यालयले आर्थिक प्रादर्शिता गर्न गराउन लेखापरीक्षण नियमित रुपमा गर्ने गरेको देखियो । विद्यालयमा शिक्षक कर्मचारीहरु बीच जिम्मेवारी बाँडफाँड गरी सौहाद्रपूर्ण वातावरणमा काम प्रक्रिया अगाडी बढाएको देखिन्छ भने विद्यालयमा गरिने विकास निर्माणका कामहरु पूर्व निर्धारित गरिएको एस.आई.पी. अनुसार सम्पन्न गर्ने गरेको पाइयो । एस.आई.पी. लाई अन्य विद्यालय स्तरीय निर्मित योजनाहरुसँग मेल खाने गरी क्रियाकलापहरु सम्पन्न गरेको देखिन्छ । विद्यालय प्रशासन तथा कार्य थालनी पूर्व सहभागितामूलक निर्णय प्रक्रियामा जोड दिएको पाइयो ।

यस अध्ययनलाई पूरा गर्न लिएको माग र आपूर्तिको सिद्धान्त अनुसार प्र.अ.ले समुदायको गुणस्तरीय शिक्षाको मागलाई आपूर्ति गर्न माथि उल्लेखित भूमिकाहरु खेल्नु पर्ने हुन्छ । तसर्थ यो सिद्धान्त यस उद्देश्यसँग मेल खाएको देखिन्छ । यसरी प्राथमिक विद्यालयमा आर्थिक श्रोतको  परिचालनमा प्र. अ. को भूमिकाको भूमिका अति आवश्यक भएको र प्रधानाध्यापकले काम तदारुकताको साथ पूरा गराउनुपर्ने र आफू सक्रिय हुनुपर्ने देखिन्छ ।

## ४.३ विद्यालयको आर्थिकस्रोत परिचालन तथा व्यवस्थापनमा देखा परेका समस्याहरु

कुनै पनि कार्य गर्दा त्यसमा समस्या आउनु भनेको सामान्य कुरा हो । समस्या नभई कार्यको गम्भीरता र शालिनता पनि झल्कदैन । त्यसमा झन विद्यालयको आर्थिक पक्षको व्यवस्थापन

गर्दा समस्या आउनु भनेको त अति सामान्य कुरा हो । जहाँ आर्थिक कारोबार त्यहाँ विवाद, झन्झट हुन्छ नै । विद्यालयको आर्थिक व्यवस्थापन प्र.अ. ले झेल्नुपर्ने समस्याहरु निम्न छन् ।

### ४.३.१ कर्मचारी नहुनु

यस शोधकर्ताका लागि अध्ययनमा गएका विद्यालयहरुमा लेखा प्रशासन हेर्ने कर्मचारीहरु नभएको पाइयो । यसरी प्र.अ. स्वयम्ले आर्थिक कारोबार गरिरहेको हुँदा आर्थिक प्रशासन प्रभावकारी भएको देखिदैन । लेखा सम्बन्धी ज्ञानको अभावमा दोहोरो लेखा प्रणाली राखिएको पाइएन । यसरी प्राविधिक रुपमा लेखा व्यवस्थित नहुँदा आर्थिक भ्रष्टाचार भएको हो कि भन्ने पनि देखिन्छ । प्र.अ. हरुलाई सोमा मुछिएको समेत देखिन्छ । अभिभावकहरुको प्र.अ. प्रतिको बढ्दो अविश्वास पनि आर्थिक व्यवस्थापनको समस्यको रुपमा देखिन्छ । हुन त एक जनाले पूरा समुदायलाई चित्त त बुझाउन सक्दैन, तापनि आर्थिक व्यवस्थापन प्रभावकारी भएमा मात्र विद्यालयको विकास र र गुणात्मक शिक्षा सम्भव हुन्छ । असल आर्थिक व्यवस्थापनको लागि विद्यालयमा कर्मचारीको अपरिहार्यता हुन्छ । प्र.अ. स्वयंले कक्षा संचालन, विद्यालय व्यवस्थापन, स्रोत केन्द्रहरुका कार्यहरु, समुदायसँगको समन्वय यसैगरी धेरै भूमिकामा बस्नुपर्ने हुन्छ । उसले गर्ने सबै कार्यहरु, सुव्यवस्थित हुन सकिरहेको छैन । विद्यालयमा दरबन्दीको अभावमा एक जना शिक्षकले तीनवटा कक्षासम्म भ्याउनु पर्ने हुन्छ । प्रा.वि. हरुमा शिक्षकको दरबन्दी अपुग भएको अवस्थामा लेखा प्रशासन कर्मचारीको बारेमा सपना मात्र हुन्छ भनी प्र.अ. फकिर यादव भन्नुहुन्छ । एक जना कार्यालय सहयोगीले विद्यालयको सरसफाई देखि लिएर कक्षा संचालन समेत गर्नुपर्दा प्र.अ. ले विद्यालयको सम्पूर्ण पक्षमा समय व्यवस्थापन गर्न गाह्रो परिरहेको कुरा प्र.अ. उतिमलाल साह भन्नुहुन्छ । सकेसम्म आर्थिक कारोबार राम्ररी नै राख्ने गरेको भए पनि कर्मचारीको अभावमा दोहोरो लेखाप्रणाली नभएकोले ती प्रा.वि. हरुमा वैज्ञानिक आर्थिक व्यवस्थापन भएको पाइदैन ।

### ४.३.२ स्थायी आयस्रोतको कमी र संकलनमा अप्ठ्यारो

यस शो धसम्बन्धी अध्ययन गर्दा ती नमुना  छनोटमा परेका विद्यालयहरुमा स्थायी आयस्रोतको अभाव देखिन्छ । कुनै कुनै विद्यालयको नाममा जग्गा र सानो दह भए तापनि ठेक्का रकमहरु असुलीमा धेरै अप्ठ्यारो भइरहेको कुरा सम्बन्धित प्र.अ.ले

बताउनुहन्छ । विद्यालयको हकमा रहेको सम्पत्तिलाई समुदायले सकेसम्म निजीकरण गर्न खोजको हुन्छ । स्थानीय प्र.अ. भएको अवस्थामा आयस्रोत व्यवस्थित हुने गरेको पाइयो । विद्यालयको नाममा भएको आयस्रोतहरुको रुपमा पोखरीलाई व्यवस्थित गर्न नसेको कारण हुनुपर्ने आम्दानी प्राप्त नभएको देखिन्छ । विद्यालयको नाममा रहेको रुख चोरर काट्ने प्रवृत्ति रहेको भनी प्र.अ. बाट गुनासो पाइयो । एक त आयस्रोत छैन, त्यसमा झन्झट र जो आउँछ हिसाब खोई मात्र भन्छन् । यसरी प्र.अ. पदमा बस्नु त धेरै समस्या हुन्छ भनेर प्र.अ. शिवराम ठाकुर बताउनुहुन्छ । अभिभावकको अविश्वासको कारण ठेकेदारले रकम नदिएको हो भनी भन्छन् । प्र.अ. ले पैसा खाई दिन्छ, बरु समाजको स्कूल हो, समाजै मान्छेले खाउन भन्ने भावना पनि कतिपय अभिभावकमा पाइन्छ । यसरी जनचेतनाको कमीले पनि मानिसहरुमा विद्यालयप्रतिको धारणामा फरक पाइन्छ । प्र.अ.को लापरवाहीले पनि विद्यालयहरुमा आर्थिक स्रोत संकलनमा अप्ठ्यारो परेको पाइन्छ ।

### ४.३.३ राजनैतिक हस्तक्षेप

विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.ले झेल्नुपर्ने समस्याहरु राजनैतिक हस्तक्षेप पनि एक प्रमुख समस्या हो । विद्यालयको वि.व्य.स. गठन गर्ने क्रममा विवाद हुँदा त्यसको प्रत्यक्ष प्रभाव विद्यालयमा पर्न आउँछ । विद्यालयको पोखरी, जग्गा, फूलबारी जो ठेक्कामा लगाइएको हुन्छ, ती ठेकेदारहरु प्रभावमा लिएर ठूला ठूला दलका राजनीतिकर्मीहरु अध्यक्षलाई असफल पार्ने उद्देश्यले रकमहरु दिन अवरोध गरिरहेको देखिन्छ, साथै प्र.अ. लाई पनि विभिन्न अभियोग लगाई बाधा पुऱ्याई रहेको पाइन्छ । विद्यालयको हरहिसाबको निहुँमा प्र.अ. माथि दुर्व्यवहार गरेको समेत पाइन्छ । विद्यालयमा विभिन्न दलका राजनैतिक कार्यकर्ताले संगठनका कार्यहरु विद्यालयमा नै आयोजना गरी विद्यालयको भौतिक सम्पत्तिहरुको तोडफोड गरी हानी पुऱ्याउँछ । एक दलले कार्यक्रम राख्दा अर्को दलले पनि त्यही किसिमले कार्यक्रमको आयोजना गरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा स्थापित गर्नुको सट्टा अशान्त वातावरणको सृजना गर्दछ । समुदायमा हुने वैवाहिक कार्यक्रमहरु विद्यालय हाथाभित्र नै व्यवस्थापन गरी विद्यालयको शैक्षिक तथा आर्थिक पक्षमा प्रत्यक्ष नोक्सानी पुऱ्याउने अवस्था छ । विद्यालयमा विभिन्न दलका राजनीतिक कार्यकर्ताले संगठनका कार्यहरु विद्यालयमा नै आयोजना गरी विद्यालयको भौतिक सम्पत्तिको तोडफोड गरी हानी पुऱ्याउँछ । एक

दलले कार्यक्रम राख्दा अर्को दलले पनि त्यही किसिमले कार्यक्रमको आयोजना गरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा स्थापित गर्नुको सट्टा अशान्त क्षेत्रको सृजना गर्दछ । समुदायमा हुने वैवाहिक कार्यक्रमहरु विद्यालयको हाता भित्र नै व्यवस्थापन गरी विद्यालयको शैक्षिक तथा आर्थिक पक्षमा प्रत्यक्ष नोक्सानी पुऱ्याएको अवस्था रहेको छ । लोकतान्त्रिक मुलुकमा कुनै न कुनै विचार तथा सिद्धान्तमा नजिकिनु स्वभाविक हो, त्यही कुरा पनि विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.को लागि समस्या हुन आउँछ ।

### ४.३.४ समय व्यवस्थापन गर्न कठिनाइ

संसारको सबैभन्दा ठूलो तथा अमूल्य चिजको रुपमा समयलाई नै मानिएको छ । समयको महत्व नदिने हो भने मानिसले विभिन्न प्रकारको समस्याहरु झेल्नुपर्ने कुरालाई कसैले नकार्न सक्दैनन् ।

अतः विद्यालयमा वर्तमान परिस्थितिमा विभिन्न समस्याहरुको उपस्थिति हुनु भनेको प्र.अ.को समय व्यवस्थापन सम्बन्धी समस्या हो । विद्यालयको प्र.अ. एक व्यक्ति भए पनि निजको काँधमा विभिन्न किसिमको जिम्मेवारीहरु हुन्छन् । यसरी एक व्यक्तिमा विविध जिम्मेवारी हुँदा प्र.अ. ले समयानुसार आफ्नो जिम्मेवारीलाई कुनै पनि हालतमा समय व्यवस्थापन गर्न सक्दैनन् र समय व्यवस्थापन गर्न नसक्नु भनेको विद्यालयमा समस्यै समस्याको बीउ छरिनु हो । यसर्थ विद्यालयको स्रोत जग्गा ठेकेदार, पोखरी ठेकेदार, अभिभावक तथा अन्य दातृ निकायका व्यक्तिहरुसँग निरन्तर समस्या र सहकार्यको लागि समय व्यवस्थापनमा प्र.अ. ले ध्यान नदिनुले नै विद्यालयमा विभिन्न प्रकारका समस्याहरुसँग बाँझी राख्नुपर्ने कुरालाई सबैले मान्यता दिनै पर्नेछ । अतः प्र.अ.को समय अभाव तथा व्यवस्थापनको विद्यालयको भौतिक व्यवस्थापनमा समस्या सृजना गरेको देखिन्छ ।

विद्यालयको आर्थिक कारोबारको अभिलेख राख्न कर्मचारीको अभाव रहेको कुरा प्र.अ. बाट गुनासो प्राप्त भयो । वि.व्य.स.मा राजनैतिक चलखेल र स्वार्थको कारण उपेक्षा गरे अनुसार काम गर्न कठिनाई भएको कुरा शिक्षकहरुबाट प्राप्त भयो । अभिभावकको भेला र वि.व्य.स.को बैठक राख्दा समय दिन नसकेको गुनासो प्र.अ.बाट पाइयो । सरकारी

तथा गैर सरकारी संस्थाहरुबाट सहयोग प्राप्त गर्न अन्य सरोकारवाला पक्षहरुको समयको अभावले सहकार्य र सम्बन्ध विस्तार गर्न नसकेको अवस्था देखिन्छ ।

यस अध्ययनले लिएको माग र आपूर्तिको सिद्धान्त अनुसार जुनसुकै समुदायको व्यक्तिले आफ्नो बालबालिकाले राम्रो शिक्षा प्राप्त गरुन भन्ने हुन्छ । यसको साथै विद्यालयमा गरिने हरेक विकास निर्माण कार्य पारदर्शी एवं व्यवस्थित किसिमले अगाडी बढेको हेर्न चाहन्छन् । तसर्थ समुदायको अझ माँगलाई आपूर्ति गर्न उल्लेखित समस्याहरुलाई समाधान गर्नुपर्दछ । जबसम्म यी समस्याहरुको सही समाधान गर्न सकिदैन तबसम्म समुदायको चाहनालाई सही ढंगले पूरा गर्न सकिदैन । तसर्थ यो सिद्धान्त अध्ययनको यस उद्देश्यसँग मेल खाएको छ । यसरी सारमा भन्नुपर्दा विद्यालयको आर्थिक व्यवस्थापन गर्दा प्रधानाध्यापकले धेरै समस्याहरु झेल्नु पर्दछ ।

## ४.४ आर्थिकस्रोत परिचालन तथा व्यवस्थापन सम्बन्धी समस्याहरु समाधानको उपायहरु

कार्य गर्न व्यक्तिको इच्छाशक्ति दह्रो छ भने जस्तोसुकै समस्याको समाधान खोज्न सकिन्छ । जहाँ चाहना हुन्छ, त्यहाँ बाटो हुन्छ । हरेक समस्याले आफूसँगै समाधानका उपाय पनि बोकेको हुन्छ । त्यसलाई केवल पहिचान र प्रयोग गर्न सकनुपर्छ । विद्यालयको आर्थिक व्यवस्थापनसँग उब्जेका समस्याहरुको समाधानार्थ अवलम्बन गर्न सकिने उपायहरु निम्न हुन ।

### ४.४.१ राजनीतिक हस्तक्षेप कम गर्ने उपाय अवलम्बन गर्ने

नेपाली शैक्षिक क्षेत्र अस्तव्यस्त भइरहेको बेला यस क्षेत्रमा शान्ति सुरक्षा नभई नहुने तत्व हो । विद्यालयहरुमा राजनैतिक हस्तक्षेप नाङ्गो रुपमा रहेको निकै ठूलो प्रभावित बन्न पुगेका छन् । विद्यालयहरु स्रोत साधन समेत राजनैतिक हस्तक्षेपले सदुपयोग हुन सकिरहेको छैन । यसको शिकार विद्यालयहरुको प्र.अ., शिक्षक अन्य कर्मचारीहरु प्रत्यक्ष रुपमा बन्न पुगेका छन् । विद्यालय शान्ति क्षेत्र घोषणा गरे पनि विद्यालयप्रति सकारात्मक सोच बन्न नपुग्नु नै दुःखको कुरा हो । यति सम्मकी विद्यालयहरुको मूल स्रोतको पहिचान वा भइरहेको स्रोत साधनहरुलाई सदुपयोग गर्नुपर्दछ । शैक्षिक क्षेत्रमा समुदाय वा राजनैतिक दलबाट सहयोग भएको ठूलो इतिहासहरु सर्वविदित्तै पाइन्छ तर केही वर्षयता नेपाली राजनैतिकहरुको श्रेय समाजमा अपराधी मानसिकताका कारण

विद्यालयहरु निकै ठूलो समस्याहरु खेपिरहेका छन् । यतिसम्मकी ठूलो योगदान लगानी गर्ने मानसिकता दाताहरु हालै भएको केही लगत राजनैतिक शिकारको डरले आफ्नो सुरक्षा गन्तव्य लिन बाध्य भएको छ । उदाहरणको लागि मधेशबाट केही पहाडे समुदायका मानिसहरु बसाँइ सर्नु ।

अन्त्यमा विद्यालय शान्ति क्षेत्र घोषणा भइसकेको यसको स्रोत आर्थिक संकलन तथा व्यवस्थापन सबै सरोकारवाला पक्ष हिजोको गल्तीलाई आत्मसात गर्दै दत्तचित्त भएर अगाडी बढे मात्र विद्यालयमा आर्थिक व्यवस्थापन सम्भव छ ।

### ४.४.२ निर्णय कार्यान्वयनमा तदारुकता

विद्यालयका प्रमुख जिममेवार रुपमा रहेका प्र.अ. ले विद्यालयका आर्थिक स्रोतको ठोस पहिचान गरी थप आयस्रोतको लागि अगाडि सोच्नुपर्ने जरुरी देखिन्छ । प्र.अ.ले आफ्नो समयको समुचित व्यवस्थापन गरी विद्यालयको कार्यमा लाग्नुपर्छ । १० बजेदेखि ४ बजेसम्म मात्र प्र.अ.ले समय दिने हो, विद्यालयको आर्थिक जस्तो गम्भीर पक्ष व्यवस्थित हुन सक्दैन । विद्यालय व्यवस्थापन समितिद्वारा विभिन्न मितिमा आवश्यकता अनुरुप बैठक, अभिभावक भेला, छलफल राखेर विद्यालयको आन्तरिक स्रोत पहिचान भइरहेको ठोस् आर्थिक लेखाजोखा बारे वि.व्य.स.सँग निर्णय गर्नुपर्दछ ।

विद्यालय सामाजिक संस्था भएकोले समुदायमा रहेका शिक्षाप्रतिको सहयोगी संकलन स्थानीय रुपमा रहेका आन्तरिक स्रोत जस्तै पोखरी, जग्गा, बगैंचा कुनै पनि सहयोग दाताहरुको ठोस विवरण बनाएर विद्यालयमा आन्तरिक सहयोग जुटाउनु, त्यस सहयोगबाट विद्यालयको कुन-कुन पक्षहरुमा खर्च गर्ने भनी वि.व्य.स.सँग छलफल गरी योजना अनुसार लागू गरी सम्पूर्ण हिसाब विवरणलाई निर्णय गराउनुपर्दछ । र यसै साथ विद्यालय आन्तरिक/बाह्य आर्थिक विवरण व्यवस्थित छलफल गरी अभिलेख तयार गर्नु जरुरी छ । जसलाई वि.व्य.स.सँग निर्णय गराउनु अघि विद्यालयको आर्थिक व्यवस्थापन असल हुने देखिन्छ ।

### ४.४.३ आर्थिक पारदर्शिता

विद्यालयको मेरुदण्डहरु मध्ये आर्थिक पक्षलाई एक महत्वपूर्ण पक्षको रुपमा लिइएको छ । अतः विद्यालयको प्रत्येक सरोकारवालाहरुको ध्यान समेत विशेषतः आर्थिक क्रियाकलापमा रहेको कुरा सर्वविदित छ । विद्यालयको सम्पूर्ण पक्षलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आीर्थक पक्षको नै अहम भूमिका रहेको हुन्छ र आर्थिक अपारदर्शिताको कारणले नै विद्यालयमा विभिन्न प्रकारका समस्याहरु सृजना हुन आउँछ । विद्यालयको आर्थिक कारोबारको अभिलेख तन्दुरुस्त रुपमा राखी वार्षिक रुपमा अधिकार प्राप्त जिल्ला शिक्षा कार्यालयबाट खटाएका लेखा परीक्षकबाट लेखा परीक्षण गराउनुपर्दछ । लेखा परीक्षकले दिएको सुझावहरुको कार्यान्वयन गर्नुपर्दछ । त्यसको साथै लेखा परीक्षकले दिएको प्रतिवेदनलाई सरोकारवाला पक्षहरुबीच सार्वजनिक गर्नु पर्ने हुन्छ । तर अध्ययन गरिएको विद्यालयहरु मध्ये तीनवटा विद्यालयहरुमा मात्र लेखापरीक्षण गराएको पाइयो । तसर्थ यो एक समस्याको रुपमा रहेको छ ।

अतः विद्यालयको सरोकारवालाहरुको संयुक्त निर्णय बमोजिम कार्ययोजना निर्माण गरी उक्त योजनाको लागतमा सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता र निर्णयमा गरिने कार्य नै आर्थिक पारदर्शिता हो । र, विद्यालयमा गरिने आर्थिक क्रियाकलापको बारेमा सरोकारवालालाई सूचना तथा जानकारी दिने कार्य समेतलाई आर्थिक पारदर्शिताको रुपमा मानिन्छ । अन्त्यमा विद्यालयको प्र.अ.लाई मर्यादित तवरबाट काम गर्ने प्र.अ.को रुपमा स्थापित हुन चाहने हो भने विद्यालयको क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन तयार गरी सरोकारवालाहरुलाई नियमित निरन्तर सूचना दिई काम गर्दा आर्थिक व्यवस्थापन प्रभावकारी हुने देखिन्छ ।

### ४.४.४ लगानी अनुरुपको प्रतिफल तयार गर्ने

लगानी बिनाको कुनै पनि विद्यालय रहदैनन् र लगानीकर्ताले प्रतिफल प्राप्ती बिनाको लगानी गर्न चाहदैनन् । कुनै पनि विद्यालयको लगानीकर्ताले उद्देश्य सहित लगानी गर्न चाहन्छ त्यो हो गुणस्तरीय शिक्षा र सृजनशील शिक्षा । विद्यालयले जुनसुकै समुदायका लगानीकर्ताको मनोभावलाई मध्यनजर गरी कार्य गर्नुपर्दछ त्यो हो गुणस्तरीय शिक्षा । तसर्थ विद्यालयमा समुदायको लगानीमा ध्यान केन्द्रित गरी निरन्तर लगानी अनुरुपको प्रतिफल तयार गर्न सक्नुलाई विद्यालयको सक्षमता मान्न सकिन्छ । लगानीकर्तालाई

विद्यालयले प्रतिफल उपलब्ध गराउन सकेनन् भने माग र पूर्तिको सिद्धान्त समेत अवलम्बन गरेको साबित हुन सकिदैन । जुनसुकै समुदायले लगानी पश्चात आवश्यक महत्वकांक्षा रहेको कुरालाई कसैले नकार्न सकिन्न र लगानीकर्तालाई विद्यालयले लगानी अनुरुपको प्रतिफल तयार गर्न असक्षम भयो भने विद्यालयको भविष्य छोटिन सक्छ । तसर्थ विद्यालयले समुदायका महत्वकांक्षाको आधारमा प्रतिफल प्रदान गर्न नै विद्यालयको प्रमुख लक्ष्यको रुपमा लिन सकिन्छ । यस प्रकारको कार्यले विद्यालयमा समुदायको मनोबल बढ्दै जाने हो भने विद्यालय टिकाउ हुनुका साथै विवादरहित कार्य समेत हुने भएकोले प्र.अ.लाई विद्यालयमा उद्देश्य प्राप्ती गर्नका साथै निरन्तर विद्यालयको पदोन्नति हुनुका साथै प्र.अ. को भूमिकालाई समेत समुदायले सम्मानित रुपमा परिणत गराउन सक्दछन् । तसर्थ लगानी अनुसारको प्रतिफल तयार गर्न नै विद्यालयको मुख्य लक्ष्यको रुपमा लिन सकिन्छ । यसरी प्र.अ.ले विद्यालय मार्फत गुणस्तरीय शिक्षा आपूर्ति गर्ने हो भने समुदायले विद्यालयका स्रोत संकलन तथा व्यवस्थापनमा प्र.अ. लाई यथेष्ट सहयोग गर्ने देखिन्छ ।
कारोबार गर्दा आर्थिक हिनामिना रोक्न मूल्यांकन र अनुगमन प्रक्रियालाई कायम राखी मूल्यांकनको क्रममा देखिएका कमजोरी पक्षलाई सुधार गर्ने अवसर प्रदान गर्न सक्नुपर्छ । सुधार गर्ने क्रममा अटोरी नियम मिची अगाडी बढ्न खोज्ने पक्षमाथि आवश्यकता अनुसार कानूनी उपचार समेत गर्नुपर्ने देखिन्छ ।

अल्फेड मार्शलबाट प्रतिपादित माग र आपूर्तिको सिद्धान्त यहाँले मेल खाएको देखिन्छ । किनकी मार्शलबाट प्रतिपादित माग र आपूर्तिको सिद्धान्त यहाँ मेल खाएको देखिन्छ । किनकी विद्यालयको आर्थिक व्यवस्थापन गर्दा प्र.अ.ले झेल्नुपर्ने समस्याहरुको समाधान गर्ने उपायहरु प्र.अ.को माग पक्ष रहन्छ भने सम्बन्धित सरोकारवाला पक्ष जस्तै वि.व्य.स. समुदाय स्रोत केन्द्र आपूर्ति गर्ने पक्षको रुपमा रहेका देखिन्छ । यही समुदाय तथा वि.व्य.स. ले प्र.अ.को समस्या समाधानका उपाय पक्ष आपूर्ति गर्ने हो भने समुदायको माग पाउनलाई प्र.अ.ले आपूर्ति गर्ने देखिन्छ । तसर्थ यो सिद्धान्त यस उद्देश्यसँग प्रष्ट मेल खाएको देखिन्छ । जहाँ समस्या हुन्छ त्यहाँ उपाय पनि हुन्छ । विद्यालयको आर्थिक व्यवस्थापन गर्दा प्रधानाध्यापकले आइपर्ने समस्याहरु टार्न विभिन्न उपायहरु अवलम्ब्न गर्न सक्छन् । जो प्रधानाध्यापकको सहयोगी हुन सक्छ ।

# पच्छिेद– पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

यस अध्ययनले जिल्ला सिरहाको भगवानपुर स्रोत केन्द्र अन्तर्गत रहेका महेशवारी, जम्दह, भगवानपुर र असनपुर गा.वि.स.मा पर्ने ८ वटा प्रा.वि.हरुको आर्थिक व्यवस्थापनमा प्र.अ.को भूमिका के कस्तो रहेको विषयमा अध्ययन गरिएको छ । यस भित्र पर्ने विद्यालयको आन्तरिक आयस्रोतहरुको पहिचान गरी ती स्रोतहरुको व्यवस्थापन गर्न प्र.अ.ले. के कस्ता समस्याहरु सामना गर्नुपरेको छ भन्ने विषयलाई केन्द्रित गरी अध्ययन अगाडि बढाएको छ । यसको साथै समस्याहरुको लेखाजोखा गरी समाधानका उपायहरु पनि औंल्याउने प्रयास गरिएको छ ।

विद्यालयहरुको आन्तरिक आयस्रोत पहिचान गर्ने क्रममा अध्ययन गरिएको ८ वटा विद्यालयहरु मध्ये ४ वटा विद्यालयहरुमा १०,०००।- देखि २०,०००।- सम्म सहयोगी समाजसेवीबाट चन्दा सहयोग प्राप्त भएको पाइयो । स्थानीय रुपमा संचालित गैर सरकारी संस्थाद्वारा व्यवस्थापन पक्षहरु जस्तै शौचालय भवन, विद्यालय मर्मत सम्भार गर्न सहयोग गर्नुका साथै शैक्षिक सामग्रीहरु खेलकूद सामग्रीहरु समय समयमा उपलबध गराएको देखियो ।

अध्ययन गरिएको विद्यालयहरुका प्र.अ.ले विद्यालयलाई प्राप्त आन्तरिक आयस्रोतको व्यवस्थापन गर्न वि.व्य.स. लगायत विद्यालयसँग सराकार राख्ने सरोकारवाला पक्षहरुलाई समेत आवश्यकता अनुसार बैठकहरुमा सहभागी गराएको पाइयो । विद्यालयको बैठकको अधिकांश रुपम सर्वम्मतिबाट पारित गरेको पाइयो । आर्थिक कारोबार गर्दा विद्यालयका सरोकारवाला पक्षहरु, वि.व्य.स., शि.अ.संघ, अभिभावक समेतालई जिम्मेवारी बाँडफाँड गरी व्यवस्थापन कार्य अगाडी बढाएको देखियो । विद्यालयमा प्राप्त हुने आन्तरिक स्रोतहरु संकलन र व्यवस्थापन गर्न समेत भूमिका निर्वाह गरेको देखिन्छ । सरकारको तर्फबाट प्राथमिक शिक्षा निःशुल्कको घोषणा गर्नु सान्दर्भिक रहेको तर विद्यालयको व्यवस्थापन तर्फ गर्नुपर्ने सहयोगमा बृद्धिको स्तर न्यून रहेको पाइयो । संस्थागत विद्यालयहरुको संख्या पनि द्रुत रुपमा बढ्नु सामुदायिक विद्यालयको लागि चुनौति रहेको छ । यसरी विद्यार्थी संख्या न्यून रहनु र आर्थिक रुपले सबल अभिभावकहरु संस्थागत विद्यालयतर्फ ध्यान केन्द्रित हुनुले आन्तरिक आयस्रोतमा समुदायलाई गराउन प्र.अ.लाई समेत चुनौतिको रुपमा रहेको देखिन्छ ।

विद्यालयको आर्थिक व्यवस्थापन सम्बन्धी समस्याहरु समाधान गर्न प्र.अ.को एक्लै प्रयासबाट सम्भव हुँदैन । यसका लागि प्र.अ.एउटा संयोजकको भूमिका निभ्याउँदै स्थानीय समुदाय र सरोकारवाला पक्षहरुको साथ सहयोग लिन सक्नुपर्दछ । विद्यालय परिवारहरु बीच सहयोगात्मक भावनाको विकास गर्न सबैसँग आर्थिक कारोबारको पारदर्शिता गर्न गराउनु पर्दछ । विद्यालयमा भए गरेका उपलब्धी, प्राप्त आम्दानी र खर्चहरुको लेखाजोखा, मूल्यांकन गरी सही अनुसार सरोकारवाला पक्षहरुबीच सार्वजनिक गर्नुपर्छ । खर्चहरु गर्दा निर्णय गराई जिम्मेवारी सुम्पिनु पर्दछ । विद्यालय शान्ति क्षेत्र घोषणा अभियानलाई कायम गर्न गराउन अभिभावकलाई अभिमुखीकरण प्रदान गरी प्रतिबद्धता पक्षमा हस्ताक्षर गराउनुपर्दछ । विद्यालयमा गरिएको लगानी अनुरुप प्रतिफल तयार भयो कि भएन सो कुरा कारण सहति बैठक भेलामा सार्वजनिक गरी थप सल्लाह सुझावहरु संकलन गर्नुपर्दछ । जिम्मेवारी बाँडफाँड गरेको अनुसार जिम्मेवारी प्रति जवाफदेहिता निर्वाह गरी अगाडी बढ्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालय गरिएको आर्थिक कारोबारहरुको कानुनी वैधानिकता दिन मान्यता प्राप्त लेखापरीक्षकबाट लेखा परीक्षण गराई सो अभिलेख कायम राख्नुपर्दछ ।

आर्थिक व्यवस्थापन गर्दा प्र.अ. ले झेल्नुपर्ने समस्याहरुको समाधानका उपाय विश्लेषण गर्ने क्रममा मुख्य रुपमा उल्लेख गरिएको बुँदाहरु शान्ति, सुरक्षा, निर्णय कार्यान्वयनमा तदारुकता, आर्थिक पारदर्शिता, लगानी अनुरुपको प्रतिफल रहेका छन् । विद्यालय एक सामुदायिक संस्थाको रुपमा मानिन्छ । यसै गरी विद्यालयले गरेको आर्थिक कारोबारहरुको पारदर्शिता, समय समयमा गर्नु पर्ने हुन्छ । त्यसका लागि वार्षिक रुपमा लेखापरीक्षण गराई सो सम्बन्ध समुदायको अभिभावक भेला गराई सार्वजनिक गर्नुपर्छ । त्यसै गरी नयाँ सुधार योजनाहरु तर्जुमा गर्दा सबैको साथ सहयोग उपयोग संकलन गरी प्राप्त सुझाव अनुसार योजना तर्जुमा गर्नुपर्दछ । विद्यालयमा गरिएको लगानी अनुसार प्रतिफल हासिल गर्न सकिन्छ कि सकिदैन भन्ने कुरा प्रति चनाखो भई गरिएको लगानीलाई सार्थक बनाउन सक्नुपर्दछ । लगानी अनुसार प्रतिफल हासिल गर्न सकिएन भने समुदायको पुनः लगानी गर्नु मान्दैनन् । तसर्थ उद्देश्य किटान गरी लगानीको अनुपातमा प्रतिफल लिन र दिन सक्नुपर्दछ ।

## ५.२ सुझावहरु

यस अध्ययनको आधारमा सिरहा जिल्ला भगवानपुर स्रोत केन्द्र र चन्द्रलालपुर स्रोत केन्द्र का सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ. को भूमिकाको बारेमा निम्नानुसार सुझावहरु रहेका छन् ।

### ५.२.१ नीतिगत तह

सामुदायिक विद्यालयहरुमा पठन पाठन गराउने बढी भन्दा बढी अभिभावहरुको आयस्तर न्यून देखिएकोले पोशाक, यातायात खर्चमा सकभर कम व्ययभार पर्ने गरी लागू गराउन आवश्यक देखिन्छ । अभिभावकहरुको आय बृद्धि हुने कार्यक्रम संचालन गर्नुपर्ने जस्तै सरकारी, गैर सरकारी निकायको सहयोगबाट अभिभावकहरुको आय स्तर बृद्धि हुने खालका कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई शिक्षा क्षेत्रमा लगानी गर्नका लागि सरोकारवाला पक्षहरुले अभिप्रेरित गर्नुपर्दछ । विद्यालय सुधार योजनाले हाल शिक्षा क्षेत्रमा गरेको लगानीको फलस्वरुप विद्यालयहरुमा थप शिक्षक कोटा प्राप्त भई आय स्रोत बृद्धिमा टेवा पुऱ्याएको छ । विद्यालयको कषा कोठा निर्माण, शैक्षिक सामग्री लगायत विभिन्न पक्षको व्यवस्थापनमा सहयोग पुगेको कारण विद्यालयको आय स्तरमा टेवा पुगेको देखिन्छ । तसर्थ यी निकायहरुसँग समन्वयन र सहकार्य गरी कार्यक्रमको नीति बनाउनुपर्छ । सामुदायिक विद्यालयमा नै लगानी गर्नुको उद्देश्य सामाजिक प्रतिष्ठाको लागि मात्र नभएर एक सक्षम जनशक्ति उत्पादन गर्ने हुनुपर्दछ । विद्यालयमा समन्वयात्मक कार्यक्रम संचालन गर्नुपर्ने र पाठ्यसामग्री सर्वसुलभ, महँगो नहुने खालको लागू गर्नुपर्दछ । यसको लागि राज्य वा सरकारले विद्यालयहरुमा आर्थिक लगानीको प्रभावकारिता बढाउन अपराधिक गतिविधि नियन्त्रण गर्नुपर्ने, विद्यालय क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गरी देशमा शान्ति सुरक्षाको राम्रो प्रबन्ध मिलाउनुपर्दछ । आर्थिक व्यवस्थापन प्रभावकारी बनाउन विद्यालयका सरोकारवाला पक्षहरु र प्रधानाध्यापकले विद्यालयको सम्पत्ति जगेर्ना गर्नुपर्दछ । आन्तरिक आयस्रोतको रुपमा उपलब्ध गराउने चन्दा सहयोग दाताको नामावली सार्वजनिक रुपमा सूचना पाटीमा उल्लेख गरी राख्नुपर्दछ । विद्यालयको हर हिसाबमा र खर्च व्यवस्थापनमा विकेन्द्रिकरण नीति लागू गर्नुपर्दछ ।

### ५.२.२ अभ्यास तह

विद्यालयहरुमा आर्थिक आयस्रोत बृद्धि गर्दा निम्न पक्षहरुले निम्न अनुसारको अभ्यास गर्दै जानुपर्दछ । शिक्षकको तलब भत्तालाई ध्यानमा राखेर मौजुदा शुल्कलाई घटाउने अभ्यास हुनुपर्दछ । प्रयोगात्मक शिक्षामा बढी लगानी गर्नुपर्दछ । अहिलेको प्रतिस्पर्धात्मक समयमा गर र सिक भन्ने नारा बमोजिम विद्यार्थीहरुलाई प्रयोगात्मक क्रियाकलापमा बढी ध्यान दिनुपर्दछ । जसबाट शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्छ, विद्यालय संचालनमा शिक्षक, अभिभावकबीच समन्वयात्मक ढंगबाट काम संचालन गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समितिलाई निश्चित अधिकार दिई उनीहरुबाट नीति निर्देशन र अनुगमन गराउनुपर्दछ । विद्यालयको व्ययको शीर्षकमा शैक्षिक खर्च बढानुपर्ने हुन्छ । जसबाट आवश्यक मात्रामा शैक्षिक सामग्रीहरु, पुस्तकहरु तथा खेलकूदका सामाग्रीहरु खरिद गर्न सकियोस् । विद्यालय आर्थिक स्रोत बढाउन स्थानीय स्तरमा विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ र प्र.अ.ले सक्रियता भूमिका निर्वाह गरी विद्यालयको आन्तरिक आयस्रोत बढाउन भूमिका निर्वाह गर्नुपर्दछ । त्रिपक्षीय अन्तक्रिया गरी एकले अर्कोलाई सहयोग पुऱ्याउने खालका कुराहरु अघि बढाई काम गर्नाले समस्याहरुलाई न्यूनीकरण गर्न सकिन्छ, शिक्षण क्रियाकलापमा सम्भव योग्य शैक्षिक सामग्री बढीभन्दा प्रयोग गर्नुपर्ने देखिन्छ, घोकन्ते शिक्षा प्रणालीभन्दा प्रयोगात्मक र व्यवहार उपयोगी शिक्षामा ध्यान दिनुपर्ने देखिन्छ, ज्ञान विज्ञानका कुराहरु विभिन्न पुस्तक पत्रपत्रिकाको माध्यमबाट सम्भव हुने भएकोले हरेक विद्यालयले पुस्तकालयको व्यवस्था गर्नुपर्ने देखिन्छ । सम्बन्धित पक्षहरु एक आपसमा समझदारीको आधारमा अन्तरक्रिया गरी समस्याको छलफल तथा निराकरणका उपायहरु निकाल्नुपर्दछ । सरोकारवालाहरुको नियमित भेला, अन्तरक्रिया छलफल कार्यक्रम संचालन गर्नुपर्दछ । विद्यालयको आन्तरिक स्रोत बृद्धि गर्न वि.व्य.स., प्र.अ. एवं अभिभावक पक्षले विशेष ध्यान दिनुपर्दछ । विद्यालय व्यवस्थापन समितिले स्रोतको व्यवस्थापन गर्नुपर्दछ भने प्रधानाध्यापक तथा विद्यालय प्रशासनले त्यसको उचित खर्च र परिचालन गर्नुपर्दछ । साथै स्रोत केन्द्रले त्यसमा अनुगमन गर्नुपर्दछ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालयहरुको आर्थिक व्यवस्थापन पक्षमा सुधार ल्याउन र व्यवस्थापनको प्रभावकारिता बृद्धि गर्न निम्न पक्षले निम्नानुसारको विषयमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । सिरहा जिल्लाको सामुदायिक विद्यालयहरुको आन्तरिक पहिचान तथा यसको समुचित व्यवस्थापन गर्न अपनाइने उपायहरु सम्बन्धी अनुसन्धान गर्न आवश्यक देखिन्छ । राज्यको शैक्षिक जनशक्ति उत्पादन गर्न सेवामुखी भावनालाई आत्मसात गर्नु पर्दछ । आर्थिक व्यवस्थापनले मानवीय स्रोत व्यवस्थापन र भौतिक व्यवस्थापन पक्षमा परिवर्तन ल्याउन स्वतः सहयोग पुर्‍याउँछ । यस अनुसन्धानले विद्यालयको आर्थिक व्यवस्थापनमा गैर सरकारी संस्थाको भूमिका, विद्यालयको आर्थिक व्यवस्थापन र विद्यालयको चौतर्फी विकास, विद्यालयको आर्थिक व्यवस्थापन र सामाजिक लेखा परीक्षणलाई थप अनुसन्धानका लागि सुझावहरु प्रस्तुत गरिएको छ ।

# सन्दर्भसूचीहरु


अग्रवाल, त्रिलोक (२०३५) *शिक्षाको आर्थिक व्यवस्थापनमा जनसहभागिता एक अध्ययन* (स्नातकोतर तहको अप्रकाशित शोधपत्र) त्रि.वि, काठमाडौं :

कुँवर, *तिलक (२०६२) अछाम जिल्लाको प्राथमिक विद्यालयहरुमा विर्तिय स्थितिले शिक्षण सिकाई उपलब्धिमा पारेको प्रभाव: एक अध्ययन* ( स्नातकोतर तहको अप्रकाशित शोध पत्र) काठमाडौं :

काफ्ले, वासुदेव, गौंडेल, यादव शर्मा तथा अधिकारी, किसनप्रसाद (२०६४), *शिक्षाको वित्त शास्त्र* काठमाण्डौं : सनलाइट पब्लिकेसन ।

खनाल, *पेशल (२०६५) शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौं :* स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, *मुकुन्दमणि र आचार्य, सुशन (२०६३), शिक्षाको वित्तीय अर्थशास्त्र, काठमाडौं :* मकालु ।

गौतम, प्रकाशकुमार (२०६८), ***व्यवस्थापनका सिद्धान्त***, काठमाण्डौं : भुँडी पुराण प्रकाशन ।

जोशी, श्याम (२०६०), ***अर्थशास्त्रको सिद्धान्त काठमाडौं*** : रत्न पुस्तक भण्डार ।

जि.शि.का. (२०७०) शैक्षिक स्मारिका सिरहा : लेखक ।

भण्डारी, मुकुन्द प्रसाद (२०६१), ***नेपालमा प्राथमिक शिक्षा,*** *काठमाडौं* : ज्ञानकुञ्ज प्रकाशन ।

वरुवाल, पुष्पबहादुर (२०५६): *काठमाडौं जिल्लाका माध्यमिक विद्यालयका शिक्षण सिकाइमा वित्तीय स्थितिले पारेको प्रभाव* : एक अध्ययन : काठमाडौं : महेन्द्ररत्न क्याम्पस ।

वेल्वासे, मिनप्रसाद (२०५९) *विद्यालयको शिक्षामा वैदेशिक सहयोगको योगदान एक अध्ययन, काठमाडौं:* शिक्षा विभाग ।

शिवाकोटी, गोपाल (२०६४) *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन* काठमाण्डौं : पैरवी प्रकाशन ।

शिक्षा बिभाग (२०६७) *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय प्रारूप,* भक्तपुर : लेखक ।

शिक्षा मन्त्रालय (२०६५ ) *शिक्षा ऐन २०२८ शिक्षा नियमाव*

शिक्षा विभाग (२०६१) शिक्षा ऐन (२०६८) शिक्षा ऐन २०६८ तथा शिक्षा नियमावली २०५९ भक्तपुर : लेखक

शिक्षा मन्त्रालय (२०५९), *समुदायद्धारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका* काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६१), *विद्यालय अनुदान कार्यान्वयन निर्देशिका* काठमाण्डौं : लेखक ।

शिक्षा विभाग (२०५९) शिक्षा ऐन (२०२८), तथा शिक्षा नियमावली २०५९ काठमाडौं लेखक ।

Agrawal, G. R. & Pradhan, B. (1979). *Mobilization of resources of financing of Higher Education in Nepal*. Kathmandu: CEDA.

## प्राथमिक विद्यालयमा आर्थिक स्रोतको परिचालनमा प्राधानाध्यापकको भूमिका

## अनुसूची : १

प्रधानाध्यापकका लागि खुल्ला प्रश्नावली

१. परिचयात्मक खण्ड :

नाम : सेवा

विद्यालयको नाम शै.योग्यता :

कार्य अवधि :

२. तपाईका विद्यालयमा आयस्रोतहरु के हुन् ?

३. विद्यालयको जग्गा के कसरी उपयोग गरिरहनु भएको छ ?

४. पोखरी ठेक्काको रकम विद्यालयमा नगद बुझ्नु भएको छ कि बैंकमा जम्मा गर्ने गराउने गर्नु भएको छ ?

५. तपाईलाई आर्थिक व्यवस्थापनमा के कस्ता झमेलाहरु झेल्नु परेको छ ?

६ विद्यालय व्यवस्थापन समितिले विद्यालयको आन्तरिक आयस्रोत बढाउन तपाईलाई कसरी सहयोग गरेको छ ?

७. के तपाईलाई शिक्षक परिवारले आयस्रोत सङकलन तथा व्यवस्थापन सहयोग गरेको छ ? छ भने कसरी ?

८ तपाईले आफ्नो विद्यालयको आन्तरिक आयस्रोतको व्यवस्थापन कसरी गर्नुहुन्छ ?

९. दोहोरो लेखाप्रणालीको अभावमा तपाई हर हिसाब कसरी पारदर्शी पार्नुहुन्छ ?

१०. तपाई माथिको आर्थिक हिनामिनाको अभियोगलाई कसरी हटाउने प्रयत्न गर्नुहुन्छ ?

## प्राथमिक विद्यालयमा आर्थिक स्रोतको परिचालनमा प्राधानाध्यापकको भूमिका

## अनुसूची-२

आर्थिक प्रशासन हेर्ने कर्मचारी वा शिक्षकका लागि खुल्ला प्रश्नावली

१. परिचयात्मक खण्ड :

नाम : पद : सेवा

विद्यालयको नाम शै.योग्यता : कार्य अवधि :

२. विद्यालयको आन्तरिक आय सङकलन के कसरी भइरहेको छ ?

३. तपाईको विद्यालयको आन्तरिक आयस्रोतहरु के के हुन् ?

४. विद्यार्थीहरुबाट पनि कुनै किसिमको रकम लिने गर्नु भएको छ त ?

५. विद्यालयको आर्थिक व्यवस्थापन के कसरी गर्नु भएको छ ?

६. ठेकेदारले तपाईलाई रकम किन तिर्न मानेका छैन ?

७. कस्ता कस्ता कारोबारहरु नगद रुपमा गर्नु भएको छ ?

८. भौतिक व्यवस्थापनमा विद्यालयको आन्तरिक आयले कस्तो सहयोग गरेको छ ?

९. अभिभावकलाई आर्थिक व्यवस्थापनमा विश्वस्त तुल्याउन के प्रयास गर्नु हुन्छ ?

१०. प्र.अ. र तपाईबीच आर्थिक विषयमा मतमतान्तर हुन्छ कि हुँदैन ?

११. तपाई र प्र.अ. को बीच उत्पन्न समस्याको समाधान के कसरी गर्नुहुन्छ ?

१२. यस विद्यालयको आीर्थक विकासमा तपाईको भूमिका के हुन सक्छ ?

अनुसूची : ३

## विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

१. परिचयात्मक खण्ड :

नाम : शैक्षिक योग्यता : पद :

विद्यालयको नाम सेवा अवधि :

२. तपाई वि.व्य.समिति अध्यक्षको रुपमा निर्वाचित हुनु भएको हो कि सर्वसम्मतिबाट हुनुभएको छ ?

३. तपाईको विद्यालयको अवस्था साह्रै नाजुक देखिन्छ, यसको लागि के सोच्नुभएको छ ?

४. विद्यालयको आन्तरिक आयस्रोत बढाउन तपाईसँग के योजना छ ?

५. तपाईलाई विद्यालयको आन्तरिक आय व्यवस्थापनमा प्र.अ.सँग के कस्तो सहकार्य गर्नुभएको छ ?

६. विद्यालयको आन्तरिक आयस्रोत व्यवस्थापनमा आउन सक्ने चुनौतीहरु के के हुन् ?

७. विद्यालयको आन्तरिक आयस्रोत व्यवस्थापनका समस्याहरुको समाधान के कसरी खोज्नुभएको छ ?

८. विद्यालयको लेखापरीक्षण के कसरी गर्ने गराउने गर्नुभएको छ ?

९. तपाईको विद्यालयको आर्थिक कारोबारको सामाजिक लेखापरीक्षण गराउने गर्नु भएको छ ?

## प्राथमिक विद्यालयमा आर्थिक स्रोतको परिचालनमा प्राधानाध्यापकको भूमिका

अनुसूची : ४

### अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

१. परिचयात्मक खण्ड :

नाम : शैक्षिक योग्यता : पद :

विद्यालयको नाम सेवा कार्य अवधि :

२. तपाईले आफ्नो बच्चाको नामदर्ता गराउँदा शुल्क तिर्नुपरेको छ ?

३. तपाईले विद्यालयको आर्थिक गतिविधिमा कतिको चासो राख्नुभएको छ ?

४. यस विद्यालयको आन्तरिक आयस्रोतहरु के के देख्नुभएको छ ?

५. प्र.अ.ले तपाईलाई विद्यालयको क्रियाकलापमा बोलाउने गर्नुभएको छ कि छैन ?

६. विद्यालयको प्र.अ.ले आर्थिक पारदर्शिता कतिको राखेको देख्नुभएको छ ?

७. विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.को के-कस्तो भूमिका देख्नुभएको छ ?

८. विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.ले भ्फेल्नु परेका चुनौतीहरु के कस्ता छन् ?

९. तपाईले आर्थिक व्यवस्थापनको चुनौतीहरुको समाधानमा के सहयोग गर्नुभएको छ ?

१०. विद्यालयका आन्तरिक आय सङकलनका चुनौतिहरु तपाईको के भूमिका छ ?

११. विद्यालयले अनुचित रुपमा शुल्क लिएको जस्तो लाग्छ ?

अनुसूची : ५

## विद्यार्थीसँग छलफलका लागि प्रश्नावली

१. विद्यालयको नाम मिति :

ठेगाना : कक्षा :

२. के विद्यालयले कुनै किसिमको शुल्क लिने गरेको छ ?

३. विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गरेको छ ?

४. विद्यालयको योजना निर्माणमा तिम्रो सहभागीता हुन्छ कि हुँदैन ?

५. प्रधानाध्यापकले विद्यालयको सही आर्थिक व्यवस्थापन गरेको छ कि छैन ?

६. विद्यालयको जग्गा, पोखरी वा अन्य सम्पत्तिहरु के के छन् ?

७. विद्यालयको आर्थिक अवस्थाहरुको बारेमा के थाहा छ ?

८. विद्यालयको आर्थिक व्यवस्थापनमा आउने समस्याको समाधान कसरी हुन सक्छ ?

९. विद्यालयको आर्थिक व्यवस्थापनमा आउने समस्याको समाधान कसरी हुन सक्छ ?

१०. छात्रवृत्ति कुन महिनामा उपलब्ध हुने गरेको छ ?

अनुसूची-६

## विद्यालयको आर्थिक व्यवस्थापन सम्बन्धी अवलोकन फाराम

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | विवरण | प्राप्त आय |
|---|---|---|
| १. | जग्गा | |
| २. | विद्यार्थी शुल्क | |
| ३. | चन्दा वा दान | |
| ४. | प्राकृतिक वा साँस्कृतिक सम्पदा | |
| ५. | फूलबारी वा बगैंचाको आम्दानी | |
| ६. | दातृ निकाय वा गै.स.स.को सहयोग | |
| ७. | सरकारी अनुदान सहयोग | |

अनुसूची-७

अन्तरवार्ता प्रश्नावलीमा सहभागी सामुदायिक विद्यालयका प्र.अ.हरु

| क.सं. | विद्यालयको नाम | प्र.अ.को नाम |
|---|---|---|
| १ | श्री ज.प्रा.वि. चियाबारी-८ | श्री फकिर यादव |
| २. | श्रीकविर प्रा.वि. असनपुर-३ | श्री देवेन्द्र सिंह |
| ३. | श्री श्रमिक प्रा.वि. असनपुर-५ | श्री तुलसीराम लामा |
| ४. | श्री दलित प्रा.वि. महेशवारी | श्री रामदायाल |